# अध्याय एक

# परिचय

## १.१ भूमिका

मानव विकासको क्रमसँगै समाजको विकास भएको हो । कुनै पनि समाजको निर्माण र विकासमा समाजमा रहेका मानिसहरूको दृष्टिकोण र त्यसका आधारमा बन्ने नीति नियम र कार्यहरूको महत्वपूर्ण भूमिका हुन्छ । समाजको इकाई परिवार हो भने महिला र पुरुषको संयुक्तताबाट मात्र परिवारको सुरुवात हुन्छ । अर्थात् महिला र पुरुषको बराबर जिम्मेवारी वहन, कर्तव्य पालन, आपसी सहयोग र सम्मानबाट मात्र सही रूपमा परिवारको निर्माण एवं संचालन हुन्छ । अझ सरल शब्दमा भन्नु पर्दा महिला र पुरुष मानव समाजमा बराबर हुन् । प्राकृतिक रूपमा एक अर्काको पूरक हुने गरि शारीरिक एवं केही विशेष ढंगबाट मानसिक रूपमा फरक संरचना भएता पनि समाजले बुझ्नु पर्ने कुरा के हुन्छ भने मानव समाज महिला र पुरुष दुवैको संयुक्तताबाट सम्भव हुन्छ, एक अर्का बिना दुवै कमजोर हुन्छन् , समाज कमजोर हुन्छ त्यसै गरी एक अर्का प्रतिको आपसी सहयोग र सम्मानबाट नै दुवै शक्तिशाली हुन्छन् र समाज सुन्दर एवं सुदृढ रहन्छ ।

सबै क्षेत्र तथा धर्म सम्प्रदायका प्राचीन ग्रंथहरूको अध्ययन गर्ने हो भने महिलाहरूलाई उचित सम्मान दिनु पर्छ तब मात्र समाज स्वस्थ र सबल हुन्छ भन्ने तथ्य बाहिर निस्कन्छ । हिन्दु समाजमा देवीहरूको पूजा आजा गर्नु र पौराणिक कथाहरूमा देवीहरूको महत्व देवताहरूको भन्दा बढी देखाउनुले पनि यो कुरा पुष्टि हुन्छ । तर त्यस्तो भइकन पनि मानव समाजको इतिहास खोतल्दै वर्तमान अवस्थासम्मको मानव समाजलाई हेर्ने हो भने भूत देखि वर्तमानसम्मका समाजले महिलाहरूलाई पुरुष सरह स्वतन्त्रता, स्वच्छन्दता, सम्मान र जिम्मेवारी दिइएको पाइदैन । अलिक विकसित समाजमा कताकति महिलाहरूलाई उचित सम्मान दिइएको पाइएता पनि ती सीमित सम्प्रदाय र समाजका उच्च पहुँचवालाहरूमा मात्र रहेको पाइन्छ । यतिमात्र नभएर विश्वका अधिकांश महिलाहरू महिला भएकै कारण दोस्रो दर्जाको, अपहेलित, शिक्षा बाट वन्चित र अन्याय सहन अभिशप्त वर्गको रुपमा भेटिन्छन् । अझ त्यसभन्दा डरलाग्दो त अविकसित र अति कम विकसित मुलुकहरूमा

मानव भन्न नै नसुहाउने भ्रूण हत्या, दाइजोको कारण हत्या, बलत्कार, बेचविखन जस्ता कुकृत्यहरूको शिकार महिला भएकै कारणबाट भोग्नु परेको भेटिने गर्दछन्। एक्काइसौं सताब्दीमा आइपुग्दासम्म पनि मानव समाज जसमा महिला र पुरुष दुई थरी मात्र मानिस छन् त्यसमा महिलाहरूलाई पुरुषहरूले र स्वयं महिलाहरूले पुरुषहरूसंग तुलना गरेर आफूलाई हेर्ने दृष्टिकोणमा विशेष फरक आएको देखिदैन। विशेष गरी अविकसति र अति कम विकसित देशहरूमा महिलाहरूलाई पुरुषहरू भन्दा कमजोर मान्ने दृष्टिकोण संगै महिलाहरूको अधिकार पुरुषहरूको भन्दा सधैंनै कम रहने व्यवस्था पहिले देखि अहिलेसम्म कायमै रहेको देखिन्छ।

विभिन्न समयमा महिलाहरू पुरुष सरह प्रकृतिका सन्तान हुन् र यिनमा पनि पुरुष बराबर शक्ति, सामर्थ्य र सुझबुझ हुन्छ र समाज निर्माण, व्यवस्थापन एवं संचालनमा महिलाहरूको योगदान र संलग्नता अपरिहार्य हुन्छ र महिलाहरूको समाजमा पुरुष सरह समान अधिकार र सम्मान हुनु पर्छ भन्ने मान्यतामा आवाज उठ्ने, छलफल हुने, आन्दोलन हुने र विस्तारै सुधार हुँदै समाजमा महिलामाथि हेरिने दृष्टिकोणमा सकारात्मक फरक हुँदै आएको पाइन्छ। महिलावादी आन्दोलन सिद्धान्तको विकासक्रमलाई हेर्दा सर्वप्रथम सन् १८३० मा अमेरिकी महिलाहरू दासताको विरुद्धमा संगठित आवाज उठाएको पाइन्छ त्यो सँग सँगै युरोपमा पनि केही नारिवादी आन्दोलन भएको पाइन्छ। जसले गर्दा अन्तर्राष्ट्रिय स्तरमा महिलाहरूले सामाजिक रूपमा समान स्तरका साथै मताधिकार समेत पाएको देखिन्छ। नेपालमा भने महिला र पुरुष बीचको विभेद कम देखिन निकै लामो समय पर्खनु पर्‍यो। नेपाली समाजमा महिलाहरूको स्तर वृद्धिका लागि राणाशासनको अन्त्यपछि अर्थात् २००७ साल पछि सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक विकासका कार्यहरूमा समावेश गराउन थालियो। तर पनि नेपालको पितृसत्तात्मक समाजले आफ्नो वौद्धिक र विकसित विश्व परिवेशमा देखा परेको नवीनतामा परिवर्तनको लहर संगै महिला विकास र विकास सशक्तीकरणको लहरलाई कहिल्यै पनि सम्बोधन गर्न सकेन। समाजमा लिङ्ग वर्ग तथा सामाजिक, सांस्कृतिक रूपमा परम्परा देखि रहँदै आएका महिला र पुरुषहरूका वीचको विभेदले समतामा आधारित समाजको निर्माण हुन सकेको छैन तथा विकासमा महिलाहरू निकै पछि परेका छन्। त्यसैगरी महिलाहरूको प्रत्येक क्षेत्रमा सहभागिताको आवश्यकता छ। देशको विकासले तबसम्म गति लिन सक्दैन जबसम्म महिलाहरूलाई विकासको मूल प्रवाहमा समाहित गराउन सकिदैन। तसर्थ नेपालमा महिला र पुरुषबीचको विभेदलाई हटाई

सामाजिक, आर्थिक, राजनीतिक तथा प्रशासनिक क्षेत्रमा महिला सहभागिताको दर उल्लेख्य रूपमा वृद्धि गराउन साथै महिलाको सशक्तीकरणका लागि विभिन्न समयमा प्रयासहरू पनि भइरहेको पाइन्छ । नेपालमा विशेषगरी २०४६ साल पछि महिलाहरू बल्ल सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा खुल्ला रूपमा प्रवेश गर्ने अवसर पाए ।

सामाजिक न्यायबाट बन्चित एवं पुरातन दासता र मान्यताले दबिएका महिलाहरूलाई उनीहरूको अधिकार र हक प्रयोग गर्न सक्ने बनाउन समग्र प्रक्रियालाई महिला सशक्तीकरणका रूपमा लिइन्छ । यस अर्थमा महिला सशक्तीकरण यस्तो प्रक्रिया हो जसमा समुदायमा शक्ति, क्षमता, आत्मविश्वास तथा पहुँच नहुनेहरूका लागि शिक्षा चेतना, समुदायका महिलाहरू विभिन्न कारणले सशक्त हुन सकेका छैनन् । जसका कारण उनीहरूलाई आफ्नै अधिकारको बारेमा जानकारी छैन, क्षमता छ तर प्रयोग गर्न सकेका छैनन् । प्रतिभा, ज्ञान र अनुभवलाई प्रयोग गर्न सकेका छैनन् । यसै अशक्ततालाई ज्ञान, शीप, हिम्मत, शिक्षा, अधिकार तथा अवसर  प्रदान गर्ने प्रकृयालाई महिला सशक्तीकरण भनिन्छ । नेपालमा समुदायका महिलाहरूले कतिपय सवालमा अधिकार र अवसर प्राप्त गर्न सकेका छैनन् भने कतिपय संदर्भमा अधिकार र अवसरलाई प्रयोग गर्न सकेका छैनन् । त्यसैले महिला सशक्तीकरणको आवश्यकता देखिएको छ ।

माथि उल्लेखित सन्दर्भहरूमा दृष्टि दिँदै विशेषतः स्याङ्जा जिल्लाको मालुङ्गा गा.वि.स. अन्तर्गत वाड नं. ३ मा नारीरत्न आमा समूहद्वारा महिलाहरूको सशक्तीकरणको विविध पक्षहरूलाई उजागर गर्ने प्रयास यस अनुसन्धानबाट गरिएको छ ।

यो समूह स्थानीय महिलाहरूले गाउँका केही अगुवा राजनैतिक र सामाजिक कार्यकर्ताहरूको सहयोगमा २०५८ सालमा स्थापना गरेका हुन् । सुरुमा २० जना महिलाहरू रही मासिक रु.५० जम्मा गरी आफूहरूको आम्दानी बढाउने कार्यमा लगानी गर्ने उद्देश्यका साथ सुरुभएको यो समूहले स्थानीय स्तरमा महिलाहरूलाई संगठित गराई महिलाहरूको चेतनास्तर उकास्ने उद्देश्य लिई वि.सं. २०६० भदौ ५ गते संस्था दर्ता ऐन ३०३४ अनुसार जिल्ला प्रशासन कार्यालय, स्याङ्जामा विधिवत संस्था दर्ता गराई आफ्नो भूमिकालाई अझ प्रभावकारी बनाउन थाल्यो । संस्थाकी अध्यक्षको भनाइ अनुसार यस संस्थाले समाजमा विद्यमान विभिन्न सामाजिक विसङ्गतिहरू जस्तै रक्सी सेवन, जुवातास जस्ता विकृतिहरू अन्त्य गर्नमा उल्लेखनीय भुमिका खेलेको छ । (संस्थाकी अध्यक्ष )

स्थानीय स्तरमा स्थापित यस नारी रत्न आमा समूहले आफ्नो क्षेत्रका महिलाहरूका सामाजिक तथा आर्थिक सशक्तीकरणमा महत्वपूर्ण भूमिका खेलेका छन्। स्थानीय स्तरमा केही अगुवा महिलाहरूको सक्रियतामा पिछडिएका महिलाहरूलाई सशक्तीकरणमा समावेश गराउन समेत सहयोग पुगेको छ। त्यसै गरी सीपमूलक तालिमहरू प्रदान गर्ने, स्वास्थ्य एवं शिक्षाको चेतना जगाउने, महिलाहरूलाई एकआपसमा संगठित बनाउने कार्यमा यो आमा समूह सफल भएको छ। यति हुँदाहुँदै पनि समाजमा देखिएका हरेक प्रकृतिका विभेदहरू एवं उत्थान र विकासलाई समाजशास्त्रले गहिरोसंग हेर्ने गर्दछ। समाज शासीत्रय ज्ञान सैन्द्धान्तिक रूपमा मात्र नभएर व्यवहारिक रूपमा समेत रहेको हुन्छ। समाज र संस्कृति यसरी नै मानव निर्मित रूपमा सृजित हुने भएकाले समाजमा पिछडिएका महिलाहरूको स्तर र उत्थानको प्रयासलाई समाज शास्त्रीयरूपमा अध्ययन र विश्लेषण गरिनु युक्तिसंगत हुन आउँछ।

## १.२ समस्याको कथन

नेपाली समाजमा धेरै जसो महिलाहरू घरायसी क्रियाकलापमा नै संलग्न भएको पाइन्छ। घर बाहिरका काममा महिलाहरूको उपस्थिति नगन्य देखिन्छ। त्यस्ता काममा संलग्न छन् भने तल्लो स्तरको काममा नै सीमित छन्। हाम्रो समाजमा धेरै बाधाहरू छन् जस्ले महिलाहरूलाई विकासको क्रियाकलापमा सहभागी हुन दिएका छैनन्। जसले गर्दा महिलाहरू पछि परेका छन्। महिला पुरुष बीच परम्परागत मूल्य, मान्यता र दृष्टिकोणलाई आधारमानी राज्यभित्र सामाजिक, आर्थिक तथा राजनैतिक दृष्टिकोणबाट समेत विभिन्न माध्यमबाट महिलाहरूलाई पुरुषहरूको तुलनामा भेदभावपूर्ण ढंगबाट हेरिने गरेका मानिसभित्रकै कमजोरीहरूलाई विगतका दिनमा हामीले समाजमा आउँदा पनि यस्तो प्रक्रिया वा व्यवहारमा खासै उल्लेखनीय प्रगति भएको पाइदैन। वास्तवमा समाजको चौतर्फी विकासका लगि महिला तथा पुरुष दुवैलाई एउटै सिक्काको दुईवटा पाटा भन्नमा उपयुक्त हुँदैन। देशको आधा जनशक्तिको रूपमा रहेका महिलाहरू देश विकासमा सदासर्वदा संलग्न रहेतापनि अशिक्षा , अस्वास्थ्यता , गरीबी तथा परम्परागत सामाजिक रुढीवादी व्यवहारले गर्दा सम्पत्ति , आय , रोजगार जस्ता आर्थिक स्रोत एवमं आय आर्जनका आय स्रोत एवमं अवसरहरूको पहुँचबाट टाढा छन्। वि.सं. २०४६-४७ सालको परिवर्तनपछि महिलाहरूमा एक खालको जागरण पैदा भयो जसले गर्दा महिलाहरू घरबाट बाहिर निस्केर विभिन्न विकास निर्माणका र समाज सुधारका कार्यमा लागे देशका विभिन्न ठाउँहरूमा सङ्घ संस्था सगसगै

आमा समूहहरू पनि बने । त्यही सन्दर्भमा नारीरत्न आमा समुह मालुङ्गा ३ शिव चोकमा स्थापना भयो । यो संस्थाको स्थापना पछि त्यस संस्थामा संलग्न महिलाहरूले समाज सुधारका महत्वपुर्ण काम गर्ने अठोट गरे ।

यस गाउँको समाज विभिन्न जनजातिबाट बनेको छ। यस ठाउँमा बसोबास गर्ने जातिहरूमा ब्राहमण , क्षेत्री , मगर र लामा लगायतका जातहरू बसोवास गर्छन । यहाँका धेरै जसो मनिसहरू हिन्दु धर्म मान्ने गरेको पाइन्छ । हिन्दु धर्मवालम्बीहरू बसोबास गर्ने भएकोले यो समाज पुरुष प्रधान समाज रहेको छ । पुरुषहरू विशेषगरी घर बाहिरको काममा संलग्न रहेका छन् भने केही पुरुष खेतबारीमा काम गरेर घरमा नै बसेका छन् । महिलाहरू घर बाहिरको काममा आय आर्जनका लागि जाने अवस्था छैन । उनीहरू घरभित्रको काममा नै सीमित रहने भएकोले उनीहरू बाहिर सामाजिक कार्यमा संलग्न हुने समय नै पाएका थिएनन् । यस्तो अवस्थामा केही अग्रणी महिलाहरूको सक्रियता एवं पुरुषहरूको सहयोगमा यस ठाउँका महिलाहरूले आमा समूहको स्थापना गरे ।

यो समुदायमा केही पुरुषहरू समाजको मूल्य र मान्यता भन्दा बाहिर गएर गतिविधि गर्ने कारणले गर्दा घर परिवार र समाजमै अशान्ति भएको थियो । यस्ता सामाजिक विकृतिको नियन्त्रण गर्न र विकास निर्माणमा सहभागी भई कार्य गर्न उनीहरू संगठित भए । समाज परिवर्तनशील छ जसको परिवर्तन समयको क्रमसँगै अवस्यभावी छ। तापनि महिलाहरूले महिला सशक्तीकरणको लागि खेलेको उल्लेखनीय भूमिका गौण देखिरहेको सन्दर्भमा यो अध्ययनले महिलाहरूको सशक्तीकरणमा आमा समूहले खेलेको भूमिका प्रष्ट पार्ने कोशिस गरेको छ ।

यो अध्ययनले निम्न कार्यगत प्रश्नहरूको उत्तर दिने लक्ष्य राखेको छ ।

क) सामाजिक र आर्थिक अबस्था कस्तो छ ?

ख) उनीहरूको सङ्गठनले महिला सशक्तीकरणमा के प्रभाव पारेको छ ? र यसले महिलालाई के फाइदा पुगेको छ ?

ग) कस्ता कस्ता कामहरू गरेका छन ?

घ) यस संस्थामा आवद्ध महिलाहरूको गतिविधिले समाजमा कस्तो परिवर्तन ल्याएको छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य र विशिष्ट गरी दुई खालका उद्देश्य छन् ।

**सामान्य उद्देश्य**

महिला सशक्तीकरणमा आमा समूहको भुमिका पत्ता लगाउने ।

**विशिष्ट उद्देश्यः**

क) समाजमा महिलाको सामाजिक र आर्थिक स्थिति पत्ता लगाउने ।

ख) आमा समूहले महिलाहरूको सशक्तीकरणका लागि गरेका कामकारवाहीको विश्लेषण गर्ने ।

ग) यस संस्थामा आबद्ध महिलाहरूका गतिविधिले समाजमा कस्तो परिवर्तन ल्याएको छ त्यसको पहिचान गर्ने ।

## १.४ अध्ययनको महत्व

महिला र पुरुष दुबै समाजका महत्वपूर्ण पाटाहरू हुन्। समाजको उत्थान र विकासको लागि महिलाको भूमिका नकार्न मिल्दैन। आमा समूहले महिला सशक्तीकरणमा पु¥याएको योगदान सैद्धान्तिक रुपले समाजशास्त्रीय रूपमा विश्लेषण गर्नको लागि यो अध्ययन गरिएको हो। यो अध्ययन समाजमा महिलाहरूको भूमिका खोज्न पनि केन्द्रित रहेको छ। यो अध्ययन समाजशास्त्रीय रूपमा महिला सशक्तीकरण र लैङ्गिक अवधारणा मा आधारित समाज परिवर्तन लाई अध्ययन गर्ने एक कडीको रूपमा रहने छ। यसका साथै यो अध्ययनले शैक्षिक र व्यवहारिक अवधारणा लाई प्रष्ट्याउने छ। यसका अतिरिक्त सरकारी वा गैरसरकारी संस्थाहरू, सामाजिक कार्यकर्ताहरूलाई र भविष्यमा यस्तै विषयमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरूलाई समेत यो अध्ययनले निकालेको निष्कर्षले मद्दत पु¥याउने आशा लिइएको छ।

## १.५ अध्ययनका सीमाहरू

कुनै पनि खोज अध्ययन गर्ने क्रममा सीमाको निर्धारण गर्नुपर्ने देखिन्छ जसको क्षेत्र व्यापक हुन सक्दछ। जसले विभिन्न क्षेत्रमा आफ्नो कार्य गरेका हुन्छन् तसर्थ सीमाको निर्धारण गर्न महत्वपूर्ण पक्षको अध्ययन गर्न जरुरी छ। यो अध्ययन पृथ्वीनारायण क्याम्पस पोखरा समाजशास्त्र मानवशास्त्र विभागको स्नातकोत्तर तहको दशौं पत्रको लागि तयार गर्न लागिएको हो। यस अध्ययनका पनि केहि सीमाहरू छन् जसले यसको प्रभाव क्षेत्रलाई

निर्क्योल गर्दछ । यस अध्ययनले स्याङ्जा जिल्लाको मालुङ्गा गा.वि.स. वाडनं. ३ मा स्थापित नारीरत्न आमा समूहमा आबद्ध भएका महिलाहरूमा सीमित रहेको छ । समूहमा महिलालाइ सशक्तीकरण गर्नका लागी गरीएको सामाजिक र आर्थिक क्षेत्रमा सिमित रहेको छ । समूहमा आबद्ध महिलाहरू वाट छलफल एंव अन्तवार्ता लिई तथ्याङ्क सङ्कलन गरिएको छ ।

## १.६ अध्यायको सङ्गठन

यो शोधपत्रमा सात अध्याय रहेका छन् ,अध्याय एकमा परिचय,अध्याय दुईमा साहित्य पुनरावलोकन, अध्याय तीनमा अनुसन्धानको पद्धति, अध्याय चारमा अध्ययन क्षेत्र र सामाजिक आर्थिक अवस्थाको विश्लेषण, अध्याय पाँचमा महिलाहरूको सशक्तीकरणमा आमा समूहका गतिविधीहरूको विश्लेषण अध्याय, छमा आमा समूहका कार्यहरूले समाजमा ल्याएको परिवर्तनको विश्लेषण र अध्याय सातमा सारांश, निष्कर्ष र सुझाव रहेको छ ।

# अध्याय दुई
# साहित्य पुनरावलोकन

## २.१ सशक्तीकरणसम्बन्धी अवधारणात्मक पुनरावलोकन

हाम्रो नेपाली समाज पितृसत्तात्मक सोचबाट अगाीड बढिरहेको छ। यस समाजको विकास प्रक्रियामा महिलाको भूमिका ज्यादै न्यून रहेको देखिन्छ। जब समाजमा कृषि युग सुरु भयो त्यही समयबाटै पुरुषहरू बढी भन्दा बढी जग्गा जमिन रोज्ने त्यही सम्पत्ति वा जमिन धान्नका लागि पुरुषहरूले बढी वा धेरै श्रीमती विवाह गर्ने त्यसै समय देखि बहुविवाह प्रथाको सुरुवात भएको पनि भन्ने गरिन्छ। बढी श्रीमती विवाह गर्ने धेरै वच्चा वच्ची जन्माउने र महिलालाई घरको काम मात्र लगाई आफू मालिक बनेर बस्ने र समान कामका लागि पनि महिला भएको कारण पुरुषलाई भन्दा कम ज्याला दिने, सम्पत्तिमा वा आम्दानीमा हक महिलाको नरहने एउटै घरमा मानिक वनेर वस्ने सामान्ती प्रथाको सुरुवात भयो। त्यसै समय देखि महिलाहरू पुरुषको शिकार वन्न पुगे महिलाहरूलाई पुरुषको खेलौनाको रूपमा हेर्न थालियो। प्रत्येक व्यक्तिमा स्त्रीत्व र पुरुषत्वको गुण हुन्छ। तर समाजले केटी भित्र लुकेको पुरुषत्व वा केटाभित्र लुकेको स्त्रीत्वलाई बाहिर आउन अर्थात मौलाउन दिँदैन। ( भासिन २००३)

महिला सशक्तीकरणका सम्बन्धमा म्याकविल्टर (१९९१) ले सशक्तीकरण सम्बन्धी फराकिलो व्याख्या गरेका छन्। जस अनुसार :

सशक्तीकरण यस्तो प्रकृया हो जसबाट व्यक्ति, संस्था र समूह जो शक्तिहिन छन् :

क) आफ्नो काम र जीवनमा शक्तिको गतशिलिताबारे जानकार हुन्छन्।

ख) आफ्नो जीवनलाई आवश्यक सुविधाजनक बनाउन सिप र क्षमताको विकास गर्न सक्छन्।

ग) अरुलाई हानी नपुऱ्याइकन आफ्नो सुविधाको उपभोग गर्न अभ्यस्त हुनेछन्।

घ) अन्य समूहलाई पनि सशक्त बन्न सहयोग गर्छन्।

यसै गरी सारा लाङ्गेले सशक्तीकरणका सम्बन्धमा भनेकी छन् "कुनै व्यक्ति तथा समुदायलाई शक्तिवान् वनाउनु सशक्तीकरण हो। त्यसैले लैङ्गिक अध्ययनका सम्बन्धमा अशक्त, पछि परेका महिला, सामाजिक, सांस्कृतिक रूपमा दबाइएका तथा शोषित

महिलाहरूलाई क्षमतावान बनाई अवसर र अधिकार प्राप्त गर्न सक्ने बनाउनु महिला सशक्तीकरण हो ।"

मोसर (१९९३) ले सशक्तीकरणलाई महिलाको सामर्थ्य बुद्धिसंग तुलना गरेर भन्छिन् "शसक्तीकरणले तुलनात्मक रुपमा कमजोरहरुको पहिचान गर्दछ, विशेष गरी महिलाहरुको आत्मसम्मान र स्वाभिमान बढाउन सक्ने क्षमताको बिचार गर्दछ । शसक्तीकरण भन्नाले आफ्नो जीवन र भौतिक एवं अभौतिक स्रोत साधनहरुमाथी नियन्त्रण पाउन प्रभाव पार्ने दिशामा निर्णयाधिकारको रुपमा चिनिन्छ ।"

यसैगरी बाल्टीवाला (१९९४) ले पनि सामर्थ्यलाई नै महिला सशक्तीकरणको व्याख्या गर्दा प्रयोग गरेकी छन् । उनले सशक्तीकरणलाई स्रोतको वितरण, मान्यतामा परिवर्तन, सोचमा परिवर्तन, आदी समाजमा देखिने महिला र पुरुष वीचको सन्तुलनको रूपमा व्याख्या गरेकी छन् । अग्रवाल (१९९२) को वमन पार्टिसिपेसन इन डिसिजन मेकिङ्ग भन्ने पुस्तकमा महिला सशक्तीकरणका लागि सरकारबाट चालिएका कदमहरूका बारेमा प्रकाश पारेका छन् । उनका अनुसार - यिनै उद्देश्यहरूको फलस्वरूप नेपाल सरकारले एउटा छुट्टै महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना गर्नुका साथै विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू समेत क्रियाशील रहेका छन् ।

आचार्य(१९९७)ले आफ्नो पुस्तक लैङ्गिक समानता र सशक्तीकरणमा नेपालको परिप्रेक्षमा सशक्तीकरणलाई यसरी व्याख्या गरेकी छिन् :

- महिलाहरुको आर्थीक अवसर, रोजगार, सम्मान, सम्वृद्धी, प्रविधि र गैर आर्थिक स्रोतहरु जस्तै शिक्षा, सिप र स्वास्थ्यमा वृद्धी गर्नु ।
- संस्थागत एकता र सामुहिक प्रयत्नद्वारा महिलाहरुको राजनैतिक शक्ति वृद्धी गर्नु । राजनैतिक इच्छा र क्षमताले महिलाहरुको कानुनी हैसियत बन्नाले उनिहरुलाई सशक्त बनाउने स्रोत प्रदान गर्दछ ।
- प्रचलित क्रुर धार्मिक, आर्थिक, सांस्कृतिक, पारिवारिक र कानुनी व्यवहारको प्रवभा र कारणहरुबारे महिलाहरुको सचेतना अभिवृद्धी गर्नु ।
- महिलाहरुको आत्मविश्वासलाई सशक्त बनाउनु । (महिलाहरुको आत्मसम्मान र बाहिरी संसारसंग मिलेर काम गर्न सक्ने क्षमताको वृद्धिले यसको संकेत गर्दछ । )

सशक्तीकरण शब्द सन् १९८० को दशक यता धेरै प्रचलित हुदै आएको , विशेष गरी महिला उत्थानका लागि सङ्घर्षरत महिलाहरूले यसलाई अघि बढाएको बताएका छन् । विभिन्न सामाजिक शोषण र कुसंस्कारले ग्रसित महिलाहरूलाई मुक्ति दिलाउने उद्देश्यले सशक्तीकरण शब्दको प्रयोग भएको पाइन्छ । (चौलागाइ ,पोखरेल र सापकोटा २०६०)

विभिन्न समयमा भएका अन्तर्राष्ट्रिय भेला, शिखर सम्मेलन र घोषणपत्रहरू महिला सशक्तीकरण तर्फ सचेत छन् र केही कार्यक्रमहरूले महिलाको हैसियतको घोषणा पनि गरेको पाइन्छ । जस मध्ये केही महत्वपूर्ण प्रयासहरू निम्नानुसार रहेका छन् :

क) विशेष शब्दमा समानताको सिद्धान्तको पहिलो अन्तर्राष्ट्रिय सन्धि संयुक्त राष्ट्रसंद्धको बडापत्र थियो । यसले आधारभूत मानव अधिकार, मानवीय मूल्य र मर्यादा, महिला र पुरुषलाईसमान अधिकार, धर्म, वर्ण, लिङ्ग र भाषाको बिना भेदभाव मौलिक स्वतन्त्रतालाई पनि पुष्टि गऱ्यो ।

ख) मानव अधिकार विश्वव्यापी घोषणपत्र(१९४८) मा भेदभाव रहित समानताको सिद्धान्तलाई घोषणापत्रको सारमा सूत्रवद्ध गरियो ।

ग) आधारभूत महिला अधिकार सम्बन्धी केही विशिष्ट दस्तावेजहरू :

अ) समान ज्याला सम्बन्धी (१९५१) :

सन् १९५१ मा महिला र पुरुषबीच भेदभाव नराखी बराबर कामका लागि बराबर ज्याला दिइनुपर्छ भन्ने महासन्धि अन्तर्राष्ट्रिय श्रम संगठनले पारित गऱ्यो र सोही अनुरूपको व्यवस्था लागू गर्न सम्बन्धित सबै राष्ट्रहरूलाई आह्वान गरियो र तदनुरुपको व्यवस्था लागू गर्न जोड दिइयो ।

आ) पेशागत भेदभाव उन्मूलन (१९६०) :

महिला र पुरुषबीच विद्यमान रोजगारी एवं पेशागत विभेदलाई विचार गरी सन् १९६०मा अन्तर्राष्ट्रिय श्रम संगठनले महिला उपर भएको रोजगारी र पेशागत भेदभाव उन्मूलन सम्बन्धी महासन्धि पारित गरी यसलाई लागू गर्न जोड दियो । सन् १९६२ मा संयुक्त राष्ट्रसङ्घको महाधिवेशनले विवाह, विवाहका लागि न्यूनतम उमेर, विवाह दर्ता सम्बन्धी महासन्धि पारित गऱ्यो । (अर्याल, २०६२:३४७)

इ) अन्तर्राष्ट्रिय महिला सम्मेलन :

सन् १९७२ मा संयुक्त राष्ट्रको महासभाले १९७५मा मनाउन लागिएको अन्तर्राष्ट्रिय नारी वर्षलाई दृष्टिगत गरी त्यसलाई प्रवर्द्धन गर्न महिलाको समान समर्पण, सम्पूर्ण

विकास प्रयासहरूमा महिला पूर्ण समायोजनको सुनिश्चितता र विश्वशान्तिको सुदृढीकरणमा योगदान बृद्धि गर्ने घोषणा गर्दै प्रस्ताव ग्रहण गरेको थियो । अन्तराष्ट्रिय नारी वर्ष, महिला दशक र चारवटा अन्तराष्ट्रिय महिला सम्मेलनहरू मेक्सिको १९७५, नौरोवी १९८०, कोपेनहेगेन १९८५, र वेइजिङ्ग १९९५ सबै महिला माथि हुने भेदभावको अन्त्य गरी समाजमा समान सहभागितामा जोड दिने प्रतिबद्धताका साथ सम्पन्न भएका थिए । (राष्ट्रिय मानव अधिकार आयोग, २०६१:७१)

ई) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (१९७९) :

सन् १९७९ मा संयुक्त राष्ट्रसङ्घले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्न महासन्धि पारित गर्‍यो । यो यस्तो ऐतिहासिक दस्तावेज हो जसले घर बाहिर र घर भित्र दुवै क्षेत्रमा महिलाका जीवनमा हुने प्रत्यक्ष, अपत्यक्ष सबै खाले भेदभावलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ र यस्तो भेदभाव अन्त्य गर्ने उपायहरू अवलम्बन गर्न सबै राज्यहरूलाई बाध्य पारेको छ। यसले मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणामा निहित लैङ्गिक संवेदनशीलतालाई पनि सम्बोधन गरेको छ। यसले महिलामाथि गरिने भेदभावलाई लिङ्गका आधारमा गरिने राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक अथवा अन्य कुनै क्षेत्रमा भेदभाव, बहिष्कार अथवा प्रतिबन्ध भन्दै परिभाषित गरेको छ। यो सन्धि सन् १९८१ मा लागू भएको छ। ( राष्ट्रिय मानव अधिकार आयोग, २०६१:७१)

उ) भियना घोषणापत्र :

जुन १९९३ मा मानव अधिकार सम्बन्धमा भियनामा भएको सम्मेलनले महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव र हिंसामा गहिरो सरोकार राख्दै यिनलाई संसारभर उजागर गर्न र फैलाउन महिलाको मानव अधिकारको समान हैसियतलाई घोषणापत्र स्थापित गरेको थियो । (देवकोटा, २००७)

ऊ) आइ.सि.पि.डि. कार्य योजना :

सन् १९९४ सेप्टेम्बर ५-१३ मा कायरोमा भएको सम्मेलनका प्रतिनिधिहरूले विश्वव्यापी शिक्षा, मातृ मृत्युदर न्यूनीकरण, परिवार नियोजन, प्रजनन तथा यौन स्वास्थ्य पहुँच प्रति सहमति जनाएका थिए। यसले शिक्षा, रोजगारमा लैङ्गिक समानता र परिवार नियोजनको नयाँ सम्भावनामा जोड दिएको छ। (देवकोटा, २००७)

## २.२ सैद्धान्तीक पुनरावलोकन

### २.२.१ लैङ्गिक अवधारणा

कुनै पनि समाजलाई वास्तविक रूपमा चित्रण र विश्लेषण गर्नका लागि लैङ्गिक अवधारणा निकै उपयुक्त अवधारणा हो। कुनै पनि समाजको वास्तविकता अध्ययन गर्नका लागि महिला र पुरुष बीचको सामाजिक सम्बन्धलाई गहिरिएर अध्ययन गर्नुपर्ने हुन्छ। त्यसै सन्दर्भमा समाजलाई अध्ययन र विश्लेषण गर्न महिलाबादी समाजशास्त्रको विकास भएको छ। खास गरेर नारीबादको सुरुवात सत्रौं शताब्दीबाट नै सुरु भएको पाइन्छ। महिलावादी समाजशास्त्रले कुनै पनि समाजको लैङ्गिक संरचना र लैङ्गिकताको बारेमा अध्ययन गर्दछ। समाजको हरेक क्रियाकलापमा महिला र पुरुषको समान संलग्नतासम्बन्धी अवधारणा सन् १९५० को दशक पछि विकसित भएको पाइन्छ। यस भन्दा अगाडि प्राचीन समयमा महिला र पुरुषमा भिन्नता गरिँदैनथ्यो। जब समाजमा वा विश्वमा कृषि युगको प्रारम्भ भयो त्यसै समयदेखि महिलामाथि पुरुष दमनको सुरुवात भयो। पुरुषहरूले धेरै जग्गा जमिन ओगट्न थाले र त्यही सम्पत्ति धान्नको लागि धेरै श्रीमती विवाह गर्ने बच्चा धेरै जन्माउने गर्न थाले र यसरी वहुविहाहको प्रथा पनि विकास भयो। त्यसै समयदेखि लिङ्गको आधारमा महिलाहरूप्रति भेदभाव गर्न थालियो। धेरै ज्याला पाइने काममा पुरुष लाग्ने र थोरै ज्याला पाइने काममा महिलालाई लगाउन थालियो। समान काममा पनि महिला र पुरुष बीच असमान ज्यालाको विकास भयो। सम्पत्ती माथि महिलाको अधिकार भएन। उसको यौनिकता र प्रजनन सम्बन्धी पनि कुनै अधिकार रहेन। कुनै कलकारखानामा पनि मेशिनहरूको विकास भएपछि सर्व प्रथम महिलालाई निकाल्ने गरियो। महिलाको कामको कुनै मुल्याङ्कन नै गरिएन। त्यसरी घरमा पनि घरभित्रको कामको कुनै हिसाब किताब हुँदैन र उनलाई पठन पाठन वा सशक्तीकरण प्रक्रियाबाट वञ्चित गराएको हुन्छ। परम्परागत रूपमा विकसित हुँदै आएका जति पनि सिद्धान्तहरू छन् ती सबै पुरुष केन्द्रित रहेको जसमा केवल पुरुषलाई मात्र उच्च र फाइदा हुने ढङ्गबाट व्याख्या गरिएको पाइन्छ भन्दै नारीवाद सर्वप्रथम सन् १८३० मा संयुक्त राज्य अमेरिकामा दासता विरुद्ध सङ्घर्ष गर्नको लागि सङ्गठित समूहसंग नारीबादको उत्पत्ति हुन गएको हो। ( आचार्य २०६७)

भारतीय समाजशास्त्री कमला भासीन (२००८)का अनुसार समाजमा काम गर्ने ठाउँमा, परिवार हुने महिलाको दमन एवम् दुवैद्वारा यो अन्यायपूर्ण अवस्था बदल्ने दिशामा जागरुक सक्रियता नै नारीवाद हो। महिलावादी आन्दोलन ज्यादै लामो छ। महिलावादी आन्दोलन खास गरी १७/१८ औं शताब्दीतिरबाट सुरु भइको पाइन्छ।

महिला आन्दोलन लामो भएतापनि आजसम्म पनि समाजमा लैङ्गिक विभेदको समस्या जल्दो वल्दो रूपमा रहिरहेको छ। वर्तमान समयमा आधा आकाश ओगटेका नारीहरू समाजमा दोस्रो दर्जाको नागरीकका रूपमा बाँच्न विवश छन्। त्यो सबै पितृसत्ताको उपज हो भन्न सकिन्छ। विश्व परिवेशमा महिलावादी आन्दोलनको सुरुवात इनलाइटमेन्टको समय देखि नै भएको पाइन्छ। विशेषगरी १७९२ मा मेरी बोलस्टोलन क्राफ्टको 'अ भिन्डिकेसन अफ राइट अफ वोमन' को प्रकाशन भएपछि विभिन्न समस्याहरूको पहिचान गर्न सकियो। यो पुस्तक खासगरी महिला भनेको पुरुषहरूलाई खुसी पार्ने साधन मात्र हो भन्ने प्रचीन मान्यताका विपरितमा लेखिएको थियो। महिलालाई सामाजिक, राजनैतिक, शैक्षिक र श्रम बल मा समान अवसर दिनुपर्छ भन्ने कुरालाई प्रमुखताका साथ उठाइएको थियो। विशेष गरी युरोपमा आएको औद्योगिक क्रान्तिपछि समाजका हरेक पक्षहरूमा व्यापक परिवर्तन आयो। त्यसै क्रममा महिला आन्दोलनले पनि अमेरिका र युरोपमा विस्तारित हुने अवसर पायो। (क्राफ्ट १७९२)

यसै अवसरमा महिलावादी समाजशास्त्रको विकास भयो पितृसत्ताले समाजमा हरेक क्रियाकलाप, विकास सिद्धान्त, कला साहित्य आदि जस्ता क्षेत्रमा महिलाको भूमिकालाई वास्ता गरेको हुँदैन यस्तो समाजको वैकल्पिक रूप प्राप्त गर्नका लागि महिलाहरू जागृत भएको देखिन्छ, त्यही अवस्थाबाट नै नारीबादको उदय हुन गएको पाइन्छ। वास्तवमा पुरुष दमन र शोषणको विरोध गर्दै महिलाले पनि पुरुषसरह अवसर उपभोग गर्न पाउनु पर्छ भनी देखा परेको आन्दोलन वा दर्शन नै महिलाबाद हो।

नारीवादमा पहिलो धारको उत्पति सन् १९४८ मा Elizabeth Cady Santon र Lucrieta Mott ले न्यूयोर्कमा महिलाहरूको मुद्दामा आवाज उठाउनका लागि आयोजना गरेका सम्मेलनबाट भएको हो। सन् १९६३ मा Betty Friend को "The Feminine Mystique" प्रकाशित भयो। तत्कालिन समाजमा व्याप्त रहेको महिला अधीनतालाई यस पुस्तकले राम्रोसंग चित्रण गरेको छ। प्रस्तुत पुस्तक नारीबादी आन्दोलनमा दोस्रो धारको महत्वपूर्ण जग मानिन्छ। सन् १९८० को दशक पछाडि विकसित भएको नारीबादको तेस्रो

धारले महिलाहरू बीचमै हुने भिन्नताहरूमाथि आफ्नो ध्यान केन्द्रित गरेको छ। नारीबादमा तेस्रो धारले महिला अनुभवहरूको विविधताको चित्रण गरेको पाइन्छ (पौडेल, २०५८)।

लिङ्ग शब्दले महिला र पुरुष शरीरको भौतिक भिन्नतालाई जनाउँछ र लैङ्गिक शब्दले मनोवैज्ञानिक, सामाजिक र साँस्कृतिक भिन्नतालाई बुझाँउछ। (गिडेम्स २००१:१०७)

लिङ्ग एक जैविकीय परिभाषिक शब्द हो भन्ने जेन्डर सामाजिक र साँस्कृतिक हो। सामान्य ज्ञानबाट हेर्दा यी दुबै विभाजन देख्ने केवल दुई अलग तरिका हुन्। कुनै पनि व्यक्ति एक खास लिङ्गको हुन्छ। एक पुरुष वा महिला, एक केटी वा केटा हुनुमा लुगा, हाउभाउ, पेशा र व्यक्तित्वको पनि उत्तिकै हात हुन्छ। जति एक खास किसिमको नारीत्व हुन्छ। ( ओकली, १८९५:१५८)

## २.२.२ आमुल महिलाबाद

आमुल महिलावाद २०औं सताब्दीको बीचमा देखा परेको सिद्धान्त हो। यसले समाजमा हरेक संगठन र संस्था भित्र दमन प्रणाली हुने कुरालाई स्वीकार्छ र दमनको आधारभुत प्रणाली चाहिँ पितृसत्ता हो। किन लोग्ने मान्छेले पितृसत्ता कायम राख्दछ भन्ने प्रश्नको जवाफमा यसले महिलाको भन्दा पुरुषको शारीरिक शक्ति मात्र बढी हुदैन, महिलालालाई शोषित र निरीह प्राणीका रूपमा राख्ने लोग्ने मान्छेको साँच्ची नै भित्री स्वार्थ रहने गर्छ। महिलाका रूपका महिलाको सधैं सकारात्मक मूल्य हुन्छ। जुनसुकै ठाउँमा पनि महिलालाई दबाइएको छ भन्ने आमूल महिलाबाद मूलतः निम्न दुई मान्यतामा आधारित छ।

क) महिलाहरूको समाजमा अत्यन्तै निष्क्रिय मूल्य रहेको छ ,

ख) पितृ सत्तात्मक प्रणालीले महिलाहरूलाई जहाँसुकै अत्यन्तै दमन गरेर राखेको छ।

आमूल नारीबादका लागि पितृसत्ता केन्द्रिय अवधारणा हो। यसले विश्वव्यापी लैङ्गिक दमन साथसाथै दमन भित्र हुने अन्तर सांस्कृतिक विविधताहरू माथि समेत पनि ध्यान पुऱ्याएको छ। आमूल महिलाबादका लागि पितृसत्ता केन्द्रिय अवधारणा हो। सामाजिक जीवनका कतिपय क्षेत्रको मानिसको बीचमा बिवाद उत्पन्न गराउँदछ। धनी र गरीब बीचको खाडल, लैङ्गिक विभेद र जातीय विभेद र असमानताका कारण व्यक्ति परिवार समुदाय र समाजलाई हुने क्षतिले समाजमा झगडा उत्पन्न गराउँछ। समाजमा सम्पत्ति, शक्ति, सम्मान ग्रामीण क्षेत्रमा खाना तथा पोशाक प्रमुख आधार हुन्छ भने सम्पन्न क्षेत्रमा भने राजनैतिक शक्ति, स्वार्थ तथा विलासितालाई पनि आधार मानिन्छ। (सापकोटा, २०६०) नारी र पुरुषका

आधारभूत रूपमा वेग्ला वेग्लै रुचि हुन्छन् । नारी र पुरुषका बीचमा भएको असमानता हटाउनु पुरुषले प्राप्त गरेका शक्ति सम्पत्ती र सामाजिक प्रतिष्ठामा महिला वर्गलाई पनि सहभागि गराइनु पर्छ जुन कि पुरुषले चाहदैनन् । महिला विभेद र दमनको थलो परिवार हो । प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन हुन्छ र सोही अनुरूप सामाजीकरण तथा भूमिका पनि निर्धारण हुन्छ । पितृसत्ता अन्तर्गतको सामाजिक सम्बन्ध नै विभेदको मुख्य तत्व भएकोले परिवारमा लोग्ने मानिसको आवश्यकता पूरा गर्न समलिङ्गी विवाहलाई विकल्प लिँदा पितृसत्ता अन्तर्ग परिवर्तन र हैकमवादी एवं दमनवादी सोचाइ र व्यवहारमा परिवर्तन हुनसक्छ । महिला हुनु आफैँमा दुर्भाग्य होइन महिलाका आफै कतिपय विशेषताहरू छन् तर पितृसत्ताको व्यवस्थाले महिलाले ती विशेषतालाई कदर गर्न कन्जुस्याई गरेको छ । यस पितृसत्तात्मक व्यवस्थाले गर्दा महिलाहरू हरेक क्षेत्रमा थिचो मिचोमा परेका छन् । (चौलागाई, पोखेल, सापकोटा, २०६०)

## २.२.३ मार्क्सवादी महिलावाद

यसको आधार नै मार्क्सवाद हो । सन् १८८४मा प्रकाशित फ्रेडरिक एङ्गेल्सको पुस्तक “परिवार निजी र स्वामित्व र राज्यको उत्पति” नै यसको मुख्य आधार हो । समाजका दुई परम्परा अन्तरविरोधात्मक वर्ग बीचको सम्बन्धमा जोड दिन्छ । महिला सम्बन्धी प्रश्न पनि यसै सम्बन्ध अन्तर्गत आउँछ । महिला मुक्तिका लागि गरिने सङ्घर्ष पुरुष विरुद्धको सङ्घर्ष होइन बरु यो त पुँजीबादी सम्बन्धहरूको विरुद्धको सङ्घर्ष हो । वर्ग सङ्घर्षले मात्र लैङ्गिक असमानताको अन्त्य गर्न सक्छ निजी स्वामित्वको अन्त्य हुन्छ । पुरुषद्वारा महिलामाथि हुने दमनको घनिष्ठ सम्बन्ध पुँजीसंग छ किनभने पितृसत्ता र पुँजीवाद परस्पर सहायक हुने गर्दछन् (चौलागाई, पोखरेल, सापकोटा, २०६०) ।

मार्क्सका लागि मानिसका सबैभन्दा आधारभूत आवश्यकता भनेको भोजन, कपडा र आवास हुन । यी आवश्यकता परिपूर्ति गर्ने सिलसिलामा उनले दुई वटा कुरामा जोड दिए । कसरी वस्तु उत्पादन प्रक्रियाले सामाजिक सम्बन्धमा असर पार्छ? मानिसमा सामाजिक जीवन बुझ्न हामीले उत्पादन प्रक्रियामा उसको भूमिकाको विचार गर्नु पर्ने हुन्छ । जसले उत्पादन प्रक्रियालाई नियन्त्रण गर्दछ । उसले नोकरीमा पनि नियन्त्रण गर्छ भने पुँजीपतिहरूले मजदुरलाई शोषण गर्दछन् र प्रतिष्ठा तथा सम्पत्ति आर्जन गर्दछन् ।

मार्क्सवादीहरूले तर्क गर्छन कि पुँजीवादी प्रथालाई नहटाएसम्म महिलालाहरूले समान हक र अधिकार प्राप्त गर्न सक्दैनन्। किनकि पुँजीवादी प्रथाले महिलाहरूको शोषण गरेको छ। मार्क्सवादले महिला र पुरुषबीच रहेको असमान शक्ति सम्बन्ध भनेको पुरुषशक्ति सम्बन्धलाई विश्लेषण गर्दै भनेका छन् कि पुँजीबादी समाजमा जसरी पुँजीपतिहरूले स्रोतमाथि नियन्त्रण गरे त्यसरी नै महिलाहरू श्रमजीवी जस्तै हुन्छन् जहाँ स्रोत माथि नियन्त्रण पुरुषको हातमा केन्द्रित हुन्छ। अर्कोतिर महिला र पुरुषबीच मनोवैज्ञानिक र कार्यगत असन्तुलन र असमानताहरू समाजका स्थापित गर्ने कार्यहरू भए। यस परिस्थितिमा महिलाहरूको स्रोतमाथि पहुँचघट्ने शिक्षा, रोजगार तथा बाह्य गतिविधिमा संलग्नताको पहुँच सधैं कमजोर नै रह्यो।

महिलाहरू र पुरुष बीचको सम्बन्ध वैज्ञानिक आधारमा विश्लेषण गर्दछन्। जसमा महिलाहरू माथि रहेका सामाजिक, आर्थिक तथा सांस्कृतिक विभेदहरूको अन्त्य गरी उत्पादन शक्ति माथिको पहुँच बढी मजबुत गर्नु पर्ने तथ्यमा जोड दिन्छन्। महिलाहरूमा भएको ज्ञान, सीप र क्षमताको प्रयोग गर्नुपर्दछ। मार्क्सबादी महिलावाद अनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्नु जरुरी छ, त्यसरी नै लैङ्गिक आधारमा गर्नु आवश्यक छ। (आचार्य, २०५९)

## २.२.४ समाजवादी नारीवाद

समाजबादी महिलावाद लैङ्गिक दमनको उपागम अन्तर्गत एक लोकप्रिय पक्ष हो। यसले आमूल नारीवाद र मार्क्सबादी नारीबादका मान्यताहरूलाई संश्लेषणात्मक रूपबाट विश्लेषण गर्दछ। समाजवादी महिलाबादले मार्क्सवादी अन्तर्गतको वर्ग दमन र आमूल नारीबाद अन्तर्गतको लैङ्गिक उत्पीडनलाई संश्लेषणात्मक विश्लेषणात्मक विश्लेषण गरी महिलाले भोग्नु परेको अधीनता विभिन्न ठाउँ र परिवेशमा के कति समान वा असमान छ भनी सोको मापन गर्न चाहन्छ। यसलाई महिलाबादीहरू द्वारा महिलाको दमन र पूँजीवादी पितृसत्ताको नाममा सङ्केत गरेको पाइन्छ। वास्तवमा समाजबादी महिलाबादले वर्ग एवं लैङ्गिक दमनलाई मात्र हेरिनु हुँदैन किनकि समादमा दमनका विभिन्न स्वरूपहरू विभिन्न वर्गमा फरक-फरक ढंगबाट अन्तर्निहित भएर रहेका हुन्छन्। त्यसैले समाजमा विभिन्न जातीय, प्रजाति, धर्म उमेर, लिङ्ग, यौनिक रुचि विश्वव्यापी तहको स्थिति आदिका आधारमा व्याख्या एवं विश्लेषण गरिनु पर्दछ भन्ने कुरालाई जोड दिन्छन्। यसप्रकार दमनको प्रणालीको

खोज गर्ने आधारका रूपमा लिई महिलामाथि बढी राम्रो चरितार्थ गरेको छ । सबै ठाउँका महिलाहरू माथि समान तरिकाले दमन गरिएको छ भन्ने कुरामा यसले विश्वास गर्दैन । ( चौलागाई, पोखरेल, सापकोटा, २०६०)

यसैगरी सन् १९७० को अन्तसम्मको महिला आन्दोलनलाई पहिलो, दोस्रो र तेस्रो धार गरी वर्गीकरण गरिएको छ । १९८० को दशकमा नारीवादमा तेस्रो धारको उदय भएको पाइन्छ । मूलतः नारी मुक्ति न्याय र र समानताका निम्ति सङ्घर्षकै रुपमा १९७५मा मेक्सिकोमा पहिलो, १९८०मा कोपन हेगनमा दोस्रो, १९८५ मा केन्यमा तेस्रो र १९९५ मा वेइजिङमा चौथो महिला सम्मेलन भयो भने १९७५ देखि १९८० को समयलाई संयुक्त राष्ट्रसङ्घले महिला दशक भनि घोषणा गऱ्यो । १७७९ मा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि पारित भयो । उपरोक्त विभिन्न सम्मेलनमा महिला अधिकार समानता, उत्तरदायी अवसर, विकास, शान्ति, आदि पक्षमा जोड दिइयो । फलस्वरूप महिलाको विकास तथा महिला अवसरलाई विशेष जोड दिइयो ।

महिला तथा पुरुष समनतालाई जोड दिने क्रममा १९७०को प्रारम्भमा WID, १९७०को अन्त्यमा WAD र १९८०को दशकमा GAD जस्ता अवधारणको विकास भयो । विश्वमा वर्तमानसम्म पनि नारी पुरुष असमानता विद्यमान रहेको हुँदा असङ्ख्य नारीवादी महिला र पुरुष समानता नहुन्जेलसम्म भविष्यमा पनि आन्दोलित रहिरहने कुरामा दृढ सङ्कल्पित छन् ।

## २.२.५ नेपाली सन्दर्भमा महिला आन्दोलन

नेपालको सन्दर्भमा नारीवादी आन्दोलनलाई हेर्दा नालापानीको युद्धमा १८१४को *सिभिल राइट मुभमेन्ट* देखि महिलाहरू पुरुषसंगसंगै अगाडि बढेको पाइन्छ । यसभन्दा पहिलेको आन्दोलनले वि.स. १९५१ को प्रजातान्त्रिक आन्दोलनलाई पनि असर गरेको पाइन्छ । त्यस बेला महिलाहरूले राजनैतिक परिवर्तनपछि विभिन्न समूह गठन गरेका थिए । जसमा पहिले आदर्श महिला समाजको गठन भयो । त्यसपछि वि.सं. १९५८मा नेपाल महिला संगठन उस्तै उद्देश्य लिएर स्थापना भयो । यस संठगनले महिला हकहितका र मतअधिकार प्राप्त गर्नका लागि दवाव दियो । यी दवावका कारणले गर्दानै वि.सं.१९७७ मा चन्द्र शम्शेरको पालामा सती प्रथाको अन्त्य भयो । (दक्षिण एशियाली महिला संजाल, २०१०)

निरंकुश राणा शासनको विरोध गर्ने क्रममा भोजपुर मजुवा बेसीकी योगमाया न्यौपानेले आध्यात्मिक धारणाबाट राणाशाहीको विरोध गर्दै महिलाहरूको हितको निम्ति कल्याणकारी सामाजिक सुधार होस्, राणशाही अन्त्य होस्, पुरोहितबादको अमानवीय चलनको खारेजी गरियोस् जस्ता २६८वटा मागहरू अघि सार्दै राणशाहीको विरोध गरिन् । योगमायाले सत्य धर्म भिक्षाको नाममा तत्कालिन सरकारलाई २६८वटा माग सहितको विन्ती पत्र चढाए पनि बेवास्ता गरियो । उनका मागहरू समाज सुधार र सामाजिक न्यायको पक्षामा, महिला विधवाको अधिकारको पक्षमा सामाजिक विसंगति विकृतिका रूपमा रहेका प्रचलन एवं अन्ध विश्वास, घुसखोरीको विरोधमा, वनजंगल र चरनको सुरक्षाको  सम्बन्धमा, जातपात र छुवाछुत, सानाठूला, मानपाथीको र चर्को ब्याज, आदिको नियन्त्रणका पक्षमा केन्द्रित थिए । यी मागहरूको कार्यान्वयन पक्षको कुनै सङ्केत नपाएपछि वि.सं.१९९५ मंसिरको पूर्णिमाका दिन भोजपुरको मजुवामा ठूलो यज्ञको तयारी गरियो । उक्त यज्ञमा योगमाया र उनका २६८ अनुयायीहरूले अग्नी प्रवेश गरी प्राण त्याग्ने निर्णय गरे । तर सरकारले उक्त यज्ञ रोक्ने आदेश दिए । आदेशमा भनिएको थियो "भक्ति भनाउँदीलाई पार्टीमा राखी कैद परेको भनि सुनाइदिनु र अरुलाई धनकुटा जेलमा थुन्नु" ।

यसरी नेपालको महिला आन्दोलनमा पहिलो जेल पर्ने महिला योगमाया न्यौपाने हुन् । सत्य धर्म भिक्षाको बदलामा जेल नेल भोग्नु परेपछि योगमायाले झनै अन्याय अत्याचार बढेको महशुस गरिन् र धर्म रक्षा नहुने देखिन् । जुन राज्यमा धर्म र न्याय पाइदैन र आफूले केही गर्न पाइदैनि भने पनि सरकारलाई चेताउनु पर्छ, र आफू पछिका सन्ततिले धर्म र न्याय पाउछन् भन्ने योगमायालाई लाग्यो । त्यसैले उनी र उनका अनुयायीहरूले  वि.सं. १९९८ साल असार ३१ गते शनिवार उज्यालो नहुँदै हरिशयनी एकादशीका दिन अरुण नदीको उर्लदो भेलमा हाम फाली देह त्याग गरेका थिए । (तुम्बाहाङ्फे, २०५९)

नेपालको महिला आन्दोलनलाई विशेषगरी तीन चरणमा विभाजन गरेर हेर्न सकिन्छ ।
क) दलविहीन पञ्चायती व्यवस्था पूर्व (सन्१९६०) सम्म

नेपालको महिला आन्दोलन तत्कालिन राणाशासन र त्यसको अन्यायपूर्ण परिवेशको विरोधमा भएको देखिन्छ। तत्कालिन समाजको केही सीमित चेतनशील महिलाहरूले राणशासनको अन्त्य गराउनको निम्ति भैरहेको आन्दोलनमा साथ दिन र नेपाली महिलाहरूलाई राजनैतिक एवं सामाजिक चेतना प्रदान गर्नका निम्त संगठित भई आन्दोलनको सूत्रपात गरेको देखिन्छ। नेपाली महिला आन्दोलनको संस्थागत विकास सन्

१९१७ को पहिलो महिला समितिको गठनबाट भएको देखिन्छ जसको अध्यक्षता योगमाया कोइरालाले गरेकी थिइन् । त्यसको तीन दशक पछि सन् १९४७मा रेवन्त कुमारी आचार्यको अध्यक्षतामा जयनगरमा आदर्श महिला समाजको गठन भयो । यसको उद्देश्य सामाजिक र राजनीतिक रूपमा महिलामा चेतना ल्याउनु थियो ।

२००४ सालमा काठमाडौंमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला सङ्घको गठन भयो । त्यसै साल काठमाडौंमा रेवन्त कुमारी र मंगलादेवी दुवैको संयुक्त रूपमा नेपाल महिला सङ्घको गठन भयो । यी दुवैको संगठनले राणा शासनका विरुद्ध दवाब दिने र बाल विवाह र छुवाछुत लगायतका सामाजिक कुसंस्कारका विरुद्ध आवाज उठाउने गर्न थाले । २००६ साल तिर भारतको रक्सौलमा तारादेवी शर्माको अध्यक्षतामा अखिल नेपाल महिला सङ्घको गठन भयो भने सोही नाममा अर्कोतर्फ काठमाडौँमा पुण्यप्रभा देवीको अध्यक्षतामा अर्को महिला सङ्घको स्थापना भयो । यसको केही महिनामा १९५१को सुरुमा देशमा राजनीतिक परिवर्तन पश्चात नेपाल महिला सङ्घ दुई भागमा विभाजित भयो । एउटाको अध्यक्षतामा मंगलादेवी र अर्कोको अध्यक्षतामा कामक्षादेवी रहिन् । वास्तवमा त्यही समयमा चारवटै महिला संठगनहरूले राजनीतिक संगठनका रूपमा राजनीतिक मुद्दामा सहभागी रहेको देखिन्छ । नेपालमा १९५१ सालमा प्रजातन्त्र ल्याउनका लागि यस बेलाका महिला र महिला संठगनहरूले महत्वपूर्ण योगदान दिएको पाइन्छ ।

प्रजातन्त्रको स्थापना पश्चात १९५४ सालको दोस्रो सल्लाहकार सभामा महिला संगठनहरूको दवावमा चार जना महिलाको सहभागिता गराइएको थियो । यसै गरी १९५६मा महिला स्वयमसेवी सेवाले विभिन्न नाममा गठन भएका महिला संगठनहरूलाई एकै ठाउँमा राख्ने प्रयास स्वरूप अखिल नेपाल महिला सङ्घ पुण्यप्रभा देवी समूह र आर्य समाज मिलेर संयुक्त कार्यसमितिको गठन गरिएको थियो ।

ख) पञ्चायती व्यवस्थाकाल अवधि (सन् १९६० देखि १९९०)

पञ्चायती व्यवस्थाको स्थापना भएपछि यस अघिका जतिपनि क्रियाशील राजनीतिक संगठन सोसंग सम्बन्धित महिला संगठनहरूलाई प्रतिबन्ध लगाइयो र कतिपय संगठन भूमिगत हुन पुगे । १९५२ मा पञ्चायतको विभिन्न जनवर्गीय संगठन बनाउने क्रममा महिला संठगनको रूपमा नेपाल महिला संगठनको गठन भयो । विमला मास्केको पहिलो अध्यक्षतामा बनेको यस संगठनले महिला सुरक्षा, साक्षरता, आदि उद्देश्य बोकी प्रभावकारी कार्यहरू गरेर

देखाउन सफल भयो। सन् १९७५ मासंयुक्त राष्ट्रसङ्घको निर्णय अनुसार नेपालमा पनि महिला दशक मनाइयो। यसैगरी सन्१९७७ मा नारी सेवा समिति र १९८२ मा पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको मातहतमा महिला विकास शाखाहरूको स्थापना गरियो। सन् १९८७ मा महिला विकास शाखा श्रम तथा समाज कल्याण मन्त्रालयको स्थापना गरियो। (चौलागाई, श्रेष्ठ, सापकोटा, २०६६)

ग) पञ्चायती व्यवस्था पछिको समय वर्तमानसम्म (सन् १९९० पछि वर्तमान सम्म)

नेपालमा सम्पन्न ऐतिहासिक जन आन्दोलन २०४६ को सफलतापछि बहुदलीय व्यवस्थाको स्थापना भयो र त्यसपछिको नेपालमा खुल्ला वातवरण भइसकेपछि महिलाको हक हितको लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरू ठूलो मात्रामा खोलिएका छन्। र ती संस्थाहरू मध्ये केही संस्थाहरूले अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त गर्दै समस्यामा परेका नेपाली महिलाहरूको सेवा गर्दै आएको छ। उदाहरण स्वरूप माइती नेपालका संस्थापक अनुराधा कोइराला सिएनएन हिरोको उपाधि प्राप्त गर्न सफल भइन्।

यस अवधिमा महिला आन्दोलनको उपलबधि स्वरूप कानुनी रूपले महिलाहरू सशक्त र सबल बनेका छन्। यस अवधिमा बनेका नेपालका सबै संविधानमा समानताको हक अन्तर्गत मौलिक हक समावेश गरिएको पाइन्छ। नेपाल अधिराज्यको संविधान २०४७ मा गरिएको लैङ्गिकसम्बन्धी व्यवस्था नेपालको अन्तरिम संविधान २०६३मा पनि गरिएको छ। नेपालको अन्तरिम संविधान २०६३ः धारा १२-१,२,३,४ मा यसका अलावा अन्तरिम संविधानमा महिलाको हकलाई छुट्टै मौलिक हकको रूपमा व्यवस्था गरिएको छ। महिला भएकै कारणले कुनै पनि किसिमको भेदभाव गरिने छैन भनी धारा २०(१) मा व्यवस्था गरिएको छ, त्यस्तै पैत्रिक सम्पत्तिमा छोराछोरीलाई समान हक हुने व्यवस्था धारा २०(४)मा गरिएको छ।

## २.३ पूर्व अध्ययनहरूको समीक्षा

वेइजिङ घोषणापत्र अनुरूप नेपालको महिलाहरूको सशक्तीकरण र उत्थानका लागि केही गतिविधिहरूलाई अगाडि बढाएको भए पनि जातको आधारमा गरिने भेदभावको अन्त्यका लागि आफ्नो स्पष्ट धारणा चौथो विश्व सम्मेलनमा नेपालका तर्फबाट केही पनि उल्लेख भएको छैन। आर्थिक वर्ष २०५७/५८ को बजेटमा गरिबसंग विश्वेश्वर, महिला

जागृति कार्यक्रम भनेर कार्यक्रम ल्याइएको थियो तर पनि सरकारी क्षेत्रहरूले त्यस कार्यक्रममा महिलाहरूलाई सहभागी गराउने स्पष्ट दृष्टिकोण नल्याइएको हुँदा महिलाहरूको पहुँच पुग्न सकेन। नेपाल अधिराज्यको संविधानले सबै नेपाली राज्यको दृष्टिमा समान हुने जात, धर्म, वर्ण, लिङ्गको आधारमा कुनै पनि नागरिकलाई भेदभाव नगर्ने उल्लेख गरिएको छ। महिलाहरूका बारेमा प्रशस्तै अध्ययनहरू गरिएको पाइन्छ।

महिलाहरूको बारेमा धेरै लेख रचना अनुसन्धनात्मक कार्य तथा अध्ययनहरू पनि भएको पाइन्छ। ढकालले सतौं गाउँमा आमा समूहले सामुदायिक विकासमा अर्थात् सशक्तीकरणमा पुऱ्याएको योगदानका बारेमा उल्लेख गरेकी छन्। उनले महिलाहरूको उल्लेख्य सहभागिताले समुदायको विकास गर्न सकिने बताएकी छन्। उनले आफ्नो लेखमा विभिन्न सरकारी तथा गैर सरकारी निकायले पनि समुदायको विकासमा काम गरेको र समुदायको विकासमा वास्तविक उपलब्धि हासिल गर्नको लागि महिला पुरुष दुवैको समान सहभागिता र दुवैको संयुक्त प्रयासले विकास दिगो र टिकाउ हुने निष्कर्ष निकालेकी छन् (ढकाल, २००७)।

शर्माले दलित एवं पिछडिएका महिलाहरूको सशक्तीकरणमा आमा समूहले खेलेको भूमिकाको बारेमा सतौं गाउँमा अध्ययन गरेकी छन्। उनले आफ्नो गाउँमा हाम्रो समाजमा पछि परेका महिला अझ दलित महिलाहरूको सशक्तीकरणमा आमा समूहको महत्वपूर्ण भूमिका हुने निष्कर्ष निकालेकी छन् (शर्मा, २०६७)।

फूलबारी आमा समूहमा आबद्ध महिलाहरूको घरेलु हिंसाको अवस्था र धारणा भन्ने शिर्षकमा गरिएको अध्ययनमा धेरैजसो महिलाहरूको सानो उमेरमै विवाह भएको र जसले धेरै महिला हिंसामा परेको देखिएको छ। महिलाहरू अशिक्षित रहेकोले आफ्नो माग र समस्या व्यक्त गर्न नसकेकोले परिवारमा दोस्रो स्थान रहेको छ। आर्थिक कारोबारमा महिलाको निर्णय लागु नभएको पाइएको छ। त्यसै गरी पितृ सतात्मक सामाजिक परम्परा तथा जीवनशैली समाजमा रहेको कुरा उल्लेख गरेकी छन्। यसले महिला विरुद्धको हिंसा बढाएको देखिन्छ। यसरी महिला हिंसा बढी हुनुको कारणमा लागु पदार्थको सेवन, बहु विवाह र दाइजो माग मुख्य रहेको उनको अध्ययनले देखाएको छ। (वास्तोला, २०६९)

श्रेष्ठले कास्कीको घान्द्रुक गाउँमा संरक्षण र विकास कार्यक्रममा आमा समुहको योगदान सम्बन्धी गरेको एक अध्ययन अनुसार संरक्षण र विकास कार्यक्रमका लागि महिलाहरूको उच्च सहभागिताले कार्यक्रम प्रभावकारी एवं सफल हुने कुरा उल्लेख गरेका

छन् । त्यसै गरी महिलाहरूको सहभागिता र समर्पणमा घान्द्रुक एक्यापका कार्यक्रहरू हुने गरेका छन् । श्रेष्ठ र हाछेथुंले कास्कीको केही गाउँमा गरेको अध्ययनमा जाडँ रक्सी खाने र जुवा तास खेल्नेलाई सजायको व्यवस्था गरी त्यस कार्यलाई निर्मूल पार्न आमा समूहले खेलेको भूमिकाको बारेमा अध्ययन गरेका छन्. । आमा समूहले गरेको उक्त कार्यक्रमलाई प्रहरी प्रशासन र गाउँ विकास समितिले पनि साथ दिएपछि त्यस क्षेत्रमा पारीवारिक अत्याचार घट्नुको साथै परिवारमा महिलाको इज्जत पनि बढेको पाइएको, उनीहरूले विकास निर्माणका कार्यहरू पनि गरेको र महिलाहरू चुपचाप बस्ने र सबै कुरामा आत्मसमर्पण गर्ने र परम्परा भन्दा नितान्त वेग्लै रूपमा आइरहको अध्ययनले देखाएको छ । (श्रेष्ठ र हाछेथुं, २०५९)

नेपाली महिला सम्बन्धी लेखिएको लेखमा सुवेदीले महिला विकासका धेरै पक्षमा चर्चा गरेका छन् । पुरुष समान महिलाहरूको सहभागिता हरेक क्षेत्रमा हुनु पर्दछ । महिलाको सहभागिता स्थान समाजिक आर्थिक विकासमा सशक्तीकरण गरी समतामूलक ढंगबाट सहभागिता हुनु पर्दछ । विविधतामूलक सहभागितामा विविधता देखिन्छ । (सुवेदी, १९९३)

मार्टिन चौतारीद्वारा प्रकाशित अ विविलोग्राफी अन इन्भायोरोमेन्टल जस्टिस इन नेपालमा सिलवाल गिरी (२००३) ले आफ्नो लेख लिटरेसी, एजुकेशन एण्ड वोमन इन्पाउरमेन्टमा महिलाको सशक्तीकरणको वारेमा व्याख्या गरेकी छन् । उनीहरूले आफ्नो लेखमा लैङ्गिक समानता र शिक्षाको अवसरले सशक्तीकरणमा प्रभाव पार्ने लेखेकी छन् । फोरम फर सस्टेनेबल डेभेलपमेन्ट इन नेपाल द्वारा प्रकाशित लेखहरूको संगालोमा सस्टेनेबलिटी द ब्रासटिङ्ग फ्यूलमा सुवेदी (२००३)ले आफ्नो लेख सस्टेनेबल डेभलपमन्ट एण्ड वोमन्स कन्ट्रिब्युसनमा महिलाहरूले सामाज विकासको बारेमा पुऱ्याएको योगदानका बारेमा उल्लेख गरेकी छन् । उनले सरकारी र गै.स.स.हरूको भूमिका र कमजोरीहरूको बारेमा समेत व्याख्या गरेकी छन् । यसरी नै महिला कानून र विकास मन्चद्वारा २०५७ मा प्रकाशित वेइजिङ कार्ययोजनाको पुनरावलोकन सम्बन्धी दस्तावेजहरूको संगालोमा महिला बालबालिका तथा समाज कल्याण राज्यमन्त्री कमला पन्तद्वारा लेखिएको नेपाली महिलाहरूको विद्यमान अवस्था लेखमा महिला सशक्तीकरणमा राजनैतिक पार्टीहरूले पुऱ्याउन सक्ने योगदानका बारेमा चर्चा गरिएको छ (गिरी, २००३) ।

समाजमा रहेका तमु महिलाहरूलाई ग्रामीण तहदेखि जिल्ला हुँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तर सम्म ल्याउन सशक्तीकरण गर्नुका साथै समाजमा विद्यमान लैङ्गिक र जातीय विभेदहरूलाई हटाउन योगदान पुऱ्याउनु (नेपाल गुरुङ्ग (तमु) महिला सङ्घ २०६७) ।

समाजमा रहेका थकाली महिलाहरूलाई ग्रामीण तह देखि जिल्ला हुँदै राष्ट्रिय तथा अनतर्राष्ट्रिय स्तर सम्म ल्याउन सशक्तीकरण गर्नुका साथै समाजमा विद्यमान लेङ्गिक र जातीय विभेदहरूलाई हटाउन योगदान पुऱ्याउनु (थकाली महिला समाज, २०६७) ।

महिला जागरण केन्द्र महिलाहरूको हक हितको लागि काम गर्ने एउटा विशुद्ध सामाजिक संस्था हो । यस संस्थाले विगत नौ वर्षदेखि सामाजिक, आर्थिक र राजनीतिक हरेक क्षेत्रबाट पिछडिएका वर्ग तथा जाति तथा वर्गका विशेष गरी महिलाहरूको जीवनस्तर तथा चेतनाको स्तर उकास्न विभिन्न सिपमुलक तालिमहरू, आय आर्जनका कार्यक्रमहरू, साक्षरता तथा शिक्षा एवं नारी प्रंति हुने हिंसा विरुद्ध वकालत तथा चेतनामूलक कार्यक्रमको आयोजना गर्दै आएको छ । कार्यक्रमहरूको आयोजना, विकास निर्माणका कामहरू, सेवामूलक कामहरू, सांस्कृतिक तथा धार्मिक जगेर्ना र संरक्षणका कामहरू पनि गर्दै आएको छ । देशका आधा भन्दा बढी जनसङ्ख्या ओगटेर पनि अझ धेरै अपेक्षित रही आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक तथा प्रशासनिक क्षेत्रमा महिलाहरूको कम उपस्थिति रहेको साथै विभिन्न जाति धर्म एवं वर्गहरूमा विभेद रहेको कुरीतिहरू विरुद्ध चेतना अभिवृद्धि गर्दै महिला तथा पिछडिएका जाति वर्गहरूको उत्थान गरी समतामूलक समाजको स्थापना गर्नका लागि महिला जागरण केन्द्रको स्थापना भएको हो । (महिला जागरण केन्द्र, २०६७)

हाम्रो समाजमा विद्यमान विविधताहरू जस्तै सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतीक, धार्मिक, वैचारिक, शैक्षिक, आदि पक्षहरूले पनि सामाजिक जीवनमा गहिरो प्रभाव पार्दछन् जो महिलाको आर्थिक तथा सामाजिक जीवनसंग पनि सम्बन्धित छन् । (दाहाल, २०६६)

सन् १९७० को दशक पछि आर्थिक विकासलाई राष्ट्रिय आम्दानीमा वृद्धि हुने कार्यक्रम तथा गतिविधिहरूलाई आर्थिक विकास मानिन पनि थालियो जसबाट राष्ट्रिय प्रतिव्यक्ति आयमा वृद्धि र दैनिक जीवन स्तरमा सुधार आउँछ । (दाहाल, २०५४)

महिलालाई सशक्तीकरण गर्न सरकारले महिला आयोग गठन गरी केही कार्य गर्ने प्रयत्न गरेतापनि निर्णयक तहमा महिलाहरूको उपस्थिति कम नै छ । दुई वर्ष भित्रमा सहसचिवको स्तरदेखि माथि एक जना पनि महिला रहने स्थिति छैन । त्यसैले जुन अवधारणा आयो त्यो टक्रक्क बसेको छ । (आचार्य, २०५८ : १५)

मुलुकी ऐन, २०२० मा एघारौं शंसोधन भएको छ। जीउ मास्ने, बेच्ने कार्य (नियन्त्रण) विधेयक र घरेलु हिंसा नियन्त्रण सम्बन्धी विधेयक तर्जुमा गरिएको छ।। (शिक्षा तथा तालिम, लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना २०६१)


लैङ्गिक सशक्तीकरण मापकले स्पष्ट रूपमा के देखाएको छ भने नेपालमा महिला सशक्तीकरण पुरुषको दाँजोमा कम छ। राजनीतिक प्रक्रियामा महिलाको सहभागिता पुरुषको भन्दा ५ गुना कम छ। पेशागत रूपमा कार्यरत महिलाहरू १९.५१ मात्र रहेको छ। प्रशासनिक क्षेत्रमा कार्यरत महिलाहरू १०.६५ प्रतिशत मात्र छ। कमाएको आय भने महिलाको हिस्सा एक तिहाई रहेकोछ। (मानव विकास प्रतिवेदन १९९९)

यसरी समाजशास्त्र, मानवशास्त्रका विद्यार्थीहरूले आफ्नो शोधकार्य तयार गर्ने क्रममा महिला, पिछडिएका तथा दलित महिलाका बारेमा समेत अध्ययन गरेको पाइन्छ। यसै सन्दर्भमा लामिछाने(२००७), अधिकारी(२००८), आले(२००८), ढकाल(२००८) आदिलाई समेत उदाहरणको रूपमा लिन सकिन्छ। लामिछाने (२००७)ले पोखराको मणिपाल हस्पिटल र पश्चिमाञ्चल अस्पतालमा उपचारको लागि आएका महिलाहरूको मानसिक तनावको बारेमा अध्ययन गर्दा जनजाति र पिछडिएका महिलाहरूको तुलनामा ब्राह्मण, क्षेत्री महिलाहरूमा बढी तनाव रहेको निष्कर्ष निकालेका छन्। अधिकारी (२००८) ले कास्की जिल्लाको हेम्जा गा.वि.स.का महिलाहरूको तरकारी खेतीमा संलग्न महिलाहरूको सशक्तीकरणमा आर्थिक स्तरको भूमिकालाई प्रष्ट पारेका छन्। यसैगरी आले (२००८)ले पोखरमा रहेका मगर जातिका महिलाहरूको शिक्षामा परिवारको भूमिकाको बारेमा अध्ययन गरी यी जातका महिलाहरूको शैक्षिक स्तर उकास्नमा परिवारको खासै चासो रहन नसकेको निष्कर्ष निकालेका छन्। यसैगरी ढकाल (२००८)ले नेपालमा सरकारी सेवामा शिक्षित महिलाहरूको उपस्थितिलाई अध्ययन गर्ने क्रममा पोखरा उप महानगरपालिका र जिल्ला विकास समिति कास्कीमा कार्यरत महिलाहरूको बारेमा प्रवेश गरे पछिको हैसियत र नेतृत्व विकासमा स्वयम् उनीहरू तथा परिवारका सदस्यहरूको भूमिका उल्लेखनीय रहेको निष्कर्ष निकालेकी छन्।

यसरी महिलाहरूको सशक्तीकरण सम्बन्धमा विभिन्न समयमा थुप्रै अध्ययन गरिएको महिलाहरूको सामाजिक, आर्थिक सशक्तीकरणमा आमा समूहको भूमिकाको बारेमा खासै अध्ययन नभएकोले यो अध्ययन गरिएको हो।

## २.४ अवधारणात्मक खाका

महिलाहरूलाई सशक्त बनाउनको लागि विभिन्न सङ्घसंस्थाहरू क्रियाशील रूपमा लागि परेको पाइन्छ। यी सङ्घसंस्थाहरूले महिलाहरूलाई पारिवारिक स्तर देखि माथि उठाउने पहल गरेको छ। महिलाहरूलाई समूहमा सहभागी गराई उनीहरूसँग भएको ज्ञान, सीप एक अर्कोमा आदानप्रदान गराउने, स्थानीय स्तरमा भएको स्रोत र साधनहरूलाई परिचालन गर्दै आर्थिक स्तर माथि उठाउन सिकाउने, ज्ञान बढाउने तालिमहरूको व्यवस्था गर्ने, आत्मविश्वासको वातावरण सृजना गर्ने, निर्णय प्रक्तियाहरूमा अगाडि बढाउने आदि जस्ता क्रियाकलापहरू संचालन गरी महिलाहरूलाई सशक्त बनाउदै आएको छ। यसरी महिलालाई सशक्त बनाउनको लागि सहभागिता, आर्थिक पक्ष, सामाजिक पक्ष, आत्मविश्वास, चेतना, निर्णय प्रक्रिया आदिमा बढी जोड दिइएको छ।




संस्थामा महिलाहरूको सहभागिताले उनीहरूलाई सशक्तीकरणको लागि टेवा प्रदान गर्दछ। छरिएर रहेका साना-साना पूँजीलाई एकत्रित गर्दै सामूहिक रूपमा आगाडि बढ्न हौसला प्रदान गर्दछ। संस्थामा आवद्ध भैसकेपछि पाउने विभिन्न तालिमहरूले महिलाहरूको क्षमता र नेतृत्व विकास गराउन सहयोग गर्दछ। आफूलाई आवश्यक रकम लिई आयमूलक कार्यहरूमा लगानी गर्नाले रोजगारीका अवसरहरू बृद्धि भई बेरोजगार बस्न पर्दैन, भने अर्को तिर घर परिवारमा यसले प्रत्यक्ष राम्रो प्रभाव पारी अन्ततोगत्वा गरिबी न्यूनीकरणमा टेवा मिल्न जान्छ।

## अध्याय तीन

# अनुसन्धानको पद्धति

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

मालुङ्गा गा.वि.स.मा वडा नं. ३ का महिलाहरूद्वारा संगठित भएको नारी रत्न आमा समूह त्यस क्षेत्रमा बसोबास गरिरहेका महिलाहरूको सामाजिक र आर्थिक सशक्तीकरण र सामुदायिक विकास निर्माणको काममा अति सक्रिय रूपमा लागिरहेको आमा समूह हो। यो अध्ययनमा लिइएको क्षेत्रमा यो आमा समुहका गतिविधिहरूको फलस्वरूप निकै राम्रा र रचनात्मक कामहरू भईरहेका छन् जस्तै मन्दिर निर्माण गर्ने, पार्टी, पौवा बनाउने, सीपमूलक तालिम जस्तै मैन बत्ती, धुप, मुढा आदि बनाउने तालिम दिने, महिला तथा बाल स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम चलाउने, लगायतका रचनात्मक एवं जीवनोपयोगी कार्यहरू गरेर महिलाहरूलाई सशक्त बन्न प्रेरित गरिरहेका छन्। विगतमा महिलाहरूको सामाजिक आर्थिक सशक्तीकरणमा यो आमा समूहले गरेका गतिविधिहरूलाई अन्वेषण गरी वास्तविकता उजागार गर्नका लागि यो क्षेत्रलाई अध्ययन क्षेत्रका रूपमा छनौट गरिएको हो।

यसका अतिरिक्त गाउँमा संचालित आमा समूहले महिलाहरूको सशक्तीकरणमा पारेको योगदान समाजमा प्रष्ट रूपमा देखिन नसकेको अवस्थामा त्यसलाई उजागर गरिनु पर्दछ। गाउँ वस्तीमा रहेका महिलाहरूको र पुरुषहरूको विचमा देखिएको समन्वय यहाँ एउटा उदाहरणको रूपमा देख्न सकिन्छ। यसरी गाउँका पुरुषहरूले महिलाहरूको सामाजिक, आर्थिक सशक्तीकरणमा खेलेको भूमिकालाई प्रष्ट पार्न पनि यो क्षेत्रलाई अध्ययन क्षेत्रको रुपमा लिइएको हो।

## ३.२ अनुसन्धानको ढाँचा

सांगठनिक रूपले आवद्ध महिलाहरूको सामाजिक विकास र महिलाहरूको सामाजिक तथा आर्थिक सशक्तीकरणको बारेमा अध्ययन गर्नु यो अध्ययनको प्रमुख उद्देश्य हो। यो अध्ययनबाट महिलाहरूले सामाजिक र आर्थिक सशक्तीकरणमा आमा समुहले पुऱ्याएको योगदानको बारेमा अध्ययन विश्लेषण गर्नका लागि वर्णनात्मक र अन्वेषणात्मक ढाँचा

अपनाइएको छ। आमा समूहको गठन र कार्यहरूको बारेमा अध्ययनको लागि वर्णनात्मक ढाँचा प्रयोग गरिएको छ भने सामाजिक र आर्थिक सशक्तीकरणमा महिलाहरूको भूमिका खोज्नको लागि अन्वेषणात्मक ढाँचा प्रयोग गरिएकोछ। यो अध्ययनका क्रममा कुनै विशिष्ट परिकल्पना र कुनै परिवर्त्यहरू लिइएको छैन।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनमा आवश्यकता अनुसार प्राथमिक र द्वितीय दुवै खालका तथ्याङ्कहरूको उपयोग गरिएको छ। प्राथमिक तथ्याङ्क अध्ययनसंग सम्बन्धित प्रायः जानकारी अध्ययन क्षेत्रबाट नै संलग्न गरिएको छ। यस्ता प्राथमिक तथ्याङ्कहरू सङ्ख्यात्मक र गुणात्मक दुवै खालका छन्। प्रत्येक घरबाट लिइएका उत्तरदाता, मुख्य सूचनादाताको अन्तर्वार्ता, छलफल आदिबाट प्राथमिक तथ्याङ्क र विभिन्न प्रकाशित, अप्रकाशित सामाग्रीहरूबाट प्राप्त तथ्याङ्कहरू द्वितीय तथ्याङ्कका रुपमा रहेका छन्।

## ३.४ जनसंख्या र समग्र सर्वेक्षण विधि

यो अध्ययनका लागि अध्ययन क्षेत्र मालुङ्गा गा.वि.स. को वडा नं. ३ रहेको छ। उद्देश्यमूलक नमुना छनौट अन्तर्गत वाड नं. ३ मा रहेका १०४(सबै) घरबाट एक जना महिलालाई उत्तरदाताको रूपमा छनौट गरी उनीहरूबाट नै आवश्यक सूचना सङ्कलन गरिएको छ। समग्रमा १०४ घरधुरी भएकोले १०४ जना नै उत्तरदाता लिएको छ  र सूचना सङ्कलनमा जनगणना विधि अवलम्बन गरिएको छ। यो अध्ययनका लागि मुख्य सूचनादाताका रूपमा स्थानीय नेता, शिक्षक र सामाजिक कार्यकर्ताहरूलाइ पनि लिइएको छ। यो उद्देश्यमूलक अनुसन्धान ढाँचामा आधारित रहको छ।

## ३.५ प्राथमिक तथ्याङ्क लिने तरिकाहरू

कुनै पनि अध्ययन अनुसन्धान कार्य सम्पन्न गर्दा विभिन्न किसिमका तथ्याङ्कका सङ्कलन विधिहरू अवलम्वन गरिनु पर्दछ। यसमा प्राथमिक र द्वितीय स्रोतलाई आधार मानिएको छ। प्राथमिक तथ्याङ्क अर्न्तगत, सर्वेक्षण, छलफल  गरी सूचना सङ्कलन गरिएको छ।

**(क) अन्तर्वार्ता अनुसूची**

यो अनुसन्धानको मुख्य हतियारको रूपमा आवश्यक पर्ने सम्पूर्ण तथ्याङ्कहरू सङ्कलन गर्ने गरी वैज्ञानिक तरिकाको प्रश्नहरू तयार पारिएको छ। अनुसन्धानको प्रकृति अनुसार खुल्ला र बन्द दुवै प्रकारका अन्तर्वार्ता अनुसूची पत्र तयार गरिएको छ। प्रश्न निर्माण गर्दा गुणात्मक र सङ्ख्यात्मक दुवै खालको तथ्याङ्कहरू लिन सक्ने गरी गरिएको छ।

**(ख) समूहगत छलफल**

अध्ययन क्षेत्रमा भएका महिलाहरूको आमा समूहले गर्ने विभिन्न क्रियाकलाप हरूका साथै उनीहरूको नियमित बैठकहरूमा सहभागि भई समूहगत तथा कार्यकारिणी समतिका पदाधिकारीहरू सँग समेत छलफल गरिएको छ।

**(ग) वैयक्तिक अध्ययन**

समूहमा आबद्ध सदस्य महिलाहरू मध्ये ४ जना सदस्यहरूको वैयक्तिक अध्ययन गरिएको छ। यसमा ती सदस्यहरूको आफ्नै शब्दमा आमा समूहमा आबद्ध हुनु अघिदेखि र पछिसम्मको अनुभव प्रस्तुत गरिएको छ। यस अध्ययनले आमा समूहले गरेका काम कार्वाहीहरूको गतिविधिलाई सूक्ष्म अध्ययन गर्न साथै अध्ययनको वैधता र विश्वसनीयता कायम गराउन मद्दत गरेको छ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

सङ्कलन गरिएका गुणात्मक र संरचनात्मक तथ्याङ्कहरूलाई आवश्यकता अनुसार वर्णनात्मक र अन्वेषणात्म रूपमा विश्लेषण गरिएको छ। सामन्यतया प्राप्त तथ्याङ्कहरूलाई तालिकीकरण, स्तम्भचित्र र वृत्तचित्रको माध्यमबाट तथ्याङ्क विश्लेषण गरिएको छ। आवश्यकता अनुसार तथ्याङ्कको व्याख्या र विश्लेषण पनि गरिएको छ।

# अध्याय चार
# अध्ययन क्षेत्र र सामाजिक आर्थिक अवस्थाको विश्लेषण

## ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत गण्डकी अञ्चलमा पर्ने एक जिल्ला हो स्याङ्गजा। यो ८३ डिग्री २७ मिनेट देखि ८४ डिग्री २ मिनेट पूर्वी देशान्तर र २७ डिग्री ५० मिनेट उत्तरी अक्षांशमा अवस्थित छ। यस जिल्लाको कुल क्षेत्रफल ११६४ वर्ग किलोमिटर रहेको छ। ३३६ मिटर देखि २५१२ मिटर सम्मको उचाईमा रहेको यस जिल्लाको सदरमुकाम स्याङ्गजाको उचाई ८५० मिटर छ। पूर्व पश्चिम औसत लम्वाई ३२ किलोमिटर उत्तर दक्षिण औसत चौडाई २० किलोमिटर छ। यस जिल्लाको पूर्वमा तनहूँ, पश्चिमा पर्वत, गुल्मी र पाल्पा , उत्तरमा पर्वत र कास्की र दक्षिणमा पाल्पा जिल्ला पर्दछ। यहाँको १५ प्रतिशत भू-भागमा उष्ण जलवायु , ७० प्रतिशत भू-भागमा समशीतोष्ण जलवायु र १५ प्रतिशत भू-भागमा शीतोष्ण जलवायु पाइन्छ। अधिकतम तापक्रम ३१.७ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ६ डिग्री सेल्सियस सम्म हुन्छ।

यस जिल्लालाई महिला विकासको सूचकाङ्कमा हेर्नुपर्दा महिला सशक्तीकरण पहिलो स्तरमा, लौङ्गिक विभेद अनुपात दशौं स्तरमा, महिला साक्षरता दर प्रथम स्तरमा , गैरकृषि पेशामा महिलाको दर प्रथम स्तरमा, महिला प्राथमिक शिक्षाको दर सातौं स्तरमा, प्राथमिक तहमा बालिका भर्ना दर सातौं स्तरमा रहेको छ। (जिल्ला विकास समितिको कार्यालय सूचना तथा अभिलेख केन्द्र, २०६६)

स्याङ्गजा जिल्लाका दक्षिणी सीमानामा अवस्थित मालुङ्गा गा.वि.स. सदरमुकाम स्याङ्गजा देखि ३ घण्टाको दूरीमा रहेको छ। यो गा.वि.स. को पश्चिम र उत्तर तर्फ जगत्रदेवी , दक्षिणमा कालीगण्डकीको सीमाना पाल्पा जिल्लासँग जोडिएको छ भने पूर्वमा तुलसीभञ्ज्याङ्ग गा.वि.स. पर्दछ  राजनैतिक क्षेत्र विभाजनका दृष्टिले यो गा.वि.स. स्याङ्गजा जिल्लाको ३ निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं.३ मा पर्दछ। ९ वडा र ४५ वस्तीहरूमा विभाजित गाउँ विकास समितिको प्रशासनिक कार्यालय वडा नं. ८ को टुनिवोट भन्ने ठाउँमा रहेको मालुङ्गा गा.वि.स.कै केन्द्रमा अवस्थित छ।

भिरालो धरातलीय भू-बनोट रहेको मालुङ्गा गा.वि.स.को धरातलीय स्वरूप विचित्र प्रकृतिको पाइन्छ । मालुङ्गा गा.वि.स. को अधिकांश क्षेत्र पहाडी भिरालो भू-भागले ओगटेको छ । यस गा.वि.स.का पहाडहरूलाई कालीगण्डकी नदीले घुमेर गएको छ । मालुङ्गाको सबैभन्दा अग्लो पहाड जहाँ कोट देवीको मन्दिर छ, त्यहाँ बाट हेर्दा मालुङ्गालाई तीनतिरबाट कालीगण्डकीले घेरेको देखिन्छ ।  समुन्द्री सतह देखि झन्डै ३३६ मिटर देखि २०१५ मिटर सम्मको उचाईमा अवस्थित छ । यस गा.वि.स. को कुल क्षेत्रफल ८९६ वर्ग किलोमिटर छ । क्षेत्रफलका दुष्टिले अत्यन्त मिलेको गा.वि.स. मध्ये एक हो मालुङ्गा गा.वि.स. । यस गा.वि.स. को कुल खेतीयोग्य जमीन मध्ये खेत ५०.८२ हेक्टर र पाखा १,१५०.०० हेक्टर गरी जम्मा ६८८.६४ हेक्टर जमीन रहेको छ ।

जनगणना २०६८ को अनुसार यस गा.वि.स.को कुल जनसङ्ख्या ४०१० रहेको छ जसमा १९७२ जना महिला र २०३८ जना पुरुष रहेका छन् प्रायः वस्तीहरूमा छुट्टाछुट्टै छरिएर रहेका छन् जातिगत वसोवासका दृष्टिले ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, नेवार, घर्ती, थकाली दमाई, कामी, दमाई आदि रहेका छन् । वडागत रूपमा हेर्दा वडा नं. १मा ब्राह्मण, कामी, र दमाई जातिको वसोवास छ । वडा नं. २ र ३ मा ब्राह्मण ,क्षेत्री, मगर लगायत केही लामा जातिको पनि वसोवास पाइन्छ  वडा नं.४ र ५मा पूर्णतया मगर जातिको वसोवास पाइन्छ । वडा नं.६ मा ब्राह्मण, मगर, नेवार र थकाली जातीको मिश्रित बसोवास छ । वडा नं. ७ र ९ मा पूर्णतया ब्राह्मण जाति र वडा नं. ८ मा ब्राहमण, मगर, गुरुङ, नेवार , कामी दमाई आदि जातिहरू मिसिएको बस्ती छ । पहिले दलितहरू कम क्षेत्रमा बसेका भएता पनि अहिले त्यो क्षेत्र सडक , सञ्चार , शिक्षा , स्वास्थ्य आदिका दृष्टिले केन्द्र वन्न पुगेको छ । (मालुङ्गा गाउँ विकास समितिको वस्तुस्थिति विवरण, २०६९)

## ४.२ उत्तरदाताहरूको जनसांख्यिक सामाजिक र आर्थिक विशेषताहरू

समाजको पहिचानलाई निश्चित गर्ने निर्णायक कारक तत्वका रुपमा आर्थिक तत्व लाई लिइन्छ । सामाजिक , जीवन, विचार मूल्य, राजनैतिक व्यवस्था, साहित्य कला आदिको निर्धारण आर्थिक उत्पादनमा निर्भर गर्दछ । नारी रत्न आमा समूहले संस्थामा आवद्ध महिलाहरूको जीविकोपार्जनमा सघाउ पुऱ्याउन वचत सङ्कलन, ऋण लगानी आसुलीको नेतृत्व एवम् महिला सशक्तीकरण लगायत समसामायिक चेतनामूलक तालिमहरू जस्तै तरकारी खेती, पशुपालन, मैनबत्ती बनाउने जस्ता तालिमबाट व्यक्तिको आय आर्जनमा

सहयोग पुगेको छ। नारी रत्न आमा समूहमा आवद्ध महिलाहरूमा केही उद्यम गर्नुपर्दछ भन्ने भावनाको विकास भई सदस्यहरूको संभावित व्यवसायहरू जस्तै तरकारी खेती, पशुपालन, किनारा पसल स्थापना हुने क्रम बढेको छ।

उमेर जनसङ्ख्याको एक महत्वपूर्ण आधार हो। उमेरकै आधारमा सामाजिक हैसियत निर्धारण हुने गर्दछ। व्यक्तिको काम गर्ने समय, कामको प्रकार र निर्णय प्रक्रियामा उमेरको प्रभाव परेको हुन्छ। उमेर जैविकीय आधारमा निर्धारण हुने हँदा यो निश्चित प्रकारको हुन्छ। उमेर अनुसार नै आश्रित र कार्यवाहक गरी जनसङ्ख्या लाई विश्लेषण गरिन्छ। सामाजिक अधिकार सामाजिक महन्व सामाजिक दायित्व, कर्तव्य र भूमिका आदि सन्दर्भमा समाजमा उमेरले प्रत्यक्ष असर पारेको हुन्छ। यस अध्ययनमा विभिन्न उमेर समूहका महिलाहरूको संलग्नता रहेको पाइन्छ। तलको तालिकामा उत्तरदाताहरूको उमेरको विविधतालाई प्रस्तुत गरिएको छ।

**तालिका ४.२.१ उत्तरदाताहरूको उमेर विवरण**

| **उमेर समूह** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| २०-३० वर्ष | ८ | ७.६९ |
| ३१-४० वर्ष | ३८ | ३६.५४ |
| ४१-५० वर्ष | २९ | २७.८९ |
| ५१-६० वर्ष | २० | १९.२३ |
| ६१ वर्ष भन्दा माथि | ९ | ८.६५ |
| **जम्मा** | **१०४** | **१००.००** |

**स्रोत स्थलगत सर्वेक्षण ,२०७१।**

तालिका ४.२.१ ले उमेरको आधारमा उत्तरदाताहरूको संरचनालाई देखाइएको छ। यस अध्ययन अनुसार १०४ जना उत्तरदाताहरू मध्ये २०-३० वर्ष सम्मको उत्तरदाता सङ्ख्या ८ जना वा ६.७३ प्रतिशत रहेको छ भने ३१-४० वर्ष सम्मको उत्तरदाता सङ्ख्या ३८ जना वा २०.१९ प्रतिशत, ४१-५० वर्ष सम्मको उत्तरदाता सङ्ख्या २९ जना वा २७.८९ प्रतिशत , ५१-६० वर्ष सम्मको उत्तरदाता सङ्ख्या २० जना वा ३६.५४ प्रतिशत र ६१ वर्ष भन्दा माथिका उत्तरदाताहरूको सङ्ख्या ९ जना वा ८.६५ प्रतिशत रहेको छ।

### ४.२.२ उत्तरदाताहरूको जात

जातजाति पनि जनसङ्ख्याको अर्को महत्वपूर्ण विशेषता हो। समाजमा जातका आधारमा पेशा, सामाजिक सम्वन्ध, हैसियत र भूमिका निर्धारण भएको हुन्छ।यस अध्ययन क्षेत्रमा विभिन्न जात र जातिको संलग्नता रहेको पाइन्छ। तलको तालिकामा उत्तरदाताको जातजातिको विविधतालाई प्रस्तुत गरिएको छ।

**तालिका ४.२.२ उत्तरदाताहरूको जातिगत विवरण**

| जात | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | ५५ | ५२.८८ |
| क्षेत्री | १८ | १७.३१ |
| मगर | २२ | २१.१५ |
| लामा | ९ | ८.६५ |
| **जम्मा** | **१०४** | **१००.००** |

**स्रोतः स्थलगत सर्वेक्षण, २०७१।**

तालिका ४.२.२ मा जातिको आधारमा उत्तरदाताहरूको संरचनाको वारेमा व्याख्या गरेको छ। विभिन्न जातिहरूको संलग्नता रहेको यस संस्थामा उत्तरदाताको सङ्ख्यामा ब्राह्मण र क्षेत्रीको बाहुल्यता रहेको पाइयो। ब्राह्मणको संलग्नतामा ५५ जना वा ५२.८८ प्रतिशत, क्षेत्री १८ जना वा १७.३१ प्रतिशत, मगर २२ जना वा २१.१५ प्रतिशत र लामा ९ जना वा ८.६५ प्रतिशत पाइयो। यस वाट के थाहा पाउन सकिन्छ भने यस क्षेत्रमा मिश्रित वसोवास तर ब्राह्मण र मगरको बाहुल्यता रहेको पाइयो।

### ४.२.३ उत्तरदाताहरूको धर्म

धर्म भन्नाले अलौकिक शक्तिमा विश्वास गर्ने हो। मानवको जीवनमा विभिन्न उद्देश्यको पूर्ति गर्न चाहन्छ तर आफूले त्यसको पूर्ति गर्न नसकेपछि आफ्नो महाउच्च शक्ति अथवा अदृश्य शक्तिको उपासन गर्दछ। मानव धर्म समाजको सार्वभौमिक तथा सामुदायिक संस्था भएको हुँदा यसले मानवको विश्वास एवम् क्रिया दुवै लाई निर्धारण गरेको हुन्छ। धर्मले मानव समाजको सामाजिक राजनैतिक आर्थिक जीवनलाई प्रभावित गर्दछ भन्ने विश्वासमा संरचनात्मक अवधारणाहरू पाइन्छ भने मार्क्सवादीले धर्मले धर्मलाई मन्द विषको

रूपमा पनि लिइएको पाइन्छ। नेपाल विभिन्न धर्मालम्वीहरूको पवित्र बासस्थानको रूपमा रहेको छ। यस नारी रत्न आमा समूहमा भने सबै हिन्दु धर्मालम्वीहरूको संलग्नता पाइन्छ।

## ४.३ उत्तरदाताको पेशा

पेशाले व्यक्तिको जीवनमा ठूलो प्रभाव पारेको हुन्छ। यही पेशाको आधारमा नै महिलाहरूको सामाजिक आर्थिक अवस्थामा विविधता ल्याउने गर्दछ। तलको तालिकामा उत्तरदाताहरूको मुख्य पेशाहरूलाई प्रस्तुत गरिएको छ।

**तालिका ४.२ उत्तरदाताको मुख्य पेशाको विवरण**

| मुख्य पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| खेतीपाती | ७६ | ७३.०८ |
| नोकरी | ४ | ३.८५ |
| व्यापार | ७ | ६.७३ |
| ज्यालामजदुर | ९ | ८.६५ |
| अन्य | ८ | ७.६९ |
| **जम्मा** | **१०४** | **१००.००** |

**स्रोतः स्थलगत सर्वेक्षण , २०७१।**

तालिका ४.२ मा पेशाको आधारमा उत्तरदाताहरूको संरचनाको विवरण प्रस्तुत गरिएको छ। खेतीपातीमा लागेका उत्तरदाता सङ्ख्या ७६ जना वा ७३.०८ प्रतिशत , नोकरी ४ जना वा ३.८५ प्रतिशत , व्यापार ७ जना वा ८.६५ प्रतिशत, ज्यालामजदुर ९ जना वा ८.६५ प्रतिशत र अन्य ८ जना वा ७.६९ प्रतिशत रहेको पाइयो। यसबाट के पत्ता लगाउन सकिन्छ भने महिलाहरू बढी खेतीपातीमा संलग्न रहेको र विस्तारै अरु क्षेत्रमा पनि प्रवेश गर्दै आएको पाइयो। आधुनिक तरिकाले नै खेतिपाती गरी त्यसैबाट पनि फाइदा लिन सकिदोरहेछ भन्ने चेतनाको विकास भएको पाइयो।

### ४.३.१ संस्थामा बचत

पितृसत्तात्मक समाजमा परिवारमा सम्पत्तिको मालिकको रूपमा पुरुषलाई लिने भएकोले यस समूहमा आबद्ध भई प्रत्येक महिना रु. १०० सङ्कल्न गर्दै आएका उत्तरदाताहरू

लाई सङ्कलन गर्न आवश्यक रकम कहाँबाट जुटाउन हुन्छ भनी प्रश्न गर्दा उत्तरदाताहरूले दिएको उत्तरको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.३ : संस्थामा बचत गर्दा आफै गर्छन् वा अरुमा भर पर्नु पर्छ**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आफै | ५० | ४८.०८ |
| श्रीमान | ३५ | ३३.६५ |
| परिवारको अन्य सदस्य | १९ | १८.२९ |
| **जम्मा** | **१०४** | **१००.००** |

**स्रोत : स्थलगत सर्वेक्षण , २०७१ ।**

तालिका ४.३ मा समूहमा बचत गर्दा आफै गर्छन् वा अरुमा भर पर्नुपर्छ भन्ने कुराको विवरण प्रस्तुत गरिएको छ । ५० जना वा ४८.०८ प्रतिशतले समूहमा मासिक जम्मा गर्ने रु.१०० आफैले बचत गर्दारहेछन् भने ३५ जना वा ३३.६५ श्रीमानमा भर पर्दारहेछन् र १९ जना वा १८.२९ प्रतिशत परिवारको अन्य सदस्यसँग भर पर्दारहेछन् । यसबाट के बुझ्न सकिन्छ भने अधिकांश महिलाहरू आफै आत्मनिर्भर हुदै आइरहेका छन् ।

## ४.३.२ वार्षिक आम्दानी

यस समूहमा समावेश रहेका उत्तरदाताहरूको परिवारको औसत आम्दानी कति छ भनेर सोध्ने क्रममा उत्तरदाताहरू बाट दिएको उत्तरको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ : उत्तरदाताहरूको वार्षिक आम्दानी स्थिति**

| औसत आम्दानी (हजारमा) | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १-१५ | १७ | १६.३५ |
| १६-२५ | २७ | २५.९६ |
| २६-५० | ४९ | ४७.१२ |
| ५० भन्दा बढी | ११ | १०.५८ |
| **जम्मा** | **१०४** | **१००.०० प्रतिशत** |

**स्रोत : स्थलगत सर्वेक्षण , २०७१ ।**

यसरी माथि दिइएको तालिकालाई हेर्दा यस समूहमा आवद्ध १६.३५ प्रतिशत १ देखि १५ हजार २५.९६ प्रतिशत १६ देखि २५ हजार, ४७.१२ प्रतिशत २६ देखि ५० हजार र १०.५८ प्रतिशत ले वार्षिक औसत आम्दानी हुने जानकारी दिईएको पाइयो । यसबाट के बुझ्न सकिन्छ भने २५ देखि ५० हजार औसत आम्दानी हुने परिवारको सङ्ख्या सबैभन्दा बढी देखियो ।

### ४.३.३ समूहको आम्दानी स्रोत

समाजमा आर्थिक तथा सामाजिक पक्षहरूका बीचमा अन्तर सम्वन्ध कायम रहेको हुन्छ । आर्थिक विकासमा सामाजिक पक्षले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ भने सामाजिक पक्षले पनि आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । सामाजिक , साँस्कृतिक पक्षमा परिवर्तन ल्याउन आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । कार्लमार्क्सका अनुसार प्रत्येकसमाज एवम् समूहको व्यवस्थाको आर्थिक स्वरूपलाई मान्दछ । अर्थव्यवस्थालाई नै समाजको प्रमुख आधार भएकोले आर्थिक संरचनाका परिवर्तन आएपछि मात्र समग्र सामाजिक व्यवस्थामा परिवर्तन आउँछ भन्ने रहेको छ । त्यस्तै यहाँ यस समूहमा आबद्ध उत्तरदातासँग यस समूहको आम्दानी स्रोत के-के हो भनी प्रश्न गर्दा निम्न उत्तरहरू पाइयो ।

**तालिका ४.५ : समूहको आम्दानी स्रोत**

| आम्दानीका स्रोत | रकम (वार्षिक मौज्दात) |
|---|---|
| चन्दा सङ्कलन | १०,०००/- |
| नियमित वचत | १,२४,८००/- |
| सांस्कृतिक कार्यक्रम | १५,०००/- |
| **जम्मा** | **१,४९,८००/-** |

**स्रोत : स्थलगत सर्वेक्षण , २०७१ ।**

समूहको आम्दानीको स्रोत खोज्ने क्रममा उत्तरदाताहरूको अनुसार वार्षिक चन्दा सङ्कलन गरेर रु १०,०००/- को हाराहारीमा हुने , नियमित वचत समूहका सम्पूर्ण सदस्यहरूबाट मासिक रु १००/- का दरले वचत गर्दा वार्षिक रु. १,२४,८००/- र

सांस्कृतिक कार्यक्रम बाट वार्षिक रूपमा रु.१५,०००/- को हाराहारीमा उठाएको पाइयो । यसबाट के थाहा हुन्छ भने महिलाहरू पनि आफूले सक्ने काममा सक्रिय रूपमा लागि परेर आफ्नो कोषको आम्दानी लाई वृद्धि गर्ने पक्षमा लागि रहेका छन् । उनीहरूको कोषमा जम्मा हुन भनेको उनीहरूको आर्थिक पक्षमा सक्षम हुदै जानु हो । यो पनि महिला सशक्तीकरणको एउटा पक्ष हो ।

### ४.३.४ ऋण लिने र नलिने

कुनै पनि उद्देश्य नलिई मानिसले यतिकै ऋण लिन चाहदैन । विना योजना पनि ऋण लिदैनन् । मानिसको आवश्यकताहरू फरक -फरक हुन्छन् । ती आवश्यकताहरू र उद्देश्यहरू पूरा गर्नको लागि ऋण लिएको हुन्छ । समूहबाट कुन उद्देश्यको लागि ऋण लिनु भएको भनि प्रश्न गर्दा उत्तरदाताहरूबाट आएको उत्तरको विवरण तल तालिका प्रस्तुत गरिएको छ ।

**तालिका ४.६ ऋण नलिने र उद्देश्यको आधारमा ऋण लिने उत्तरदाताहरूको विवरण**

| उद्देश्यहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ऋण नलिने | १० | ९.६२ |
| ऋण नलिने | ९४ | ९०.३८ |
| **जम्मा** | **१०४** | **१००.००** |

**स्रोत : स्थलगत सर्वेक्षण , २०७१।**

तालिका नं. ४.६ अनुसार अध्ययन गरिएका उत्तरदाताहरूले ऋण लिने र नलिने साथै ऋण लिने उद्देश्यको विवरणलाई हेर्दा ऋण नलिने भन्दा ऋण लिनेको बाहुल्यता पाइयो । ऋण नलिने उत्तरदाताहरू ९.६२ प्रतिशत रहेको पाइयो भने विभिन्न उद्देश्य लिएर ऋण लिने उत्तरदाताहरू ९१.३८ प्रतिशत रहेको पाइयो । उनीहरूले ऋण लिइसके पछिको विवरण हेर्दा उत्तरदाता महिलाहरू मध्ये ३६.५४ प्रतिशत घरायसी खर्चमा लगानी गर्ने , ७.६९ प्रतिशत महिलाले बालबच्चाको पढाई खर्च , २७.८८ प्रतिशतले खेतीपातीको लगानी गरेको, व्यापार व्यवसायमा १४.४२ प्रतिशत र वैदेशिक रोजगारमा ३.८५ प्रतिशत लगानी गरेको पाईयो ।

यसबाट के प्रष्ट हुन आउँछ भने मानिसहरूले आफ्ना घरायसी आवश्यकताहरूलाई पूरा गर्ने साथै परम्परागत कृषि प्रणालीलाई परिवर्तन गर्दै आम्दानी हुने व्यवसाय तर्फ अग्रसर भएको पाइयो । यसरी उत्तरदाताहरू आत्मनिर्भर हुदै आएको पाईयो ।

## ४.४ उत्तरदाताहरूको शिक्षा

शिक्षा नै मानव जीवनको मुख्य आधार हो। जसले जीवनका कतिपय कठिनाई पार लगाउँछ। शिक्षा नै उज्यालोको सङ्केत मानिन्छ। शिक्षाले महिलाको सामाजिक र आर्थिक स्थितिमा सुधार ल्याउँछ। महिलाको शैक्षिक स्थितिले मानवको सम्पूर्ण पक्षमा महत्वपूर्ण भूमिका खेल्दछ। महिलााको साक्षरता दर नै निम्न रहेको छ। शिक्षित भन्दा अशिक्षित महिला वर्गको दर धेरै रहेको देखिन्छ। शिक्षाले महिलालाई सशक्तीकरण तिर लैजान्छ साथै ज्ञान, क्षमता, आत्मविश्वास जस्ता कुराहरूको वृद्धि विकास भएमा मात्र महिलाहरू विकास प्रक्रियामा सहभागी हुन सक्छन्। हरेक मानवीय व्यवहारको उद्भव उसको ज्ञान र शिक्षामा आधारित हुन्छ। जुन व्यक्ति, परिवार र समाज शिक्षित छ, त्यस परिवार र समाजमा मानवीय मूल्य मान्यता र नैतिकताका विरुद्धमा कार्य र व्यवहारहरू हुने सम्भावना कम रहन्छ। शिक्षालाई उमेर र विवाहले असर पार्दछ। नेपाली समाजको सन्दर्भमा विवाहित महिलाले शिक्षालाई अगाडि बढाउने मौका कम पाउछन्। विवाहित महिलाले धेरै नै सामाजिक र आीर्थक वोझ व्यवधानहरूको सामना गर्नुपर्ने हुन्छ। कतिपय अवसरहरू बाट उनीहरू वञ्चित हनु परिरहेको हुन्छ। आर्थिक अभाव र सानो उमेरमा विवाह हुनुको कारणले आफ्नो व्यक्तित्व निर्माणमा असर पर्दछ।

अशिक्षा अन्धविश्वास र रुढिवादी संस्कारबाट व्याप्त रहेको समाजमा नारी रत्न आमा समूहको स्थापना र कार्यप्रगतिको सँगै शिक्षानै चेतनाको ज्योति हो भन्ने कुरालाई इन्कार धेरै हदसम्म सफल भएको पाइन्छ। महिलाहरू विभिन्न प्रकारका तालिम , गोष्ठि, सेमिनार , बैठक , भेला आदिमा सहभागी हुनुका साथै अर्थोपार्जनमा समेत सरिक भई केही रकम समेत आर्जन गर्न सक्ने अवस्थामा पुगेकोले छोराछोरी र अझ मुख्यतया छोरीलाई पनि समान अवसर र शिक्षा दिनुपर्छ भन्ने कुरामा यहाँका महिलाहरू सचेत देखिएको पाइन्छ। उत्तरदाताहरूको शैक्षिक स्थिति निम्न तालिका बाट स्पष्ट पारिएको छ।

**तालिका ५.६ : उत्तरदाताहरूको शैक्षिक स्थितिको विवरण**


| शैक्षिक योग्यता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ७ | ६.७३ |
| १-५ | २९ | २७.८८ |
| ६-१० | ५२ | ५० |
| एस.एल.सी. पास | ११ | १०.५८ |
| +२ वा सो भन्दा माथि | ५ | ४.८१ |
| **जम्मा** | १०४ | १००.०० प्रतिशत |

**स्रोत : स्थलगत सर्वेक्षण,२०७१ ।**

उपरोक्त तालिका अनुसार, कुल १०४ जना उत्तरदाता महिलाहरू मध्ये ६.७३ प्रतिशत निरक्षर , १ देखि ५ सम्मका २७.८८ प्रतिशत , ६ देखि १० सम्मका ५० प्रतिशत, एस.एल.सी. पास भएका १०.५८ प्रतिशत र +२ वा सो भन्दा माथि ४.८१ प्रतिशत महिलाहरू रहेको देखिन्छ। यस सर्वेक्षणमा प्राय महिलाहरू साक्षर नै देखिएका छन् ।

## ४.५ परिवारिक संरचना

प्रत्येक व्यक्ति परिवारमा वस्दछन् परिवारनै प्रत्येक व्यक्तिको पाठशाला हो । परिवारको माध्यमबाट नै व्यक्तिले आफ्नो व्यक्तित्व निर्माण गर्दछ। परिवारबाट व्यक्तिले मायाममता सुरक्षा प्रदान गर्दछ। परिवारको संरचनाले पनि व्यक्तिको व्यक्तित्व निर्माणमा प्रत्यक्ष परोक्ष प्रभाव पारेको हुन्छ। सासु, सुसुरा, श्रीमान्, श्रीमती र तिनका बच्चा, देवर, जेठाजु, नन्द, अमाजु सबै एकै ठाउँमा भएको परिवारलाई संयुक्त परिवार तथा श्रीमान् श्रीमती र उनीहरूको बच्चा मात्र भएको परिवारलाई एकात्मक परिवार भनिन्छ। तलको चित्रले अध्ययन क्षेत्रका महिलाको अवस्था जनाउँछ।




**चित्र : ५.१ : परिवार संरचनाको अवस्था**

उपरोक्त वृतचित्र अनुसार कुल १०४ जना उत्तरदाता महिलाहरू मध्ये ६० प्रतिशत संयुक्त परिवारमा र ४० प्रतिशत एकल परिवार रहेका देखिन्छ। जसमा संयुक्त परिवार हुने उत्तरदाताहरू बढी देखिन्छ।

## ४.६ वैवाहिक स्थिति

विवाह एक सामाजिक संस्था हो र नेपाली समाज पितृसत्तात्मक मूल्य मान्यतामा चल्ने हुँदा विवाह सानै उमेरमा हुने गरेको छ। सानो उमेरमा विवाह हुनु, विवाह पछि विधवा हुनु , छोडपत्र हुने गर्दछ। उत्तरदाताको वैवाहिक स्थिति तलको तालिकाबाट प्रष्ट हुनेछ।

**तालिका ५.६ : उत्तरदाताको वैवाहिक स्थिति**

| **वैवाहिक स्थिति** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| विवाहित | ९० | ८६.५४ |
| अविवाहित | ३ | २.८८ |
| एकल | ११ | १०.५८ |
| अन्य | ० | ० |
| **जम्मा** | १०४ | १००.०० प्रतिशत |

**स्रोत : स्थलगत सर्वेक्षण ,२०७१।**

तालिका ५.६ अनुसार कुल १०४ जना उत्तरदाता महिलाहरू मध्ये विवाहित ८६.५४ प्रतिशत , अविवाहित २.८८ प्रतिशत, एकल १०.५८ प्रतिशत र अन्य ० प्रतिशत रहेको पाइयो । यो सर्वेक्षणबाट के प्रष्ट हुन्छ भने आमा समूहमा आबद्ध धेरै महिलाहरू विवाहित भएको पाइयो ।

## ४.७ आर्थिक सहयोग

समूहमा आवद्ध भइसकेपछि समूहबाट कस्ता-कस्तो आर्थिक रूपमा सहयोग भइरहेको छ भनेर प्रश्न राख्ने क्रममा उत्तरदाताबाट आएको विवरणलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका : ५.७ उत्तरदाताले पाएको आर्थिक सहयोग**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| विना धितो ऋण पाएको छ | ३५ | ३३.६५ |
| ऋण खोज्न भौतारिन परेको छैन | ४० | ३८.४६ |
| सस्तो व्याजमा ऋण पाइएको छ | २० | १९.२३ |
| श्रीमान् सँग भर पर्नुपरेको छैन | ९ | ८.६५ |
| **जम्मा** | १०४ | १००.०० प्रतिशत |

**स्रोत : स्थलगत सर्वेक्षण ,२०७१ ।**

तालिका ५.७ मा समूहबाट परिचालन गरेको आर्थिक सहयोगको बारेमा उल्लेख गरिएको छ। विना धितो ऋण  पाएको छ भन्ने उत्तरदाताहरू ३३.६५ प्रतिशत, ऋण खोज्न भौतारिनु परेको छैन, सस्तो व्याजमा ऋण पाइएको छ  भन्ने उत्तरदाताहरू १९.२३ र श्रीमान् सँग भर पर्नुपरेको छैन भन्ने उत्तरदाताहरू ८.६५ प्रतिशत रहेको पाइयो ।

यसबाट के थाहा पाउन सकिन्छ भने महिलाहरू केही मात्रामा  भए पनि आफूमा नै निर्भर हुदै आएको पाइन्छ। आफू नै लागेको  समूहबाट विना धितो सस्तो व्याजमा ऋण पाए पछि उनीहरूले चाहेको व्यवसाय गर्न पनि उनीहरू पछि परेका छैनन्। यति मात्र नभएर

आफ्नै श्रीमान्सँग पनि स-साना कुरामा भर पर्नु परनिर्भरता कम भएको पाइन्छ। यो आत्मनिर्भर भएर बाँच्ने पहिलो सिकाइ हो ।

## ४.८ सामाजिक कार्यहरू

यस समूहले आफ्नो समूहमा मात्र सीमित क्रियाकलाप गरेका छैन कि यसले धेरै समाजिक कार्यहरू गरेका छन् । यस समूहको पहलबाट महालिङ्गेश्वर शिव मन्दिर को निर्माण, खानेपानीको  ट्याङ्की मर्मत साथै समाजलाई सफा र स्वच्छ रान्ख्नको लागि जथाभावी दिसा पिसाब गर्न दिएको छैन र चर्पी बनाउन प्रोत्साहन गर्दै योजना पार्ने काम गरेका छन् । हरेक महिना खानेपानीको मुहान परिपरी, बाटोघाँटो र मन्दिर आदिमा सफा गर्दे आएको पनि पाइयो । यति मात्र नभएर समाजमा तास, जुवा खेलेर रक्सी खाएर समाजलाई नै दुर्गन्धीत बनाउने व्यक्तिहरूलाई पनि सल्लाह दिएर हुन्छ कि सजाय दिएर हुन्छ त्यस लतबाट छुटाउने कोशिस भइरहेको छ । स्वास्थ्य सम्वन्धी जनचेतना फैलाउने जस्ता कार्यहरू पनि गरिरहेको छ । यसबाट के पाउन सकिन्छ भने समूहमा आबद्ध महिलाहरू आर्थिक, सामाजिक कार्यका सार्थ चेतना मूलक कार्यमा पनि अगाडि रहेका र सामाजिक समस्याहरू समाधान गर्न पनि सक्षम भएका रहेछन् ।

## वैयत्तिक अध्ययन - १



म डोलमाया बस्याल, उमेर ३८ वर्ष यस नारीरत्न आमा समूहकी संस्थापक अध्यक्ष हुँ। मैले आफ्नो जन्मभूमी स्याङ्जा जिल्लाको केवँरे भन्ज्याङ्बाट एस.एल.सी. र वालिङ बहुमुखी क्याम्पसबाट आई ए पास गरेकी छु। म ३ छोरी र १ छोराकी आमा हुँ। मेरो विवाह २०४८ सालमा भएको थियो। आफूसंग सीप र ज्ञान भएर पनि सामाजिक परिवेशको कारण महिलाहरू खुम्चिएर बस्नु पर्ने बाध्यता छ भन्ने कुराको म आफू स्वयं उदाहरण हुँ। मेरो सुरुमा लगातार तीन छोरी भएकाले परिवार र समाजले म प्रति गर्ने व्यवहार त्यती राम्रो थिएन। अनावश्यक रूपमा अपमानित भएर बस्नु पर्थ्यो। समाजको त कुरा धेरै परको भयो, मेरो कुरा सही भए पनि आफ्नै परिवारमा समेत लागू हुँदैनथ्यो। कुनै पनि छलफल र निर्णयमा सहभागी गराइदैनथ्यो। तर मेरो चौथो सन्तान छोरा भएपछि म प्रतिको व्यवहार विस्तारै परिवर्तन भयो। जब आमा समूहको स्थापना गर्ने कुराको छलफल हुन थाल्यो मलाई निकै उत्साह दिन थाल्यो। अलिअलि फेरिएको व्यवहारको फाइदा उठाउँदै मैले आमा समूहको स्थापनामा विशेष जोड दिन थालें र समय खर्चिन थालें।

२०५८ सालमा नारीरत्न आमा समूहको स्थापना भएपछि संस्थापक अध्यक्ष भई काम गर्न लागेपछी मेरो जीवनमा परिवर्तन आएको छ। सुरुको अवस्थादेखि म निरन्तर रूपमा समूहमा जुट्दै आएकी छु। सुरु सुरुमा अलिक गाह्रो भएको थियो। हातमा पैसा पनि नभएको र समाजमा पनि आफ्नो क्षमता प्रस्तुत गर्न नपाइसकेको अवस्थामा समूहमा रहेर काम गर्दा सामाजिक र आर्थिक रुपमा धेरै सङ्घर्ष गर्नु परेको थियो। परिवारका सदस्यबाट पनि काम गर्नको दुखले गाउँ डुल्न थाली भन्ने जस्ता आरोप पनि खेप्नु पर्‍यो। गाउँका महिलाहरूलाई

समूहमा आबद्ध गर्न पनि सुरुमा ठूलो सङ्घर्ष गर्नु परेको थियो । तर पनि साहस बटुल्दै म निरन्तर रूपमा समूहमा क्रियाशील रहेँ । यसमा केही साथीहरूको मिहिनेत धेरै छ ।

अहिले धेरै राम्रो भएको छ । आफ्नो आधारभूत आवश्यकता परिपूर्तिका लागि सक्षम भएकोमा म मात्र होइन समूहका लगभग सबै साथीहरू परनिर्भर हुन नपरेकोमा दङ्ग छन् । ऋण खोज्नका लागि समाजमा साहु महाजनकोमा गुहार्नु नपरेको र चर्को व्याजमा ऋण लिन नपरेको उनी वताउँछिन् । समूहबाट तालिम लिएपछि दैनिक क्रियाकलापमा पनि सजिलो भएको । नारी रत्न आमा समूह समाजका महिलाहरूलाई सामाजिक र आर्थिक रुपमा सशक्त बनाउनमा सफल भएको छ । समूहबाट तालिम लिएपछि हामी सबैलाई दैनिक क्रियाकलापमा पनि धेरै सजिलो भएको । समाजमा मेरो काम र अनुभवका कारण अहिले परिवारका सदस्यहरूले र समाजले म प्रति गर्ने व्यवहारमा पनि परिवर्तन आएको छ । अहिले व्यवसायिक तरकारी खेतीलाई मैले आय आर्जनको माध्यम बनाएको छु । जुनसुकै कामलाई निरन्तरता दिन सके अवश्य सफल भइन्छ र विरोध गरेर भन्दा विकास गरेर जित्न सकिने भन्ने पाठ मैले आफ्नै अनुभवबाट सिकेको छु । अव समूहमा निरन्तर आवद्ध भई अरु सदस्यहरूलाई प्रेरणा, हौसला र सहयोग दिइरहनेछु ।

यस संस्थामा आबद्धहुनु भन्दा अगाडी सामाजिक , आर्थिक क्षेत्रमा उनको जिवन दयनिय अवस्थामा रहेको र संस्थामा आबद्ध भइसकेपछि उनी सामाजिक र आर्थिक क्षेत्रमा परिवर्तन आएको र सन्तुष्ट भएको पाइयो ।

# अध्याय पाँच

# महिलाहरूको सशक्तीकरणमा आमा समूहका गतिविधिहरूको विश्लेषण

परम्परागत पितृसतात्मक सामाजिक समाजमा पुरातन समय देखि नै समाजमा विद्यमान सामाजिक विसंगति र  विकृतिहरूको अन्त गर्दै महिलाहरू माथि भएको दमन उत्पीडनलाई समाप्त पारी उनीहरूको सामाजिक आर्थिक एवम् शैक्षिक स्तर माथि पुऱ्याउदै जाने लक्ष्य र उद्देश्यका साथ यस आमा समूहको स्थापना भएको पाइन्छ। यसका अतिरिक्त यो आमा समूह आफ्नो गतिविधिहरू मार्फत समाजमा विद्यमान पुरुषवादी हैकम समाप्त पार्नका लागि महिलाहरूलाई जागृत पार्न र पुरुषहरूलाई समयानुकुल सुधारका साथै समाज उत्थानमा महिलाहरूको सशक्त भूमिका हुन्छ भन्ने कुराको अनुभूति दिलाउन समेत सफल भएको पाइन्छ। यसका विकुतिहरूको अन्त्यका साथै विभिन्न निर्माण प्रक्रियाहरूमा समेत सहभागी भएको पाइन्छ। आमा समूहका गतिविधिहरूले उनीहरूको समाज सुधार र महिला सशक्तीकरणमा पारेको प्रभाव लाई निम्न अनुसार व्याख्या गरिन्छ।

## ५.१ आमा समूहका गतिविधिहरुको विश्लेषण

परम्परागत हिन्दु परिवेशमा आधारित समाजमा वर्तमानमा आमा समूहका गतिविधिहरूले समाजमा उल्लेखनीय परिवर्तन गरेको पाइन्छ। यस अध्ययनमा महिलाहरूले गरेका क्रियाकलापहरु सरसफाई अभियान , जनचेतनाको कार्यक्रमहरु पनि गरेको पाइन्छ । आमा समूहका गतिविधहरुबाट समाजमा सुधारको रूपमा देखिएका परिवर्तनहरूलाई निम्न अनुसार सूचिकृत गर्न सकिन्छ।

### ५.१.१ समाजमा विद्यमान विकृतिहरूको अन्त्य

बढ्दो जनसङ्ख्या वृद्धि र बजारीकरणको परिवेश तर्फ अग्रसर तत्कालिन समाजमा देखिएका विभिन्न खालका समाजिक विकृतिहरूको निराकरणका लागि विगत लामो समयदेखि महिलाहरूले यस क्षेत्रका सम्पूर्ण भेगहरूलाई समेटेर काम गरिरहेको आमा समूहमा आबद्ध भइ खटिरहँदा पनि सुरुमा समाजमा रहेका विकृतिहरूको अन्त्य हुन सकेको थिएन। समय परिवेश लाई  मध्यनजर गर्दै कार्य क्षेत्र घटाएर यो समूहले आफ्नो क्षेत्रलाई मात्रै मध्यनजर

गरी स्थापना भएको नारी रत्न आमा समूहले यो क्षेत्रको कार्यमा उल्लेख योगदान पुऱ्याउन सफल भएको पाइन्छ। समूहकी संस्थापक अध्यक्ष डोलमाया वस्यालका अनुसार गाउँमा अनिश्चित रूपमा रहेको जुवातास रक्सीको वेचविखन सेवन र यसका कारण समाजमा अनावश्यक रूपमा हुने होहल्ला झैझगडाहरू हुने गर्दथे ।

यो आमा समूहले आफ्ना गतिविधिहरूलाई यही अवस्थाबाट नियन्त्रण गर्न शुरु गऱ्यो । समूहले समाजमा विद्यमान यस्ता विकृतिहरू रोक्नका लागि स्थानीय नेता, समाजसेवी, क्लबको सहयोगमा अग्रसर भएर यस गाउँमा भित्राएका रक्सीका भाँडाहरू फुटाउने, रक्सी पोखिदिने गरी समाजमा रक्सी विरोधी अभियानमा शानित ऱ्याली गरेर सबैलाई सहभागी गऱ्याउन गोष्ठि आदिको सञ्चालन गर्ने अठोट गरेर पटक -पटक रक्सी सेवन गर्ने र जुवातास खेल्नेलाई स्थानीय नेता, समाजसेवीहरू , क्लबका सदस्यहरूको साथसाथै प्रशासनको समेत सहयोगमा कारवाही गराउने अभियान थालियो । यस गाउँको वडा नं.४ मा रहेका मगर समूदायमा रक्सी पार्न बन्देज गराए त्यस्तै पाल्पा जिल्लाबाट भित्राउने रक्सी समेत मालुङ्गा ६ अर्न्तगत पर्ने राम्दी चौकीको सहयोगमा रोक्न प्रयास गरियो। पूर्णरूपमा सफलता गर्न नसके पनि केही हदसम्म सफलता प्राप्त भयो। यदाकदा लुकीछिपी रक्सी सेवन गर्ने घटनाहरू देखिएता पनि खुल्ला विक्री सेवनमा कमी आएका पाइन्छ।

यसै गरि समाजमा विद्यमान जुवातासको प्रथा लाई समेत यो आमा समूहले अन्त्य गऱ्याउन सफल भयो। यसले गर्दा गाउँका पुरुषमहरू एकातिर नियमित जुवातासको धन्दा बाट मुक्त भएभने अर्को तिर उनीहरू सामाजिक निर्माणका साथै अर्थोपार्जनका काममा आफ्नो समय लगाउन थाली आर्थिक स्तरमा समेत सुधार भएको महसुस गर्न थाले।

यसका अतिरिक्त समाजमा जतातत‍ै फोहर गर्ने परिपाटीको हावी थियो त्यस्तै गरि खुल्लादिशा पिशाव को प्रभाव सहजै थाहा पाउन सक्ने अवस्था थियो। यो आमा समूहले समूहगत रूपमा मिलेर काम गर्दै प्रत्येक घरमा आधुनिक शौचालय निर्माण कार्यलाई अभियानको रूपमा चलाए र यो काममा आमा समूहलाई स्थानिय गा.वि.स. ले समेत सघाएको पाइन्छ। चर्पी निर्माण पछि यस गाउँलाई खुल्ला दिशा पिशाव मुक्त क्षेत्रको रूपमा घोषणा गरिएको छ भन्ने जानकारी अध्यक्षले दिनुभयो।

### ५.१.२ सामाजिक पूवार्धार निर्माण कार्यमा संलग्नता

२०५८ सालमा स्थापित यो आमा समूहले छोटो समयमा नै सामाजिक रूपमा समाजमा रहेका विभिन्न खालका विकृतिहरूको अन्त्य गर्न सफल भै उत्साहित भएका महिलाहरू आफ्नो समाजमा विभिन्न कार्यहरूमा एकबद्ध भएर जुट्ने निर्णय मा पुगे। सामाजिक निर्माणमा जुट्नको लागि पनि आर्थिक पक्षको महत्वपूर्ण भूमिका रहने भएकाले उनीहरू अर्थ सङ्कलन कसरी गर्न सकिन्छ भन्ने अभियान तर्फ लाग्न थाले। आफूले मासिक रूपमा सङ्कलन गरेको बचतबाट गरिएको ऋण लगानीको व्याजलाई उनीहरूले समाज निर्माणमा लगाउने निर्णय गरे तर यो रकम पनि ज्यादै न्यून थियो।

त्यसैले उनीहरूले गाउँमा विभिन्न सामाजिक कामहरू जस्तै ब्रतवन्ध, विवाह, चन्दा , समूहमा आबद्ध रहेका घरपरिवारमा विदेशबाट केही आएमा नाँच गान गरेर, देउसी भैलो गरेर साथसाथै गा.वि.स., समाजसेवी आदिवाट आर्थिक सहयोग प्राप्त गर्न पनि सामूहिक रुपमा नै लागेर अर्थ सङ्कलन गर्न थाले। जसको फलस्वरुप उनीहरू आर्थिक रूपमा केही सबल हुन पुगे र विभिन्न निर्माण कार्यहरूमा सहभागी भए। उनीहरूलाई थप कार्यमा गाउँका पुरुषहरूले समेत सघाएपछि थप सजिलो भयो। यो कारणले उनीहरूसँग शक्तिको समेत खाँचो भएन। यसरी आफ्नो आर्थिक रूपमा लगानी गर्दै व्यापक रूपमा जनशक्तिको परिचालन गरी उनीहरूले सामाजिक निर्माण कार्यमा जुटे। उनीहरूमा समाजमा गरेका केही विकास निर्माण गतिविधिहरूलाई तलको तालिकामा देखाइन्छ।

**तालिका ५.१ : आर्थिक लगानीमा सम्पन्न निर्माणहरू**

| कार्य | खर्च रकम श्रमदान सहित |
|---|---|
| माहालिङ्गेश्वर धाम मन्दिर निर्माण वडा नं.३ शिवचोकमा | रु.७,००,०००/- |
| शिवचोक मै पानी टङकी मर्मत | रु. १५,०००/- |
| शिवचोक देखि अर्वौदी विश्वदेव बोर्डिङ्ग स्कूल सम्मको बाटो मर्मत | रु.५,०००/- |
| **जम्मा** | ७,२०,०००/- |


**स्रोत : स्थलगत सर्वेक्षण , २०७१।**

## ५.२ महिला सशक्तीकरणले पारेको प्रभाव

२१ औं शताव्दीमा आइपुग्दा अव महिलाहरूले पनि केहि गर्नुपर्दछ भन्ने भावनाको विकास सँग केही अगुवा महिलाहरूले आफ्नो समाजका महिलाहरूलाई सामाजिक रूपमा सवल , सक्षम र स्वाभिमानी बनाउनु पर्दछ भन्ने उद्देश्यका साथ स्थापना भएको आमा समूहले आफ्नो गतिविधि मार्फत समाजमा विभिन्न सुधारका कार्यहरू गर्नुका साथै महिलाहरू सशक्त बनाउने कामहरू समेत गरिरहेको छ। विशेष गरी महिला सशक्तीकरणको अभियानका रूपमा महिलाहरूको नेतृत्व विकास, सामाजिक एवम् घरायसी निर्णय प्रक्रियामा अग्रणी भूमिका , सामाजिक असमानता निर्मूल, व्याप्त अन्धविश्वास प्रतिको जागरुकता जस्ता विषयहरूमा यो आमा समूहले युगान्तकारी विकास गरेको छ। यसै परिप्रेक्षमा यो आमा समूहका विभिन्न गतिविधिहरू मार्फत महिला सशक्तीकरणमा परेका प्रभावलाई निम्न अनुसार सूचिवद्ध गर्न सकिन्छ।

### ५.२.१ नेतृत्व विकास र क्षमता अभिवृद्धि

परम्परागत हिन्दु समाजमा बाँधिएका महिलाहरू हिजो सम्म चुलोचौकोमा मात्र सिमित थिए। कुनै सभा समारोह सामाजिक राजनैतिक सङ्गठनहरूमा समेत सहभागी शुन्य थियो। स्वयम् महिलाहरू समेत यस्ता प्रक्रियाहरूमा सहभागी हुन नचाहने प्रवृति ले गर्दा पनि उनीहरू यो स्थितिको शिकार बनेका थिए। विशेष गरी सभा, समारोह र बैठक आदिमा महिलाहरू बोल्न लाज मान्ने, निरुत्साहित हुने जस्ता प्रवृतिहरू रहँदा रहदै पनि पछिल्लो समयमा आएर आमा समूहका बैठक र गतिविधिहरूमा निरन्तर रूपमा सहभागी हुँदै गर्दा महिलाहरूमा रहेका कमजोरीहरू हटेर गएको पाइन्छ। आमा समूहका सदस्यहरूले आफ्ना नियमित बैठकहरूमा भाग लिएको अवस्थालाई चित्रमा देखाउन सकिन्छ।



**चित्र ५.२ : आमा समूहको नियमित बैठकमा उत्तरदाताहरू सहभागिता भए नभएको अवस्था**

प्राप्त तथ्याङ्क अनुसार आमा समूहका वैठकहरूमा ९५ सदस्यहरूले नियमित उपस्थित हुनु पर्छ भन्ने कुरा बुझेको गरेको र नियमित उपस्थित हुन्छु भन्ने गरेको पाइयो । ५ प्रतिशत सदस्यहरूले भैपरी आउने घरायसी कामकाजको कारण नियमित उपस्थित हुन नसक्ने कुरा बताएको पाइयो ।

## ५.२.२ नीति निर्माणमा सहभागिता

आमा समूहका नीतिनियमहरू निर्माण गर्ने क्रममा सरसल्लाह सुझाव दिने गर्नुहुन्छ कि हुदैन भनेर सोध्ने क्रममा उत्तरदाताहरू वाट आएको प्राप्त तथ्याङकलाई निम्न अनुसारको तालिकामा देखाउन सकिन्छ ।

**तालिका ५.२: आमा समूहको नीति निर्माणमा उत्तरदाताले सुझाव दिए नदिएको अवस्था**

| क.सं. | सुझाव दिए नदिएको | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | दिन्छु | ९५ | ९१.३५ |
| २. | दिन्न | ९ | ८.६५ |
| जम्मा | | | १००.०० प्रतिशत |

**स्रोत :स्थलगत सर्वेक्षण, २०७१ ।**

प्राप्त तथ्याङ्कलाई हेर्दा अधिकांश अर्थात ९१.३५ प्रतिशत महिलाहरू आमा समूहका नीति निर्माण कार्यहरूमा सहभागी हुने गरेको पाइयो भने वाँकी ८.६५ प्रतिशत महिलाहरू यो प्रक्रियामा चासो नदेखाएको पाइयो । निर्णय प्रक्रियामा नियमित रूपमा बैठकमा उपस्थिति भएका महिलाहरू सरिक भएको पाइन्छ भने अर्कोतिर उनीहरूको क्षमता अभिवृद्धि र नेतृत्व विकासमा समेत उल्लेखनिय योगदान पुऱ्याएको पाइन्छ ।

**तालिका ५.३ : नेतृत्व विकास र क्षमता अभिवृद्धि कार्यहरूमा उत्तरदाताहरूको सहभागिता**

| क.सं. | सहभागिता | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | छ | ९० | ८६.५४ |
| २. | छैन | १४ | १३.४६ |
| जम्मा | | १०४ | १००.०० प्रतिशत |

**स्रोत : स्थलगत सर्वेक्षण ,२०७१ ।**

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा ८६.५४ प्रतिशत उत्तरदाताहरू नेतृत्व विकास र क्षमता अभिवृद्धि कार्यहरूमा सहभागी हुने गरेको पाइयो भने १३.३६ प्रतिशत महिलाहरू सहभागी नहुने गरेको पाइयो । यसरी विश्लेषण गर्दा आमा समूहका गतिविधिहरूले सदस्य महिलाहरूमा नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्तो महत्पूर्ण पक्षको विकास गराएको पाइन्छ ।

## ५.२.३ घरेलु हिंसा तथा अन्य सामाजिक अन्याय हटाउने कार्यमा समूहको आवाज

समाजमा हुने हिंसा विशेषगरी महिलामाथी हुने घरेलु हिंसा तथा परम्परागत रुढीवादी अन्धविश्वासका कारण महिलाहरूमाथि हुने छोइछिटो (छुवाछुत) लगायतका सामाजिक अन्यायपूर्ण गतिविधिलाई अन्त्य गर्ने कार्यमा आमा समूह सफल भएको देखिन्छ । समाजमा हुने थिचोमिचो , अन्याय र अन्धविश्वास हटाउने क्रममा यो आमा समूहले अग्रणी भूमिका खेलेको पाइन्छ। यसै विषयमा समाजमा हुने थिचोमिचो र अन्यायको विषयमा उत्तरदाताहरूको धारणालाई तलको तालिकामा देखाउन सकिन्छ ।

**तालिका ५.४ : हिंसा तथा सामाजिक अन्याय विरुद्धको आवाजमा उत्तरदाताहरूको भूमिकाको विवरण**

| शिर्षक | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सक्रिय आवाज उठाउँछु | २९ | २७.८८ |
| सामान्य आवाज उठाउँछु | ६६ | ६३.४६ |
| वास्ता गर्दिनँ | ९ | ८.६५ |
| **जम्मा** | **१०४** | **१००.००** |

**स्रोत : स्थलगत सर्वेक्षण ,२०७१ ।**

प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा समाजमा हुने थिचोमिचो र अन्यायमा विरुद्धमा सक्रिय रूपमा आवाज उठाँउछु भन्नेमा २७.८८ प्रतिशत , समान्य आवाज उठाँउछु भन्ने मा ६३.४६ प्रतिशत र वास्ता गर्दिन भन्नेमा ८.६५ प्रतिशत भेटिए । यो तथ्याङ्क बाट के थाहा पाउन सकिन्छ भने उत्तरदाताहरू पनि क्रमशः समाजमा हुने थिचोमिचो र अन्यायको

विरुद्धमा अग्रसर हुदै आएको देखिन्छ । तुलनात्मक रूपमा सामन्य आवाज उठाउँछु भन्ने मा धेरै भएपनि महिला सशक्तीकरणको अभियान सफल भएको भनेर मान्न सकिन्छ ।

## ५.२.४ घरायसी र समाजिक निर्णय प्रक्रियामा उत्तरदाताहरूको भूमिका

पूर्णतया पुरुष प्रधान समाजमा कुनै पनि सामाजिक गतिविधिहरू र विकास निर्माणका कामहरूमा निर्णय गर्दा पुरुषकै हावी रहने गर्दथ्यो । महिलाको कुनै पनि भूमिका हुने थिएन । त्यस्तै सरकारी नियमा पूरा गर्न कोटा पुऱ्याउने बाहेक महिलाहरूलाई निर्णय प्रक्रियामा सरिक गराइदैनथ्यो । यसका अतिरिक्त घर परिवारमा पनि महिलाहरूलाई निर्णइ प्रक्रियामा सरिक नगराउने चलन विद्यमान थियो । पछि गएर महिलाहरू आमा समूहमा सङ्गठित भई आफ्ना कुराहरू राख्न सक्ने र हक अधिकार समेत खोज्न थाल्ने भइसकेपछि विभिन्न निर्णय प्रक्रियाहरूमा उनीहरूलाई सहभागी गराउन थालियो जसले गर्दा उनीहरूको सामाजिक हैसियत समेत उच्च हुन पुग्यो ।

यसरी घरायसी र सामाजिक निर्णय प्रक्रियामा सहभागी हुँदा यी महिलाहरूका आवाजलाई समाजले सुन्ने र कार्यन्वयन गर्ने गरेको समेत पाइएकाले पनि समाजमा महिलाहरूको स्थिति निकै सुधार भएको मान्न सकिन्छ । उनीहरूका कुरा समाजमा सुनिने अवस्थाको वारेमा प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा देखाउन सकिन्छ ।

**तालिका ५.५ घरायसी र सामाजिक निर्णय प्रकृयामा उत्तरदाताको भूमिकाको विवरण**

| कुरा सुनिने अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सुनिन्छ | ६१ | ५८.६५ |
| कहिलेकाँही सुनिन्छ | ३५ | ३३.६५ |
| सुनिदैन | ८ | ७.६९ |
| **जम्मा** | **१०४** | **१००.००** |

**स्रोत : स्थलगत सर्वेक्षण ,२०७१ ।**

प्राप्त तालिकालाई आधार मान्दा ५८.६५ प्रतिशत महिलाहरूलाई समाजमा आफ्ना कुराहरू सुनिन्छन्, ३३.६५ प्रतिशत महिलाहरूलाई कहिलेकाँही सुनिन्छन् र बाँकी ७.६९ प्रतिशत महिलालाई आफ्ना कुरा सुनिदैन भन्ने लाग्छ । यस तथ्यलाई आधार मान्दा करिब

९२.३० प्रतिशत महिलाहरू सामाजिक निर्णय प्रक्रियामा आफ्नो सहभागिता सकरात्मक भएको ठान्दछन् ।

### ५.२.५ सञ्चार माध्यममा पहुँच र चासो

विगतको समयमा महिलाहरूको सञ्चार माध्यम प्रति सहभागिता कम थियो । महिलाहरूको बोल्ने कला , देश विदेशको समसामयिक विषयहरूको बारेमा ज्ञान थिएन । निरन्तर रूपमा आमा समूहमा लागेपछि समूहका गतिविधिका साथै अन्य सामाजिक र विकास निर्माणका कामहरू समेत जुट्नु पर्दा समूहमा आबद्ध महिलाहरूको बोल्ने कला, देश विदेशका समसामयिक विषयहरूको बारेमा आफ्नो दखल बढ्न गयो । जसको कारण उनीहरू देश विदेशका समाचारहरुप्रति चासो राख्न थाले । गाउँमा विद्युतीकरण भई करिव सबै घर परिवारमा टेलिभिजन , पत्रपत्रिका र रेडियोको समेत सुविधा भएकोले सञ्चार माध्यम मार्फत प्रसारित समाचारहरूमा समेत रुचि राखेको पाइन्छ । समूहमा आवद्ध उत्तरदाताहरूले कुन-कुन सञ्चार माध्यम सुन्ने र हेर्ने गर्नुहुन्छ भन्ने धारणालाई निम्न अनुसार देखाउन सकिन्छ ।

**तालिका ५.६: संचार माध्यमको उत्तरदाताहरूद्वारा उपयोग सम्बन्धी विवरण**

| सञ्चार माध्यम | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| रेडियो एफ.एम सुन्ने | २१ | २०.१९ |
| टी. भी. हेर्ने | २६ | २५ |
| पत्रपत्रिका पढ्ने | ११ | १०.५८ |
| माथिका सबैं | ४० | ३८.४६ |
| कुनै पनि गर्दिनँ | ६ | ५.७६ |
| **जम्मा** | **१०४** | **१००.००** |

**स्रोत : स्थलगत सर्वेक्षण , २०७१ ।**

प्राप्त तथ्याङ्कको आधारमा २०.१९ प्रतिशत आमा समूहमा आवद्ध महिलाहरू रेडियो एफ.एम. सुन्ने , २५ प्रतिशत महिलाहरू टि.भी हेर्ने, १०.५८ प्रतिशत पत्रपत्रिका पढ्ने, ३८.७६ प्रतिशत ले रेडियो एफ.एम. सुन्ने, टि.भी. हेर्ने र पत्रपत्रिका पढ्ने सवै र ५.७६ प्रतिशत ले कुनै पनि गर्दिनँ अथवा सञ्चार का माध्यम मा वास्ता नै नगरेको पाइयो । यो

तथ्य बाट के प्रमाणित हुन्छ भने महिलाहरू पनि समाचारहरू हेर्ने र सुन्ने सन्दर्भमा उत्तरदाताहरू अग्रसर भएको देखियो ।

## वैयक्तिक अध्ययन -२



*मेरो नाम दुरपति सिंजाली मगर हो । मेरो उमेर ३६ वर्ष भयो । म यस नारी रत्न आमा समूहकी एक सक्रिय सदस्य हुँ । मैले यस गाउँको श्री सार्वजनिक उच्च मा.वि. बाट आठ कक्षा पास गरेकी छु । मेरो जन्मथलो र कर्मथलो दुवै यही गाउँ हो । मेरा ३ छोरा र १ छोरी छन् । मेरा श्रीमान् गाडी चलाउनु हुन्थ्यो । तर श्रीमान् बिरामी भएर काम छोडे पछि मलाई धेरै दुःख भयो । समूहमा आबद्ध हुनुभन्दा पहिला म दिनभर मेलापात र दाउरा बोकेर वेच्थेँ त्यसैबाट विहान बुलेकी घर चलाउथेँ । म २०६५ सालमा समूहमा आवद्ध भइसकेपछि मैनबत्ती र अगरवत्ती बनाउने तालिम लिएँ । यसबाट राम्रै आम्दानी भएको भयो । पछि फेरी समूहबाट ऋण लिएर कुखुरा पालन गर्न थालेँ । त्यस पछि मलाई भारी बोक्ने काम गर्नु परेन । मेरा चारै सन्तान स्कूल पढाउन सकेकी छु ।*

*पहिला पहिला मलाई आफन्तहरूको मा पनि जान मन लाग्दैनथ्यो अहिले म आफन्तहरू मात्र होइन गाउँको अरु साथीहरूलाई पनि सल्लाह दिने गर्छु । समूहमा आबद्ध भएपछि घर परिवार समाजमा इज्जत पनि बढेको छ ।*

## वैयक्तिक अध्ययन -३



*मालुङ्गा गा.वि.स. वर्डा नं. ३ मा वसोवास गर्दै आइरहेकी यवन्ती लामा नारी रत्न आमा समूहकी स्थापनाकाल देखि कै एक सक्रिय सदस्य हुन् । उनले ५ कक्षा सम्मको अध्ययन गरेकी छन् । उनको जन्मथलो र कर्मथलो दुवै यस गा.वि.स बनेको छ । यस गाउँमा बुहारीको रूपमा भित्रिएकी यवन्ती लामाको दिनचर्या गृहिणी मा सीमित थियो । जव उनी २०५८ सालमा नारी रत्न आमा समूहको स्थापना भयो तव उनी घरपरिवार, श्रीमान् र आफ्नै इच्छाको कारण यस समूहमा आबद्ध भइन् । सुरुमा घरमा मात्र सीमित यवन्ती समूहमा आबद्ध भइसकेपछि घर वाहिरको काम गर्न पनि सक्षम भएकी छिन् समूहमा आवद्ध भएपछि समाजमा हुने भेलाहरूमा समूहका सदस्यहरु बीचमा अन्तरक्रिया गर्न सक्षम भएको वताउँछिन । समूहमा आबद्ध यवन्तीले समूहबाट ऋण लिई व्यापार व्यवसाय गरेर घर खर्च चलाउन सजिलो भएको महसुस व्यक्त गर्दछिन् । उनले एक्लै भन्दा समूहमा आबद्ध भएर गरिएको कामले समस्याको समाधान गर्न सजिलो भएको बताउँछिन् । आफ्नो जीवनस्तरमा समेत सुधार आएको र बालबच्चा र घर खर्चको लागि अर्थोपाआर्जन गर्न सहयोग पुगेको बताउँछिन् । आफूमा क्षमता भए जे काम गर्न पनि सकिदो रहेछ । पुरुषमा मात्रै भर पर्नुपर्दो रहेछ भन्ने छैन । कुनै पनि काम निरन्तरता दिइरहे सफल भइने रहेछ भन्ने ज्ञान पाएकी छिन् । उनी अहिले काम गर्दे समूह सँग सन्तुष्ट छन् ।*

# अध्याय छ
# आमा समूहका कार्यहरूले समाजमा ल्याएको परिवर्तनको विश्लेषण

समूहगत सहभागीताले सहभागीहरूमा अथवा समूहहरूमा रचनात्मक र अन्य स्वाभाविक कार्यहरूको जन्म गराउँछ। जब मानिसहरू समूहमा आबद्ध हुन्छन्, नियमित भेटघाट, वचत र ऋणको लागि पनि समूहसँग सम्वन्ध हुन्छ। अन्य सदस्यहरू सँग चिनजान र परिचय हुने क्रममा महिलाहरू बीच सहकार्य र सशक्तीकरण  हुन्छ।

अध्ययन क्षेत्रमा रहेका गाउँका सम्पूर्ण महिलाहरू एउटै समूहमा आबद्ध रहेर संगठित रहँदा रहँदै पनि वडा नं. ३ का महिलाहरू पनि सहभागिता कम भएकाले त्यही क्षेत्रका महिलाहरू छुट्टै आमा समूहको स्थापना गरी आफ्ना वस्तीहरूमा सामाजिक विकृतिहरू बढेको गाउँका पुरुषहरूले महिलाहरूलाई हेर्ने दृष्टिकोण राम्रो नभएको, महिलाहरू स्यवम्को पनि चेतना स्तर पनि ज्यादै कम रहेको र सामाजिक र आर्थिक क्षेत्रमा समेत पुरुषहरूको हावी रहेकाले सामाीजक र आर्थिक सचेतना फैलाउनु पर्ने देखिएकोले गाउँमा छुट्टै आमा समूहको स्थापना भएको हो। यस अध्ययनमा गाउँका महिलाहरू समूहमा आबद्ध हुनु अगाडिको गाउँको सामाजिक र आर्थिक अवस्था र यसको स्थापना पछि देखिएका केही सकारात्मक परिवर्तनहरूको बारेमा चर्चा गरिन्छ।

## ६.१ आमा समूहको स्थापना हुनुभन्दा अगाडि समाजको अवस्था

यसको स्थापना हुनुभन्दा अगाडि समाजको अवस्था कस्तो थियो भन्ने वारेमा थाहा पाउनु आवश्यक हुन्छ। जुन यसको स्थापनाको प्रमुख जड थियो। यस आमा समूहको संस्थापक अध्यक्ष समेत रहनुभएकी एक मुख्य सूचनादाताको आधारमा समूह स्थापना हुनुभन्दा अगाडि सामाजिक र आर्थिक रुपमा महिलाहरूको अवस्था दयनीय थियो। विकास निर्माणको काममा र  घरायसी काममा महिलाहरूको नेतृत्व पनि कम थियो। त्यस्तै गरी गाउँमा जथाभावी रूपमा वेचिने र सेवन गरिने रक्सी र जुवातास जस्ता विकृतिहरूले समाज आक्रान्त थियो। नारी रत्न आमा समूहको स्थापना पछि समाजमा  विद्यमान रहेका विकृतिहरूमा विस्तारै परिवर्तन भएको पाइन्छ।

यति हुदाहुँदै पनि केही मगरहरूको वस्ती रहेकोले जातीय रूपमा आफूले सेवन गर्न पाउनुपर्ने साथै आफूहरूको विभिन्न पूजा आजा, काज क्रियामा समेत अनिवार्य भएकोले

विकृतिहरू भइरहेको थिए । निम्न आर्थिक स्थिति हुदाहुँदै पनि दिनभर काम छाडेर जुवातास खेल्ने तथा रातमा रक्सी सेवन गरी समाजमा होहल्ला गर्ने र श्रीमती कुट्ने जस्ता अमानवीय कार्यहरूमा समेत संलग्न हुन पुग्थे जसले गर्दा परिवारमा कलह बढ्न पुगेको थियो । परिवारमा आपसी बेमेल गराएको थियो भने अर्कोतिर सामाजिक रूपमा विकृतिहरू फैलिएको थियो । गाउँमा हुने झै-झगडा र कुटपिट जस्ता घटना पछि समाजका मानिसहरू समस्या समाधानको लागि छलफलमा जुट्थे । कैयौं प्रयासहरू झगडामा गएर टुङ्गिन्थे । यस्तो परिस्थितिमा महिलाहरू गाउँका पुरुषहरू बाट थकित थिए ।

गाउँका एकजना समाजसेवी मुख्य सूचनादाताको आधारमा समाजमा विभिन्न विकृति, अन्धविश्वास र कलहले ग्रस्त थियो । गाउँको विकास निर्माण काममा अन्य सामाजिक र आर्थिक कार्यहरूका लागि सभा सम्मेलन बैठक आदि गर्दा समेत यी क्षेत्रहरूबाट केही पुरुषहरूको मात्र सहभागिता हुने गर्दथ्यो भने महिलाहरूको सहभागिता प्राय शून्य हुने गर्दथ्यो । सहभागिता भयो भने पनि उनीहरूको बानी नपरेको कारणले समाजका अगाडि उभिन र वोल्न धक मान्ने गर्दथे जसले गर्दा विकास निर्माण र अन्य सामाजिक काममा महिलाहरूको कुनै भूमिका थिएन । उहाँका अनुसार महिलाहरू केही सामाजिक पर्वहरू जस्तै तीज, ऋषीपञ्चमी र रत्यौली आदि जस्ता अवसरहरूमा एक आपसमा खुलेर कुरा गर्ने गर्दथे ।

नारी रत्न आमा समूहकी वर्तमान अध्यक्षका अनुसार सरकारले तोके अनुसारका विभिन्न समितिहरूमा महिलाहरूको उपस्थिति गराउने गरिन्थ्यो तर यसमा पनि गाउँका केही अगुवा महिलाहरू मात्रै सहभागी हुन्थे । महिलाहरूको चेतनास्तर न्यून भएकाले पनि टोलमा जताततै फोहर, दिशा पिशाव ले दुर्गन्धित थियो । वाटोमा छेउहरू , चौर , पानी पधेरोको परिपरि फोहर अथवा दुर्गन्धित थियो । जस्ले गर्दा केही सचेत महिलाहरूले आफ्नो टोलको उल्लेख्य विकासका लागि छुट्टै आमा समूहको स्थापना गरी सामाजिक कामहरू गर्ने निर्णय गरे ।

## ६.२ आमा समूहको स्थापनाका कारणहरू र महिलाहरूको आकांक्षा

यो अध्ययनको अध्ययन क्षेत्र स्याङ्जा जिल्लाको मालुङ्गा गा.वि.स. को वडा नं. ३ का महिलाहरूको सामाजिक र आर्थिक अवस्था न्यून रहेको अध्ययनले पुष्टि गरेको छ । एकातिर समाजमा विभिन्न सामाजिक विकृतिहरू व्याप्त रहेको थियो भने अर्कोतिर ज्यादै ठूलो क्षेत्रलाई ओगटेर स्थापना भै काम गरिरहेको एक मात्र आमा समूह नारी जागरण आमा

समूहले महिलाहरूको स्तरवृद्धिमा खासै उल्लेखनीय काम गर्न नसकेकोले स्थानीय महिलाहरूले सानो क्षेत्र लिएर छुट्टै आमा समूहको स्थापना गरेको पाइन्छ । वि.स. २०५८ सालमा यो आमा समूहको स्थापना हुँदा गाउँका वस्तीहरूमा रहेका केही अगुवा महिलाहरूले अग्रसरता देखाएको भएता पनि अधिकांश हालका सदस्य महिलाहरू गाउँमा नै रहेको पाइन्छ । यो समूहको प्रावधान अनुसार गाउँमा रहेका सम्पूर्ण विवाहित तथा थोरै सङ्ख्यामा आविवाहित महिलाहरू यो समूहको सदस्य रहेका छन् । यस सम्वन्धी अध्ययनलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ।

**तालिका ६.१ : उत्तरदाताहरू स्थापनादेखि नै यसमा आवद्ध भए नभएको अवस्था**

| भए नभएको | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| थिएँ | ९४ | ९०.३८ |
| थिइनँ | १० | ९.६२ |
| **जम्मा** | **१०४** | **१००.००** |


**स्रोत : स्थलगत सर्वेक्षण ,२०७१ ।**

यो तालिका हेर्दा आमा समूहको स्थापना हुँदा गाउँमा रहेका सम्पूर्ण विवाहित महिलाहरू अर्थात ९०.३८ प्रतिशत महिलाहरू आमा समूहको सदस्य भएको र बाँकी ९.६२ प्रतिशत महिलाहरू जसको विवाह भएर गाउँमा आइसकेका थिएनन् । उनीहरू यो समूहको सदस्य नरहेको पाइन्छ ।

विशेषत गाउँमा रहेका सामाजिक विकृतिहरूलाई हटाउनु आमा समूहको स्थापनाको प्रमुख कारण थियो जसले महिला सशक्तीकरणमा उल्लेख्य भूमिका खेल्न सक्दथ्यो । तापनि सम्पूर्ण महिलाहरूको चेतनाको स्तर एउटै नभएकाले र वुझाई फरक -फरक भएकोले पनि सम्पूर्ण महिलाहरू एउटै कारणले संगठित भएको पाइदैन । यस सम्वन्धमा स्थानीय महिलाहरू आमा समूहमा आबद्ध हुनुको कारणलाई चित्र ७.१ मा देखाइएको छ ।


प्राप्त तथ्याङ्कलाई हेर्दा विशेष गरी चेतनाको स्तर केही बढी भएका अगुवा महिलाहरू मध्येबाट ६० प्रतिशत महिलाहरू महिला सशक्तीरणको चाहनाले आमा समूहमा आबद्ध भएको, ३१ प्रतिशत अरु सहभागी भएको देखेर आफूलाई पनि आबद्ध हुन मन लागेको देखिन्छ । तथा १० प्रतिशत महिलाहरू आफ्नो परिवारका सदस्यहरूको आग्रहमा आमा

समूहको सदस्य भएको पाइन्छ भने २ प्रतिशत उत्तरदाताहरूले खास कारण बताउन नसकेको पाइयो ।




**चित्र ६.१ : उत्तरदाता स्थापना देखि आमा समूहमा रहनुको कारण**

माथि उल्लेख भएजस्तै यो आमा समूहको स्थापना हुनुका लागि विभिन्न तत्वहरूले भूमिका खेलेको पाइन्छ तापनि यसको स्थापनाको प्रमुख कारणको रुपमा स्थानिय अगुवा महिलाहरूको अग्रसरतालाई नै लिन सकिन्छ । समाज सञ्चालनको लागि महिला र पुरुष एक सिक्काका दुइ पाटाको रुपमा लिन सकिन्छ जसको फलस्वरुप महिला सशक्तीकरणमा समेत पुरुषहरूको उल्लेखनिय योगदान रहेको पाइन्छ । यो आमा समूहको स्थापना र सक्रियतामा पनि गाउँका पुरुषहरूले प्रशस्त सहयोग गरेको देखिन्छ । यस सम्वन्धमा महिलाहरूको अलग-अलग धारणा रहेको छ तापनि स्थानीय पुरुषहरूले प्रदान गरेको हौसलालाई समेत यसको स्थापनाको एउटा कारणको रुपमा लिन सकिन्छ । यस बारेमा उत्तरदाताहरूको प्रतिक्रियालाई निम्न अनुसार चित्रमा देखाउन सकिन्छ ।




**चित्र ६.२ : आमा समूहको गठन गर्न पुरुषहरूले हौसला दिए नदिएको**

प्राप्त तथ्याङ्कलाई हेर्दा आमा समूहहको स्थापना हुनुमा ६५ प्रतिशत महिलाहरू पुरुषको हौसला लाई सकारात्मक ठान्दछन् भने ३५ प्रतिशत महिलाहरूले पुरुषहरूले हौसला नदिएको बताउँछन् । यसरी प्राप्त तथ्याङ्कले स्थानीय स्तरमा सामाजिक एवम् राजनैतिक रुपमा नेतृत्व प्रदान गरेका पुरुषहरूको सहयोग, सल्लाह र हौसलालाई समेत आमा समूहको स्थापना हुनुमा पनि प्रमुख कारण रहेको पाइन्छ ।

## ६.३. स्थानीय महिलाहरूको आर्थिक सुधारमा पारको प्रभाव

यो आमा समूहको स्थापना भएपछि स्थानीय स्तरमा गाउँका महिलाहरू सामाजिक कामका साथै आर्थिक रुपमा पनि केही सवल बन्न थालेको कुरा प्रष्ट देखिन्छ । विशेषत वालबच्चाको रेखदेख कृषि श्रम तथा घरायसी धन्दा जस्ता आर्थिक रूपमा नदेखिने कामहरूमा मात्र लागिरहने र फुर्सदको समयमा गाउँमा नै कृषि मजदुरको रूपमा खेतला जाने तथा उक्त आम्दानीले आफ्नो गुजरा समेत टार्न नसकेका महिलाहरू गाउँमा सानातिना व्यवसाय वाख्रापालन, तरकारी खेती  आदिमा संलग्न रही केही अर्थोपार्जनका कामहरूसमेत थालेको पाइन्छ । यसरी प्राप्त आम्दानी मध्ये केही रकम नियमित रूपमा वचत गरी त्यही मध्येको रकमबाट पालैपालो ऋण सापटी लिएर पुँजी वृद्धि गरी आय आर्जनमा थप भूमिका खेलेको पाइन्छ जसले गर्दा महिलाहरूमा वचत गर्ने बानी वस्नुको साथै थप पुँजी सञ्चालन गर्ने हौसला समेत बढेको पाइन्छ ।

गाउँका सवै महिलाहरू कुनै न कुनै रूपमा बचत सङ्कलन कार्यमा संलग्न रहेको पाइन्छ । आफ्नो सुविधा र हैसियत अनुसार महिलाहरू केही रकम मासिक रूपमा बचत गरी परिचालन गरेको पाइन्छ जसलाई तालिकामा प्रष्ट पार्न सकिन्छ ।

**तालिका ६.२: उत्तरदाताहरूले समूहमा गर्ने मासिक बचत**

| मासिक बचत | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| रु. ५० सम्म | ७० | ६७.३१ |
| रु.१०० सम्म | ३४ | ३२.६९ |
| **जम्मा** | **१०४** | **१००.००** |

**स्रोत : स्थलगत सर्वेक्षण , २०७१ ।**

तालिका ६.२ लाई हेर्दा गाउँका ६७.३१ प्रतिशतले मासिक रु. ५० का दरले बचत सङ्कलन गरिरहेको पाइयो। ३२.६९ प्रतिशत उत्तरदाताहरूले मासिक रु. १०० बचत गरिरहेको पाइयो। यसरी मासिक रूपमा सङ्कलित रकम ऋण सापटीको रूपमा लगानी गर्दा एकातिर लगानीमा प्राप्त व्याजले समूहको आर्थिक स्तर बढाई सामाजिक काममा समेत सरिक हुने अवसर प्राप्त भयो। यस आमा समूहकी कोषाध्यक्षका अनुसार फरक-फरक रकम जम्मा गर्दा हिसाव गर्न असुविधा हुने भएकाले सबै सदस्यहरूबाट रु. १०० का दरले मासिक रकम सङ्कलन गर्न लागेको जानकारी प्राप्त भयो।

यसरी महिलाहरू बचत प्रति निकै प्रयत्नशिल रहेको कुरा प्रष्ट हुन्छ। आफूहरू बचत सङ्कलित बचत रकम केही महिलाहरूले समूहबाट ऋण लिई केही साना तिना व्यवसायहरू सञ्चालन गर्नका लागि प्रयोग गरेको पाइन्छ। मूख्यतया ऋण लिएका महिलाहरूले कृषी तथा वाख्रापालन व्यवसायमा लागेको पाइन्छ। यसरी गरेको व्यवसायबाट मासिक रूपमा आफ्नो बचत ऋणको किस्ता भुक्तानी तथा घर खर्च टार्नमा समेत उल्लेख्य भूमिका खेलेको पाइन्छ। यसरी व्यवसायमा लागेका महिलाहरू मासिक रूपमा व्यापार व्यवसाय र कृषिबाट हुने आम्दानीबाट व्याज तिर्न, अतिरिक्त बचत गर्न पुग्छ कि पुग्दैन भनेर सोधिएको जवाफमा उत्तरदाताहरूले दिएको जवाफ तालिका ७.३ मा देखाइएको छ।

**तालिका ६.३ : ऋण लिएर सञ्चालन गरेको कार्यबाट हुने मासिक आम्दानी**


| **मासिक आम्दानी** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| रु. ५०० सम्म | २० | ३७.०३ |
| रु.४,००० सम्म | २५ | ४६.३० |
| रु.५,००० सम्म | ९ | १६.६७ |
| **जम्मा** | **५४** | **१००.००** |

**स्रोत :स्थलगत सर्वेक्षण, २०७१।**

समूहमा आबद्ध सम्पूर्ण सदस्यहरूले मासिक रूपमा बचत सङ्कलन गर्ने भएता पनि सबैले समूहबाट ऋण लिएका छैनन्। आफ्नो आवश्यकता अनुसार केही व्यवसाय सञ्चालन गर्नका लागि ५१.९२ प्रतिशत महिलाहरूले ऋण लिएको पाइन्छ। तालिका अनुसार समूहबाट ऋण लिएर मासिक रु. ५००/- आम्दानी गर्ने र आर्थिक सशक्तीकरणको प्रक्रियालाई अगाडि

बढाउने उत्तरदाताको सङ्ख्या ३७.०३ प्रतिशत रहयो र सोही समूहबाट ऋण लिएर सञ्चालन गरेको कार्यबाट मासिक रु. ४,०००/- आम्दानी गर्ने महिलाको सङ्ख्या ४६.३० प्रतिशत रहयो भने समूहबाट ऋण लिई विभिन्न व्यवसाय सञ्चालन गरी मासिक रु. ६०००/- आम्दानी गर्ने महिलाको सङ्ख्या ज्यादै कम अर्थात् १६.६७ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा समूहबाट ऋण लिई व्यवसाय सञ्चालन गरेका महिलाहरू अर्थोपार्जनमा जुटी सानोतिनो आम्दानी गरी घरायसी खर्च टार्नुका साथै केटाकेटीको पढाइमा समेत खर्च गर्न सक्ने अवस्थामा पुगेको पाइन्छ ।

विशेष गरी महिलाहरू व्यवसायबाट आर्जित रकम आफ्ना सानातिना खर्च जस्तै चुरा, पोते आदिमा लगानी गर्ने , घर खर्च जस्तै चिनी, चिया आदिमा खर्च गर्ने र केटाकेटीको पढाइमा कापी, किताबको लागि समेत खर्च गर्ने गरेको पाइयो भने अर्कोतिर उनीहरू समूहबाट लिएको ऋणको साँवा ब्याज मासिक रूपमा भुक्तानी गर्ने गरेको र यो प्रक्रिया नियमित भएको कुरा समूहको कोषाध्यक्ष बताउनु हुन्छ। यसका अतिरिक्त उनीहरूमध्ये अधिकांश महिलाहरू केही रकम वचत गर्न समेत सक्षम रहेको पाइन्छ। उनीहरूको आम्दानीबाट भएको बचतलाई चित्र ७.३ मा देखाइएको छ ।





**चित्र ६.३ : आम्दानीलाई खर्च गरी बचत रहने नरहने अवस्था**

**स्रोतः स्थलगत सर्वेक्षण,२०७१ ।**

यसरी प्राप्त आँकडालाई विश्लेषण गर्दा समूहबाट ऋण लिएर व्यवसाय सञ्चालन गरेका ५४ जना महिलाहरूमध्ये २९ प्रतिशत महिलाहरू प्राप्त आयबाट बचत समेत गर्न

सक्ने अवस्थामा पुगेको पाइयो भने धेरै अर्थात् ७१ प्रतिशत महिलाहरू बचत गर्न नसकेको अवस्थामा पाइयो। यसरी बचत हुन नसकेका तापनि परिवार र समाजमा आफ्नो आर्थिक हैसियत निकै राम्रो हुन पुगी आर्थिक सवलीकरणमा यस्तो बचत सङ्कलन तथा ऋण परिचालन कार्यले निकै अग्रणी भूमिका खेलेको कुरा स्वयम् फाइदा लिन सकेका महिलाहरूको दिन चर्या र उनीहरूको भनाइबाट समेत प्रष्ट हुन्छ।

यसरी समूहबाट ऋण प्राप्त गरी आर्थिक सबलिकरणमा लाग्दो स्वयम् सदस्य महिलाको मात्र आर्थिक उन्नति हुन नपुगी उनको परिवार र समग्रमा समाजको समेत आर्थिक हैसियत उच्च हुन पुगेको कुरालाई नकार्न मिल्दैन। सुरुसुरुका दिनहरूमा परिवारका सदस्य खास गरी पुरुषबाट त्यति ठूलो सहयोग नपाएको भएता पनि वर्तमानमा आएर प्राप्त आम्दानीले आर्थिक हैसियत समेत उठाएकाले परिवारका सम्पूर्ण सदस्यहरूबाट व्यवसायिक काम अथवा समूहले गर्नुपर्ने अन्य कामहरूमा समेत सदस्य महिलाहरूलाई सहयोग पुऱ्याउने पाइन्छ। यस सम्बन्धमा परिवारका अन्य सदस्यहरूले आमा समूहका सदस्य महिलाहरूलाई सहयोग पऱ्याए नपुऱ्याएको सम्बन्धमा निम्न अनुसारको तथ्याङ्क प्राप्त हुन आउँछ।




**चित्र ६.४: परिवारका सदस्यले महिलालाई काममा सहयोग गरे नगरेको अवस्था**

यसरी प्राप्त तथ्याङ्कले के देखाउँछ भने समाजका करिव सम्पूर्ण सदस्यहरूका घरहरूमा अर्थात ९३ प्रतिशत सदस्यहरूको परिवारमा परिवारका अन्य सदस्यहरूबाट

महिलाहरूलाई हरेक क्रियाकलापमा सघाएको पाइन्छ भने ज्यादै न्यून जम्मा ७ प्रतिशत महिलाहरूको भने परिवारका सदस्यहरूले खासै नसघाएको अवस्था देखिन्छ। यसको आधारमा पनि समाजको विकास निकै तीव्र रुपमा अगाडि बढिरहेको र आर्थिक तथा सामाजिक सशक्तीकरणमा परिवारका हरेक सदस्यको महत्वपूर्ण भूमिका हुन्छ भन्ने चेतनाको विकास यो समाजमा भएको पाइन्छ।

### ६.३.१ स्थानीय महिलाहरूको शैक्षिक स्थिति

अशिक्षा, अन्धविश्वास र रुढीवादी संस्कारबाट व्यस्त रहेको समाज आमा समूहको स्थापना र कार्य प्रगतिको संगै अगाडि बढेको पाइन्छ। शिक्षा नै चेतनाको ज्योति हो भन्ने कुरालाई अंगिकार गर्दै यो आमा समूहले समाजमा महिलाहरूलाई विभिन्न प्रकारका तालिम, गोष्ठी, सेमिनार, वैठक, भेला आदीमा सहभागी हुनुको साथै अर्थोपार्जनमा सरिक भई केही रकम समेत आर्जन गर्न सक्ने आर्जन गर्ने अवस्थामा पुगेकोले छोराछोरीलाई मुख्यतया समान अवसर र समान शिक्षा दिनुपर्छ भन्ने कुरामा यहाँका महिलाहरू हाल आएर सचेत देखिएको पाइन्छ। छोरीलाई दिइने शिक्षाप्रति समाजका महिलाहरूको धारणा तालिका ७.४मा देखाइएको छ।

**तालिका ६.४: छोरीलाई दिइने शिक्षाप्रति उत्तरदाताहरूको धारणा**

| **उत्तरदाताको धारणा** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| दिनुपर्छ | १०१ | ९०.३८ |
| दिएपनि हुन्छ नदिए पनि हुन्छ | ३ | ९.६२ |
| दिनु पर्दैन | ० | ०.०० |
| **जम्मा** | १०४ | १००.०० प्रतिशत |

**स्रोत :स्थलगत सर्वेक्षण, २०७१।**

प्राप्त तथ्याङ्कलाई हेर्दा समूहमा आवद्ध रहेका करिब सम्पूर्ण महिलाहरू छोरीलाई उचित शिक्षा दिनुपर्छ भन्ने धारणा राखेको पाइन्छ भन्ने जम्मा २.८ प्रतिशत महिला छोरीलाई शिक्षा दिनु र नदिनुमा खासै फरक नपर्ने कुरा बताउँछन्। तर छोरीलाई शिक्षा दिनु पर्दैन भनेर कसैले पनि नभनेको भेटियो। यसले के प्रष्ट पार्दछ भने समाज नारी शिक्षाप्रति सचेत र उदार रहेको छ।

स्थानीय महिलाहरू छोरीको शिक्षाप्रति सचेत हुन थाले पछि छोरीहरू विद्यालय जाने सङ्ख्या त उल्लेखनीय रूपमा बढ्यो नै उनीहरूले शिक्षामा राम्रो प्रगति पनि हासिल गर्न

सफल भएका छन् । यसका लागि घर परिवारले उनीहरूलाई पढ्नका लागि उचित समय व्यवस्था समेत गरिदिएको पाइयो । यस सन्दर्भमा निम्न अनुसारको तथ्याङ्क प्राप्त भएको छ ।

**तालिका ६.५: छोराछोरीको शिक्षा प्रति अभिरुची देखाएको नदेखाएको**

| **समय दिए नदिएको अवस्था** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| पर्याप्त समय दिएको | ४० | ३८.४६ |
| समय नदिएको | ३ | २.८८ |
| छोराछोरीले आँफै समय मिलाएको | ६१ | ५८.६६ |
| **जम्मा** | १०४ | १००.०० |

**स्रोत :स्थलगत सर्वेक्षण, २०७१ ।**

यसरी प्राप्त तथ्याङ्कको आधारमा समूहका करिब ५९ प्रतिशत महिलाहरूले आफ्ना छोराछोरीहरूले पढ्नको लागि आफैँ समय मिलाएको, त्यस्तै करिब ३९ प्रतिशत महिलाहरूले आफूले पर्याप्त समय दिएको बताएको पाइयो भने केही थोरै महिलाहरूले पर्याप्त समय दिन नसकेको कुरा बताएको पाइयो । यसरी हेर्दा समूहमा आवद्ध महिलाहरू छोराछोरीलाई विद्यालय पठाएर मात्र पुग्दैन, घरमा पढ्ने वातावरण र पर्याप्त समय दिनुपर्छ भन्ने कुरामा सचेत रहेको र छोराछोरीलाई समान शिक्षाको अवसर दिएको पाइयो ।

कुनै पनि समाजको भविष्य हालका केटाकेटीहरूको शिक्षामा निर्भर हुन्छ । वर्तमानमा शिक्षाको अवसर प्राप्त गरेका केटाकेटीहरू भविष्यका शिक्षित र सक्षम नागरिक हुन पुग्दछन् । जुन कुराले समाजलाई सशक्त बनाएको छ । यो पक्षमा आमा समूहमा हुने संलग्नताले यहाँका निरक्षरताको कालो ओढार भित्र गुम्सी रहेका महिलाहरू आमा समूहको क्रियाशीलताको फलस्वरूप प्रौढ कक्षा सञ्चालन गरी प्रौढ साक्षरताको अभियानमा समेत जुटि रहेको पाइन्छ । बेला - बेलामा विभिन्न सङ्घ, सस्था र स्थानिय अगुवा कार्यकर्ताहरूको पहलमा सञ्चालन भएका प्रौढ कक्षाहरूमा गाउँका अन्य क्षेत्रका महिलाहरूको अतिरिक्त यहाँका महिलाहरू पनि संलग्न भएको तथ्य नकार्न मिल्दैन ।

यसरी सञ्चालन भएका प्रौढ कक्षाहरूमा सहभागी हुने महिलाहरू मध्ये अधिकांश स्वयम् सदस्य महिलाहरू नै रहेको देखिन्छ भने केही परिवारका अन्य सदस्यहरू समेत यो

कार्यक्रमबाट लाभान्वित भएको देखिन्छ । यस सम्वन्धी प्राप्त तथ्याङ्कलाई निम्न अनुसार तालिकामा देखाउन सकिन्छ ।

**तालिका ६.६ : प्रौढ कक्षामा परिवारबाट सहभागी भएको विवरण**


| सहभागी | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आफै | ७ | १८.९२ |
| परिवारका अन्य सदस्य | ३० | ८१.०८ |
| **जम्मा** | **३७** | **१००.०० प्रतिशत** |

**स्रोत : स्थलगत सर्वेक्षण , २०७१ ।**

प्रौढ कक्षामा सहभागी भएका ३७ परिवारका सदस्य महिलाहरू मध्ये १८.९२ प्रतिशत स्वयम् सदस्य महिलाहरू रहेको र बाँकी ८१.०८ प्रतिशत परिवारका अन्य सदस्यहरू रहेको जानकारी हुन्छ । यसले के देखाउँछ भने आमा समूहमा आवद्ध महिलाहरू स्वयम् प्रौढ शिक्षामा कम भएको देखाएतापनि यो समूहमा आबद्ध महिलाहरू पहिले नै साक्षर भएको र यी कक्षाहरूले साक्षरता बाहेक थप शिक्षा दिन नसक्ने भएकोले ६७ परिवारका महिलाहरू प्रौढ शिक्षा कक्षामा सहभागिता नभएको बुझिन्छ । यसरी महिला साक्षरतामा आमा समुहले पुऱ्याएको योगदानले स्थानीय समाजको शैक्षिक विकासमा निकै अग्रणी भूमिका खेलेको कुरा प्रष्ट हुन आउँछ ।

## ६.४ महिलालाई समाज र परिवारले हेर्ने दृष्टिकोणमा आएको परिवर्तन

अधिकांश नेपाली महिलाहरू घरभित्रको काममा मात्र सीमित रहेको पाइन्छ । थोरै मात्रमा आफ्नो क्षमताको प्रदर्शन गरी रोजगार वा सङ्घसंस्थामा आबद्ध भएको पाइन्छ । यस्तो परिस्थितिमा परम्परावादी नेपाली समाजले सामुदायिक विकासकोषमा आबद्ध हुने महिलाहरूलाई सुरुका वर्षहरूमा नकरात्मक दृष्टिकोणले हेरेको भए पनि वर्तमानमा उनीहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइन्छ ।




**चित्र नं.६.६ : महिलालाई समाज र परिवारले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको नआएको विवरण**

चित्र ६.६ बाट के थाहा पाउन सकिन्छ भने ९१ प्रतिशतमा महिलाहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको र ९ प्रतिशतमा परिवर्तन नआइसकेको अवस्था छ । निश्कर्षमा के भन्न सकिन्छ भने महिलाले पनि केही गर्न सकिने रहेछ भन्ने उदाहरण महिलाहरूबाट हुँदै गएको कारण पुरुष प्रधान समाजलाई पनि विश्वास दिलाउन सफल भएको पाइयो । यो महिला सशक्तीकरणको उदाहरणको रुपमा यसलाई लिन सकिन्छ ।

## ६.५ आमा समूहमा संलग्नता पछि समाजमा आफ्नो हैसियत

समाजमा कुनै कार्यक्रम संचालन गर्नु परेमा अथवा कुनै भौतिक पूर्वाधार निर्माण गर्ने कुरामा अथवा अन्य कुनै सामाजिक भेलामा महिलाहरूलाई सामेल गराउने र उनीहरूको धारणा, विचार र सल्लाह लिने चलन निकै कम हुने गर्दछ । तर समूहमा आवद्ध समाजमा महिलाहरूले आफ्नो सामाजिक हैसियतमा पाएको परिवर्तन निम्नानुसार रहेको पाइयो ।

**तालिका ६.७ : उत्तरदाताहरूको समाजिक हैसियतमा आएको परिवर्तन**

| सामाजिक हैसियतको अवस्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| जस्ताको तस्तै | २ | १.९२ |
| राम्रो हुँदै गएको | ८० | ७६.९२ |
| धेरै राम्रो भएको | २२ | २१.१६ |
| झनै बिग्रिएको | ० | ०.०० |
| **जम्मा** | **१०४** | **१००.००** |

**स्रोत :स्थलगत सर्वेक्षण, २०७१ ।**

तालिका ६.७ अनुसार आफ्नो हैसियत जस्ताको जस्तै रहेको महसुस गर्ने जम्मा २ प्रतिशत पनि नभएको, राम्रो हुँदै गएको महसुस गर्ने ७६.९२ रहेको र धेरै राम्रो भएको महसुस गर्ने २२ प्रतिशत भएको भेटियो। यसबाट के थाहा पाउन सकिन्छ भने समूहमा आबद्ध भइसकेपछि महिलाहरूको सक्रियतालाई समाजले उच्च मूल्यांकन गरेको छ र महिलहरूको सामाजिक हैसियतमा सकारात्मक परिवर्तन आएको छ।

## ६.६ सशक्तीकरणका लागि भएको परिवर्तन

समाजमा महिलाहरूको सम्मानजनक उपस्थिति रहनु, महिलाहरूले पुरुषहरू सरह आफ्नो बुद्धि विवेक प्रयोग गर्न पाउनु, महिलाहरू निरक्षरबाट साक्षरता तर्फ अग्रसर हुनु, आय मूलक सीपको विकास गरी आयश्रोत बृद्धि गर्नु आदिले महिलाहरू सशक्तीकरण तर्फ उन्मुख भएको जनाउँदछ। समूहमा आवद्ध महिलाहरूलाई समूह गठन भएपछि समाजमा महिला सशक्तीकरणका लागि कस्तो परिवर्तन भएको महसुस गर्नु भएको छ भन्ने प्रश्नको जवाफमा पाइएको उत्तर तालिका ७.८ अनुसार रहेको छ।

**तालिका ६.८ समूह गठन पछि महिलाहरूको सशक्तीकरणका लागि भएको परिवर्तन**

| शिर्षक | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला साक्षरताको अवसर | ७ | ६.७३ |
| स्वास्थ्य र सरसफाइमा वृद्धि | ८९ | ८५.५८ |
| सामाजिक विकृतिहरूको अन्त्य | ९६ | ९२.३१ |
| विकास निर्माणमा महिला सहभागिता | ९९ | ९५.१९ |
| नेतृत्वको विकास | २७ | २५.९६ |
| आय आर्जनमा विकास | ५७ | ५४.८१ |

**स्रोत :स्थलगत सर्वेक्षण, २०७१।**

तालिका ६.८ अनुसार धेरै साक्षर सदस्य भएको यस समूहमा आबद्ध महिलाहरू मध्ये निरक्षर रहेका ६.७३ प्रतिशत  महिलाहरूले समूहमा आवद्ध भएपश्चात् साक्षर हुने अवसर प्राप्त गरेको पाइयो। स्वास्थ्य र सरसफाइमा वृद्धि भएको भन्ने महिलाहरू ८५.५८ प्रतिशत, सामाजिक विकृतिहरूको अन्त्य भएको भन्ने महिलाहरू ९२.३१ प्रतिशत, विकास निर्माणमा महिला सहभागिता भएको भन्ने महिलाहरू ९५.१९ प्रतिशत, नेतृत्व विकास भएको भन्ने

महिलाहरू २५.९६ प्रतिशत र आय आर्जनमा विकास भएको भन्ने महिलाहरू ५४.८१ प्रतिशत भएको पाइयो ।

यसबाट के थाहा पाउन सकिन्छ भने महिलाहरू समूहमा आवद्ध भएपश्चात सामाजिक सशक्तीकरणमा उल्लेखनिय रूपमा अग्रसर भएको र सकारात्मक परिवर्तन भइ महिलाहरूको सामाजिक, आर्थिक स्तरमा उन्नति भएको पाइयो ।

विशेष गरी तत्कालिन समाजमा विद्यमान सामाजिक र आर्थिक सशक्तीकरणको उद्देश्य लिएर गाउँका अगुवा महिलाहरूको सक्रियता र केही पुरुषहरूको सहयोगमा नारीरत्न आमा समूहको स्थापना भएपछि सो स्थानमा रहेका महिलाहरूको सामाजिक, आर्थिक र शिक्षा एवं स्वास्थ्य सम्बन्धी चेतनाको स्तर अभिवृद्धि हुनुका साथै सामाजिक विकृतिहरूको समेत अन्त भएको देखिन्छ ।

## वैयक्तिक अध्ययन -४



*मालुङ्गा ३ वर्डा नं. ३ मा वस्ने ४७ वर्षिय भीमा वस्याल नारी रत्न आमा समूहकी सक्रिय सदस्य हुन् । उनको जन्मथलो जगत्रदेवी गा.वि.स. वर्डा नं. ७ अर्न्तगत वटुवा भन्ने गाउँमा भएको र वुहारीको रूपमा यस गा.वि.स.को वर्डा नं. ३ मा प्रवेश गरेको बताउँछिन् । तीन छोरा र १ छोरीकी आमा बनिसकेपछि ३४ वर्षकै उमेरमा आफ्नो जीवनसाथी गुमाउन पुगिन् । यसपछि उनले आर्थिक रूपमा धेरै संघर्ष भ्केलिन् । २०५८ सालमा नारी रत्न आमा समूहको स्थापना भएपछि समूहमा आबद्ध भएर काम गर्न थालेपछि भने उनीको जीवनमा केही परिवर्तन भएको बताउँछिन् । सुरुको दिनबाट समूहमा आबद्ध भएर लागिपरेकी छिन् । समाजमा एकल महिलालाई अन्य सदस्यलाई भन्दा भिन्न दृष्टिकोणले हेरिने हुँदा पनि गाह्रो भएको र समूहमा आबद्ध भएपछि वोल्न सक्ने खुबी भएकाले आफ्नो जीवनमा केही परिवर्तन आएको बताउँछिन् । समूहमा आवद्ध भएर समूहबाट केही रकम भ्किकी तरकारी खेती गरेर घर खर्च र छोराछोरीको शिक्षाका लागि केही राहत मिलेको बताउँछिन् । तरकारी खेतीबाट समूहको ऋण चुक्ता गरी आफ्नो घर खर्च चलाउन सकेकोमा उनी खुशी र समूहबाट सन्तुष्ट छिन् ।*

*यस संस्थामा आबद्धहुनु भन्दा अगाडी सामाजिक , आर्थिक क्षेत्रमा उनको जिवन दयनिय अवस्थामा रहेको र संस्थामा आबद्ध भइसकेपछि उनी सामाजिक र आर्थिक क्षेत्रमा परिवर्तन आएको र सन्तुष्ट भएको पाइयो ।*

## अध्याय सात

# सारांश निष्कर्ष र सुझाव

## ७.१ सारांश

महिलाहरूको सशक्तीकरणमा वर्तमानमा आमा समूहको पनि महत्वपूर्ण भूमिका रहेको पाइन्छ । २०५८ सालमा केही प्रमुख महिलाहरू र पुरुषहरूको सहयोगमा यो समूहको स्थापना भएको हो । छोटो समयमै यो समूहले महिलाहरू लाई सशक्त गराउन सफल भएको छ । यो अध्ययनका समस्याहरू निम्न रहेका छन् उनीहरूका महिला सशक्तीकरणमाम कस्तो प्रभाव पारेको छ ? सामाजिक आर्थिक अवस्था कस्तो छ ? कस्ता कस्ता कामहरू गरेका छन् ? महिलाहरूको गतिविधिले समाजमा कस्तो परिवर्तन ल्याएको छ । निम्न समस्याहरुको निराकरण गर्नका लागि यो अध्ययनमा निम्न उद्देश्यहरू रहेका छन् ।

- समाजमा महिलाको सामाजिक आर्थिक स्थिति पत्ता लगाउने ।
- सशक्तीकरणका लागि समूहले गरेका कामहरूको विश्लेषण र समाजमा महिलाहरूका गतिविधिले कस्तो परिवर्तन ल्याएको त्यसको पहिचान गर्ने ।

कुनै पनि विषयवस्तुको खोज अनुसन्धान गर्दा केही न केही महत्व अवस्य रहेका हुन्छन् । यो अध्ययनका महत्व सरकारी वा गैरसरकारी संस्थाहरू सामाजिक कार्यकर्ताहरूलाई भविष्यमा यस्तै विषयमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्तालाई सहयोग पुऱ्याउने छ । अध्ययन अनुसन्धान गर्ने क्रममा सीमा भित्र रहेर गर्नु पर्ने हुन्छ । सीमा भन्दा बाहिर गएर अनुसन्धान अर्थयुक्त नहुन सक्दछ त्यसैले यो अध्ययनमा पनि केही सिमाहरू रहेका छन् जुन निम्न छन् ।

- स्याङ्गजा जिल्लाको मालुङ्गा गा.वि.स. वडा नं. ३ मा स्थापित नारीरत्न आमा समूहमा आवद्ध रहेको छ ।
- समूहमा आवद्ध भएका महिलाहरूलाई सशक्तीकरण गर्नका लागि गरिएको सामाजिक आर्थिक परिवेश सीमित रहेको छ ।

समूहमा आबद्ध महिलाहरू बाट छलफल एवम् अन्तर्वाता लिई तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनमा वर्णनात्मक र अन्वेषणात्मक ढाँचा प्रयोग गरिएको छ । प्राथमिक र द्धितीय दुवै खालका तथ्याङ्कहरू उपयोग गरिएको छ । यस अध्ययनमा आवश्यक अनुसार गुणात्मक र सङ्ख्यात्मक दुवै किसिमका तथ्याङ्कहरू लिइएको छ ।

<u>यस अध्ययनका मुख्य प्राप्तिहरू</u> :

- यस अध्ययनमा कम र वढी उमेर समूहको भन्दा बीचको उमेर समूहको संख्या बढी रहेको पाइयो ।
- जातको आधारमा हेर्दा सबैभन्दा ब्राह्मण ५२.८८ प्रतिशत  अन्य जातिको तुलनामा लामा महिलाहरू कम अर्थात् ८.६५ प्रतिशत भएको पाइयो ।
- धर्मको आधारमा हेर्दा सबै हिन्दु धर्म मान्ने मात्रै रहेको पाइयो ।
- समूहमा आबद्ध उत्तरदाताहरूको पेशाको परिवेशलाई हेर्दा मुख्य पेशा खेतीपाती हुने उत्तरदाताहरु सबैभन्दा बढी ७३.०८ , नोकरी , व्यापार, ज्यालामजदुरको तुलनामा अन्य पेशा गर्ने ७.६९ प्रतिशत वा न्यून रहेको पाइयो ।
- संस्थामा आफै बचत गर्ने उत्तरदाताहरू ४८.०८ रहेको पाइयो भने श्रीमान्को भन्दा परिवारको अन्य सदस्यमा भर पर्ने उत्तरदाताहरु १८.२९ प्रतिशत रहेको पाइयो ।
- कुल उत्तरदाता मध्ये वार्षिक आम्दानी स्थितिलाई हेर्दा २६ देखि ५० हजार सम्म आम्दानी गर्ने सबैभन्दा बढी ४७.१२ प्रतिशत रहेको पाइयो भने १-१५ , १६-२५ को तुलनामा ५० भन्दा बढी वार्षिक आम्दानी गर्ने उत्तरदाताहरूको प्रतिशत सबैभन्दा कम १०.५८ प्रतिशत रहेको पाइयो ।
- समूहको प्रमुख आम्दानीको स्रोत नियमित बचत रहेको पाइयो । चन्दा संकलन र साँस्कृतिक कार्यक्रमबाट पनि रुपैया संकलन गरेको पाइयो ।
- शैक्षिक स्थितिको आधारमा हेर्दा पनि सबैभन्दा बढी ६-१० सम्म ५० प्रतिशत रहेको पाइयो भने सबै भन्दा कम +२ वा भन्दा माथि ४.८१ प्रतिशत रहेको पाइयो ।
- परिवारको संरचनाको अवस्था हेर्दा संयुक्त परिवारमा ६० प्रतिशत एकल परिवारमा ४० प्रतिशत रहेको पाइयो ।
- समूहबाट भएको आर्थिक सहयोगको आधारमा हेर्दा ऋण खोज्न भौतारिनु परेको छैन भन्नेमा सबै भन्दा धेरै उत्तरदाताहरू पाइयो जहाँ ३८.४६ प्रतिशत रहेको पाइयो भने विना धितो ऋण पाइएको छ , सस्तो व्याजमा ऋण पाइएको छ भन्ने भन्दा श्रीमान सँग भर पर्नुपरेको छैन् भन्ने उत्तरदाता कम भएको पाइयो ।

- समूहका नियमित बैठकमा सहभागिता हुने उत्तरदाताहरु बढी र सहभागी नहुने उत्तरदाताहरू कम भएको पाइयो ।
- समूहको नीति निर्माण सुझाव दिने उत्तरदाताहरु बढी पाइयो ।
- हिंसा तथा सामाजिक अन्याय विरुद्धको सक्रिय आवाज उठाउँछु , वास्ता गर्दिनँ भन्ने उत्तरदाताहरु भन्दा सामान्य आवाज उठाउँछु भन्नेमा धेरै प्रतिशत उत्तरदाता रहेको पाइयो ।
- उत्तरदाताहरू स्थापना देखि आमा समूहमा रहनुका कारणमा सशक्तीकरण चाहेर वा स्वेच्छाले भन्नेमा सबैभन्दा बढी ६० प्रतिशत रहेको पाइयो भन्ने साथिहरू सहभागी भएको देखेर , परिवारका सदस्यले भने भन्ने भन्दा अन्य कारण समूहमा रहनुको कारण बताउने २ प्रतिशत सबैभन्दा कम रहेको पाइयो ।
- समूहको गठन गर्न पुरुषले हौसला दिएको भन्ने उत्तरदाताहरु बढी रहेको पाइयो ।
- प्रौढ शिक्षाको सञ्चालन पछि महिलाहरुमा चेतनाको विकास भएको पाइयो । घरायसी क्रियाकलापमा अरु सँग भर नपरेको पाइयो ।
- समाज र परिवारले महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको पाइयो ।
- समूहको गठन पछि महिलाहरुको सशक्तीकरणको लागि भएको परिवर्तन हेर्दा विकास निर्माणमा महिला सहभागिता भन्नेमा सबैभन्दा बढी ९५.१९ प्रतिशत रहेको पाइयो भने महिला साक्षरताको अवसर भन्नेमा सबैभन्दा कम ६.७३ प्रतिशत रहेको पाइयो ।

### ७.२ निष्कर्ष

समाजको विकासको लागि महिला पुरुष दुवैको महत्वपूर्ण भूमिका रहेको हुन्छ । महिला र पुरुष एकै सिक्काका दुई पाटा हुन् । समाजको आर्थिक विकासको सामाजिक पक्षले महत्वपूर्ण भूमिका खेलेको हुन्छ भने सामाजिक विकासमा आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यी दुवै पक्षको अन्तरक्रिया द्वारा समाजको विकास हुन्छ । सामाजिक, सांस्कृतिक विकास क्रियाकलाप बाट व्यवहार अनुसार समाजको सामाजिक र आर्थिक विकासले गति लिएको हुन्छ । आर्थिक समाजशास्त्रमा उत्पादन प्रक्रियालाई समाजशास्त्रीय ढंगबाट व्याख्या गर्नुपर्दा समाजशास्त्रीय चलहरूले आर्थिक क्रियाकलापमा प्रभाव पार्दछ किनभने समाजको हरेक चरणमा वा ऐतिहासिक विकास आर्थिक पक्षमा आधारित हुन्छ । हरेक समाज समूह व्यवस्थापनमा सशक्तीकरणले प्रभाव पार्दछ । कुनै पनि विकास निर्माण

काम होस् या घरको काम होस् एक्लैले गर्न कठिन भएकोले आर्थिक संरचनामा परिवर्तन आउनसाथ सामाजिक व्यवस्थामा पनि परिवर्तन ल्याउँछ ।

मानव समाजमा आर्थिक क्रियाकलाप भएको परिवर्तनले सामाजिक परिवेशमा परिवर्तन ल्याउँछ। त्यसैले उत्पादन प्रणालीको विकास सँगै समाजको विकास हुन्छ। महिलाहरू परम्परागत मूल्य मान्यतामा पितृसत्तात्मक परिवेशका कारण आफूहरू कमजोर मान्ने र राज्य तथा विभिन्न सङ्घ संस्था दिएका सेवा सुविधा बाट पछाडि पर्नु, पुरुषप्रति निर्भर रहनु, घरपरिवारबाट नपाउनु जस्ता कारणले गर्दा सक्रिय रूपमा उपलव्ध सेवाहरूको प्रयोग गर्न सकिरहेका छैनन् जसबाट सरकार,राज्य तथा विभिन्न गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरूले सो सुविधाहरू बाट महिलाहरू लाई परिचित गराई लक्षित समूह बनाई उनीहरूलाई सेवा तथा सुविधा दिन सकेको खण्डमा महिला सशक्तीकरणमा
बृद्धि हुन्छ ।

समाजको विकासको लागि महिला पुरुष दुवैको महत्वपूर्ण भूमिका रहन्छ । महिला र पुरुषको सहकार्य भएमा विकास सम्भव हुन्छ। महिला र पुरुषको सहकार्य भएमा महिला सशक्तीकरणमा वृद्धि हुन्छ। अवसर पाएको खण्डमा महिला पनि पुरुष सरह काम गर्न सक्दछन् । सामाजिक र आर्थीक क्रियाकलाप गर्न सक्षमा हन्छन् ।

## ७.२ निष्कर्ष

समाजको विकासको लागि महिला पुरुष दुवैको महत्वपूर्ण भूमिका रहेको हुन्छ। महिला र पुरुष एकै सिक्काका दुई पाटा हुन् । समाजको आर्थिक विकासको सामाजिक पक्षले महत्वपूर्ण भूमिका खेलेको हुन्छ भने सामाजिक विकासमा आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यी दुवै पक्षको अन्तरक्रिया द्धारा समाजको विकास हुन्छ। सामाजिक, सांस्कृतिक विकास कियाकलाप बाट व्यवहार अनुसार समाजको सामाजिक र आर्थिक विकासले गति लिएको हुन्छ। आर्थिक समाजशास्त्रमा उत्पादन प्रक्रियालाई समाजशास्त्रिय ढंगबाट व्याख्या गर्नुपर्दा समाजशास्त्रिय चलहरूले आर्थिक क्रियाकलापमा प्रभाव पार्दछ किनभने समाजको हरेक चरणमा वा ऐतिहासिक विकास आर्थिक पक्षमा आधारित हुन्छ। हरेक समाज समूह व्यवस्थापनमा सशक्तीकरणले प्रभाव पार्दछ। कुनै पनि विकास निर्माण काम होस् या घरको काम होस् एक्लैले गर्न कठिन भएकोले आर्थिक संरचनामा परिवर्तन आउनसाथ सामाजिक व्यवस्थामा पनि परिवर्तन ल्याउँछ ।

मानव समाजमा आर्थिक कियाकलाप भएको परिवर्तनले सामाजिक परिवेशमा परिवर्तन ल्याउँछ। त्यसैले उत्पादन प्रणालिको विकास सँगै समाजको विकास हुन्छ। महिलाहरू परम्परागत मूल्य मान्यतामा पितृसत्तात्मक परिवेशका कारण आफूहरू कमजोर मान्ने र राज्य तथा विभिन्न सङ्घ संस्था दिएका सेवा सुविधा बाट पछाडि पर्नु, पुरुषप्रति निर्भर रहनु, घरपरिवारबाट नपाउनु जस्ता कारणले गर्दा सक्रिय रुपमा उपलव्ध सेवाहरूको प्रयोग गर्न सकिरहेका छैनन् जसबाट सरकार,राज्य तथा विभिन्न गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरूले सुख सुविधाहरू बाट महिलाहरू बाट पहिचान गरी लक्षित समूह बनाई उनीहरूलाई सेवा तथा सुविधा दिन सकेको खण्डमा महिला सशक्तीकरणमा
बृद्धि हुन्छ।

समाजको विकासको लागि महिला पुरुष दुवैको महत्वपूर्ण भूमिका रहन्छ। महिला र पुरुषको सहकार्य भएमा विकास सम्भव हुन्छ। महिला र पुरुषको सहकार्य भएमा महिला सशक्तीकरणमा वृद्धि हुन्छ। अवसर पाएको खण्डमा महिला पनि पुरुष सरह काम गर्न सक्दछन्। सामाजिक र आर्थीक क्रियाकलाप गर्न सक्षमा हन्छन्।

## ७.३ सुझाव

यस अध्ययनको आधारमा सामाजिक, आर्थिक सशक्तीकरण भिन्न भिन्न समस्या रहेका छन् महिलाहरूले लैङ्गिक विभेद सम्बन्धी विभिन्न समस्याहरू भोग्नुपरेको यथार्थता यो अध्ययन बाट प्राप्त भएको छ। यस अध्ययन क्षेत्रका महिलाहरूलाई सशक्त बनाउन सफलतापूर्वक समाजको निर्माणको लागि निम्न कुराहरूमा विचार गर्नुपर्ने देखिन्छ।

- परम्परागत मूल्य मान्यतामा अल्झेका महिलाहरूलाई सचेतनामूलक कार्यक्रम संचालन गरी सहभागी गराउनु पर्दछ।
- महिलाहरूलाई नीति निर्माण कायम गर्न सशक्तीकरण सम्वन्धमा सरकारी नीति निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

अझै सरकारी तथा गैरसरकारी सङ्घसंस्थाले सहयोग गरिदिए उनीहरू आफै आत्मसवबल बन्ने छन्।

**सन्दर्भ सामाग्रीहरू**


बाल्टीवाला, श्रीलथा, (१९९४), *वोमन्स इम्पावरमन्ट इन साउथ एसिया : कन्सेप्ट्स एण्ड प्राक्टिसेस,* दिल्ली : एफ ए ओ / एफ एफ एच सी

भासिन, कमला (२०००), *अन्डरस्टेन्डिङ जेन्डर,* नयाँ दिल्ली : काली फर वोमन

म्याक रिटर (१९९१), *दि प्रोसेस अफ इम्पावरमेन्ट रिसर्च गेट*

मोसर, क्यारोलिन एम.(१९९३), *जेन्डर प्लानिङ्ग एण्ड डेभलपमन्ट : थेउरी, प्राक्टिस एण्ड ट्रेनङ्गि,* लण्डन : राउटलिज

ढकाल, मिरा (२००८), *एजुकेटेड वोमेन इन गभर्नमन्ट इम्प्लायमन्ट : अ स्टडी अफ जेन्डर सिचुवेसन,* अनुसन्धानात्मक लेख, समाजशास्त्र/मानव विज्ञान विभाग, त्रि.वि.पृथ्वी नारायण क्याम्पस ।

अग्रवाल, मीना (१९९२), *वोमन पार्टीसिपेसन इन डिसिजन मेकिङ*

अर्याल, भोजेन्द्र (२०६२), *लैङ्गिक अध्ययन,* काठमाडौं : नेशनल बुक सेन्टर ।

अर्याल, भोजेन्द्र (२०६४), *आर्थिक विकासको समाजशास्त्र,* काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

अर्याल, (२०६२), *नेपाली समाज र संस्कृतिको विश्लेषण,* काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

आचार्य, बलराम (२०६०), *बनेपाली समाज र संस्कृतिको विश्लेषण,* काठमाडौं : स्टुडेन्ट बुक्स पब्लिसर्स एन्ड डिष्टिट्रयुटर्स ।

गिरी, सिलवाल (२००३), *आफ्नो लेख लिटरेसी,* एजुकेसन एन्ड वोमन्स इमपावरमेन्ट ।

चौलागाइ तिलकप्रसाद, पोखरेल नानिराज, सापकोटा केशवराज (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौं : न्यू हिरा बुक्स इन्टर प्राइजेज ।

ढकाल, मिरा (२००७), *सतौं गाउँमा आमा समूहले सामुदायिक विकासमा अर्थात् सशक्तीकरणमा पुऱ्याएको योगदान,* एम.ए. शोधपत्र, समाजशास्त्र/मानव शास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

दाहाल, कपिलमणि, (२०६६), *कास्की जिल्ला ढिकुर पोखरी गा.वि.स. ठूलाचौरको ब्राह्मण महिलाहरको सामाजिक तथा साम्पतिक अवस्था,* एम.ए. शोधपत्र, समाजशास्त्र/मानव शास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

दाहाल, पुण्यप्रसाद (२०५४), *नेपालमा आर्थिक व्यवस्था र योजना,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

नेपाल गुरुङ्ग (तमु महिला सङ्घ), (२०६७) : नेपाल गुरुङ्ग महिला सङ्घ काठमाडौं, नेपाल- (गुगल सर्च)

नेपालमा मानव विकास प्रतिवेदन (१९९८) युनाइटेड नेपाल डेभलपमेन्ट प्रोगम्राम पुलचोक, काठमाडौँ ।

पन्त, कमला (२०५७) *राजनीतिमा महिला,* बेइजिङ्ग कार्ययोजनाको पुनरावलोकन सम्बन्धी दस्तावेजको संगालो, महिला कानुन विकास मञ्च, काठमाडौं ।

पौडेल, तुलसीराम, (२०५८), *लैङ्गिक अध्ययनको रूप रेखा,* काठमाडौँ, निमा पुस्तक प्रकासन

बास्तोला, राधादेवी (२०६९), *फूलबारी आमा समूहमा आबद्ध महिलाहरुको घरेलु हिंसाको अवस्था र धारणा,* एम.ए. शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस, पोखरा ।

भट्टराई, सीता (२०६६), *सृजना महिला वचत तथा ऋण सहकारीले सहभागी महिलाहरूको सामाजिक र आर्थिक जीवनमा पारेको प्रभाव,* एम.ए. शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

भासिन, कमला (१९९३), *आखिर जेण्डर के हो त ?,* काठमाडौं : स्त्री शक्ति ।

मेघाडर्न भ्यालेन्टाइन, (२००५), *मोडनाइजिङ्ग ओपन जेन्डर एण्ड सोसिएल चेन्ज,* यू.एस.ए.लाइन साइनट पब्लिसर्स ।

शिक्षा तथा तालिम, लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना (२०६१)

श्रेष्ठ, लक्ष्मी (२०५९), *कास्कीको घान्द्रुक गाउँमा संरक्षण र विकास कार्यक्रममा आमा समूहको योगदान,* एम.ए. शोधपत्र, समाजशास्त्र/मानव शास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

## अनुसूची क

## महिला सशक्तीकरणमा आमा समूहको भूमिका

नारीरत्न आमा समूह, मालुङ्गा-३, स्याङ्जाको एक समाजशास्त्रीय अध्ययन

अनुसन्धानकर्ता : रीमा बस्याल, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

मिति : ......................

उत्तरदाता नं. ..................................................

### प्रश्नावली अनुसूची

१. उत्तरदाताको नाम थर : ....................................

२. उमेर : ........................................

३. जाति/जातीयताः ........................................

४. धर्म : ............................................

५. वैवाहिक स्थिति : क) विवाहित ख) अविवाहित ग) एकल घ) अन्य

६. शैक्षिक योग्यता : क) निरक्षर ख) १ - ५ ग) ६ - १० घ) एस.एल.सी.
ङ) +२ वा सो भन्दा माथि

७. मुख्य पेशा : क) खेतीपाती ख) नोकरी ग) व्यापार
घ)ज्याला मजदुरी ङ) अन्य : ..............................

८. सहायक पेशा : क) खेतीपाती ख) नोकरी ग) व्यापार
घ)ज्याला मजदुरी ङ) अन्य : ..............................

९. परिवारको प्रकार : क) संयुक्त ख) एकल

१०. परिवारको सदस्य संख्या : ........................

११.	पारिवारिक विवरण

| क्र.स. | नाम थर | उमेर/ लिङ्ग | उत्तरदातासँगको नाता | शिक्षा | पेशा |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

१२.	परिवारको औसत बार्षिक आम्दानी (हजारमा):

क) १ - १५	ख) १५ - २५	क) २५ - ५०	क) ५० भन्दा बढी

१३.	जमिनको स्वामित्व :

क) श्रीमान्को नाममा	ख) श्रीमतीको नाममा	ग) दुवैको नाममा	घ) अन्य ( .................)

# अनूसूची ख

## अन्तर्वार्ता

१. तपाइको समूहको नाम :

...........................................................................................

२. तपाइको समूह कहिले गठन भएको हो ?

२०.........साल

३. तपाइ यस समूहको स्थापना हुँदा देखी नै यही गाउँमा हुनुहुन्छ ?

क) थिएँ  ख) थिइन

४. के तपाई यस समूहमा स्थापना कालदेखि नै आवद्ध हुनुहुन्छ ?

क) थिएँ  ख) थिइनँ

५. यस संस्थामा कसको प्रेरणाले लाग्नुभएको हो ?

क) स्वेच्छाले  ख) साथी  ग) पारिवारिक सदस्य  घ) अन्य ...............................

६. संस्था स्थापना कालमा के गाउँका पुरुषहरूले महिलाहरुलाई संगठित गर्न प्रेरित गरेका थिए ?

क) थिए  ख) थिएनन्

७. थिए भने कसरी ?

.....................................................................................................................

८. यस संस्थाको स्थापना भएपछि यसका कुन कुन कार्यक्रमहरूमा तपाई सहभागि हुन भयो ?

क) सामाजिक समस्याको समाधान

ख) विकास निर्माणको काम

ग) जनचेतना अभिवृद्धि

घ) महिला साक्षरता कार्यक्रम

ङ) महिलाहरूको नेतृत्व विकास

च) महिलाहरूको आय आर्जनको काम

छ) वचन संकलन र लगानी

९. तपाइको समूहमा कति जना सदस्य हुनुहुन्छ ?

..................................

१०. तपाईको संस्थाले गर्ने सामूहिक वचत संकलन र ऋण लगानी कार्यक्रममा के तपाई सहभागी हुनुभएको छ ?

क) छु ख) छैन

११. मासिक कति वचत गर्नुहुन्छ ? ........................................

१२. के प्रयोजनको लागि वचत गर्नुभएको हो ?

क) अनिवार्य वचत भएको हुनाले

ख) भविष्यमा काम लाग्छ भनेर

ग) ऋण निकालेर प्रयोग गर्न पाइन्छ भनेर

घ) अन्य .............................................

१३. ऋण लिनका लागि हो भने तपाइले संस्थाबाट के का लागि ऋण लिनुभएको छ ?

क) घरायसी खर्चको लागि

ख) बालबच्चाको पढाइको लागि

ग) व्यापार व्यवसायको लागि

घ) वैदेशिक रोजगारको लागि

ङ) अन्य ...................................................

१४. व्यापार गर्नको लागि भए संस्थाबाट कति ऋण लिनु भएको छ ?

......................................................................

१५. कस्तो किसिमको व्यापार गर्नु भएको छ ?

क) किराना पसल

ख) कपडा पसल

ग) होटल

घ) पुस्तक पसल

ङ) व्यवसायिक कृषि

च) अन्य ...........................................................

१६. व्यवसायिक कृषिमा लगानी गर्नु भएको भए के मा लगानी गर्नु भएको छ ?

क) व्यवसायिक तरकारी खेती ख) व्यवसयिक कुखुरा पालन

ग) व्यवसायिक वाखा पालन घ) अन्य .....................................

१६. व्यापार अथा व्यवसायिक कृषिबाट हुने आम्दानीले घर खर्च गर्न, संस्थालाई ब्याज तिर्न र अतिरिक्त वचत गर्न पुग्छ कि पुग्दैन ?

क) पुग्छ ख) पुग्दैन

१७. उपरोक्त कार्यबाट महिनामा कति आम्दानी हुन्छ ?

.................................................................

१८ उपरोक्त कार्यमा तपाइको परिवारका सदस्यहरुले सहयोग गर्छन् कि गर्दैनन् ?

क) गर्छन्  ख) गर्दैनन्

१९. नगर्ने भए किन गर्दैनन् ?

.....................................................................

२०. तपाईलाई यस संस्थामार्फत आर्थिक रुपमा के कस्तो सहयोग पुगिरहेको छ ?

क)

.........................................................................................................
...................

ख)

.........................................................................................................
....................

२१. तपाइको समूहको आर्थिक विकासका लागि समूहबाट कस्ता कस्ता क्रियाकलापहरू अपनाइएका छन् ?

क) चन्दा संकलन

ख) नियमित वचत

ग) सांस्कृतिक कार्यक्रम

२२. माथिका प्रश्नमा उल्लेख भएका भन्दा बाहेक अन्य कुनै आर्थिक विकास सम्बन्धी क्रियाकलाप भए उल्लेख गर्नुहोस् ।

.......................................................................................

.......................................................................................

२३. तपाईलाई यस संस्थामा आवद्ध हुनुभन्दा अगाडी र भैसकेपछि परिवारले हेर्ने दृष्टिकोणमा परिवर्तन आएजस्तो लाग्छ कि लाग्दैन ?

क) लाग्छ  ख) लाग्दैन

२४. यदी लाग्छ भने कस्तो परिवर्तन आएको पाउनुभयो ?

.......................................................................................

२५. संस्थाले संचालन गरेको प्रौढ शिक्षा कार्यक्रममा तपाईले वा परिवारको अन्य सदस्यले भाग लिनुभएको थियो ?

क) थियो  ख) थिएन

२६. लिएको भए कसले लिएको थियो ?

क) आफैले  ख) परिवारका अन्य सदस्यले

२७. तपाई आफैले भाग लिनु भएको भए यसबाट के के फाइदा पाउनुभयो ?

क) सामान्य लेखपढ गर्न सक्छु ख) दैनिक हिसाब राख्न सक्छु

ग) किताब, पत्र पत्रिका पढ्न सक्छु घ) बालबालिकालाई सिकाउन सक्छु

ङ) अन्य.....................................

२८. समूहका नियमित बैठकहरू र भेलामा सहभागी हुने गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिनँ

२९. गर्ने भए, संस्थाका नीतिनियम, कार्यक्रम बनाउने कुरामा सरसल्लाह र सुझाव दिने गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

३०. नगर्ने भए किन दिने गर्नुहुन्न ?

क) केही थाहा नभएर ख) बोल्न लाज लागेर

ग) आफ्नो कुरा अरुले नसुन्ने भएर घ) अन्य ..............................

३१. समूहले बेलाबेलामा गर्ने गरेका सामाजिक र रचनात्मक कार्यक्रममा सहभागि हुने गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

३२. ती कार्यक्रममा सहभागि हुने भावना कसरी जाग्यो ?

क) महिलाहरूले पनि केही गर्नु पर्छ भनेर ख) आफूमा क्षमता छ भनेर

ग) अरुले कर गरेर घ) अन्य

.......................................

३३. संस्थाले दिने नेतृत्व विकास र क्षमता अभिवृद्धि कार्यक्रममा भाग लिनु भएको छ ?

क) छ ख) छैन

३४. छोरीलाई शिक्षा दिनुपर्छ भन्ने कुरामा हजुरको धारणा के छ ?

क) दिनुपर्छ ख) दिए पनि हुन्छ, नदिए पनि हुन्छ ग) दिनु पर्दैन

३५. घरमा आफ्नो छोरीलाई पर्याप्त पढ्ने समय दिनुहुन्छ ?

क) दिन्छु ख) दिन्नँ ग) आफै समय मिलाउछन्

३६. घरायसी कुराहरुको निर्णयमा तपाइको कस्तो भूमिका रहन्छ ?

क) सक्रिय सहभागिता ख) मध्यम सहभागिता ग) निष्क्रिय सहभागिता

३७. निष्क्रिय सहभागिता हुने भए किन ?

क) निर्णय गर्न सक्षम नभएकाले ख) श्रीमान्ले निर्णय गर्ने भएकाले

ग) आफ्ना कूरा लागू नहुने भएकाले घ) अन्य .......................................

३८. सामाजिक कुराहरूको निर्णय प्रक्रियामा तपाईको भूमिका कस्तो रहन्छ ?

क) निष्क्रिय  ख) मध्यम  ग) सक्रिय

३९. सामाजिक र घरायसी कुरामा तपाइको आवाज सुनिन्छ ?

क) सुनिन्छ  ख) कहिले काहीँ सुनिन्छ  ग) सुनिन्न

४०. सामाजिक र घरायसी कार्यको निर्णय प्रक्रियामा सहभागी हुने बानीको विकास कहिले देखि भएको हो ?

क) पहिल्यै बाट थियो  ख) आमा समूहमा आवद्ध भए पछि

४१. रेडियो सुन्ने, पत्र पत्रिका पढ्ने, टि.भी.आदि क्रियाकलापहरू मध्ये कुन कुन संचार माध्यम हेर्ने र सुन्ने गर्नु भएको छ ?

क) रेडियो सुन्ने  ख) टि.भि. हेर्ने  ग) पत्रपत्रिका पढ्ने  घ) माथिका सबै  ङ) कुनै पनि गर्दिनँ

४२. गर्ने भए किन ?

क) घटनाहरूको बारेमा जानकारी लिन  ख) समय बिताउन

ग) नयाँ कुरा जान्न  घ) अन्य ..................................

४३. यस्तो प्रवृत्तिको विकास पनि समूहमा आवद्ध भए पछि भएको त होइन ?

क) हो  ख) होइन, पहिल्यै देखि नै थियो ।

४४. समाजमा कहिले काहीँ हुने थिचो मिचो र अन्यायको विरोधमा आवाज उठाउनु हुन्छ कि हुँदैन ?

क) आवाज उठाउँछु  ख) त्यति वास्ता गर्दिन ग) हाम्रो आवाज कसले सुन्छ र ?

४५. आमा समूहले गर्ने गरेका गतिविधिहरूमा स्थानीय पुरुषहरुको सहयोग के कस्तो छ ?

क) सकारात्मक  ख) नकारात्मक

४६. यो समूहका गतिविधिहरू प्रति तपाईको धारणा कस्तो छ ?

क) सकारात्मक  ख) नकारात्मक

४७. तपाई यो समूहमा आबद्ध भइसकेपछि समाजमा आफ्नो हैसियत कस्तो भएको महशुस गर्नुभएको छ ?

क)जस्ताको तस्तै  ख) राम्रो हुँदै आएको  ग) धेरै राम्रो भएको

४८. तपाइको समूहद्वारा सञ्चालन गरेका क्रियाकलापहरूले समाजका मानिसहरूमा कस्तो प्रभाव पारेको छ ?

क) सकारात्मक  ख) नकारात्मक

४९. समाजले तपाईलाई त्यस संस्थामा लागिसकेपछि तपाईलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको छ वा छैन ?

क) आएको छ  ख) आएको छैन

५०. तपाइको समूहले समाजलाई फाइदा पुग्ने के कस्ता कार्यक्रमहरू गरेका छन् ?

क) ..............................................................

ख) ..............................................................

ग) ..............................................................

५१. तपाईको समूहको समिति गठन भए पछि समाजमा महिला सशक्तिकरणका लागि कस्तो परिवर्तन भएको महसुस गर्नु भएको छ ?

क) महिला साक्षरताको अवसर

ख) स्वास्थ्य र सरसफाईमा वृद्धि

ग) सामाजिक विकृतिहरूको अन्त्य

घ) विकास निर्माणमा महिला सहभागिता

ङ) नेतृत्वको विकास

च) आय आर्जनमा विकास

५२. भविष्यमा यस आमा समूहले अरु के गरोस् भन्ने चाहनुहुन्छ ?

..........................................................................................................
........

५३. अन्तमा तपाईको केही भन्नु पर्ने भए कृपया उल्लेख गर्नु होला ।

..........................................................................................................
.......

..........................................................................................................
.......

..........................................................................................................
.......

**तपाईको अमूल्य समय र महत्वपूर्ण जानकारीका लागि धन्यवाद ।**

## अनुसूची ग महिला सशक्तीकरणमा आमा समूहको भूमिका

नारीरत्न आमा समूह, मालुङ्गा-३, स्याङ्जाको एक समाजशास्त्रीय अध्ययन

अनुसन्धानकर्ता : रीमा बस्याल, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

## सामूहिक छलफलमा छलफल गरिएका प्रश्नावली

मिति : ......................

१. नाम : ..................................................

२. उमेर : ..................................................

३. शिक्षा : .............................................

४. पेशा : .............................................

५. संस्थाबाट आर्थिक स्तर माथि उठाउनको लागि के गरिरहेका छन् ?

.........................................................................................................................
.

६. यस संस्थामा आवद्ध भएका महिलाहरू आत्मनिर्भर बन्नु भएको छ ?

क) छन् ख) छैनन्

७. संस्थाबाट महिलाहरूको समाजिक स्तर उठाउन कस्ता किसिमका प्रयत्न भएका छन?

..........................................................................................................
......................

..........................................................................................................
......................

..........................................................................................................
......................

८. तपाइहरूले खास गरी के कामको लागि संस्थाबाट ऋण लिनुहुन्छ ?

..........................................................................................................
...

९. संस्थाबाट लिएको तालिमहरूबाट तपाईको पेशामा परिवर्तन आएको छ कि छैन ?

क) छ ख) छैन

१०. संस्थामा आब्द्ध भए पछि समाजले तपाईहरुलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ कि छैन ?

क) छ ख) छैन

११. संस्थामा आवद्ध भए पछि तपाईको लागि सबैभन्दा समस्याको विषय के बनेको छ ?

..........................................................................................

१२.	संस्थाबाट थप अपेक्षित क्रियाकलापहरू :

## अध्ययनका क्रममा लिइएका तस्विरहरु



आमा समूहद्वारा निर्मित मन्दिर



सामुहिक छलफल



पानी टंकी सफा गर्दै



अन्तर्वार्ता लिँदै गर्दा